
# रातो खबर

Ratokhabar weekly

साप्ताहिक


नेकपाको मुखपत्र जनक्रान्ति ३ प्रकाशित भएको छ। खोजी खोजी पढौं।


वर्ष ४, अङ्क ४९, पूर्णाङ्क १९५ | २०७६ जेठ २२ गते बुधबार | Wednesday, 5 June 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## नेकपा उपत्यका विशेष ब्युरोको खण्डन

काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टी उपत्यका विशेष ब्युरोले बुधबार प्रकाशित जनआस्था नामक साप्ताहिक पत्रिकाले 'यसरी बन्यो बम, यसरी बढ्यो दम' भन्ने शीर्षकमा छापेको समाचारको खण्डन गरेको छ । जनआस्थामा प्रकाशित समाचारको खण्डन गर्न बिहीबार जारी गरिएको विज्ञप्तिमा ब्युरोका इन्चार्ज प्रज्वलले भनेका छन्, 'यही जेठ १५ गते बुधबार प्रकाशित जनआस्थानामक साप्ताहिक पत्रिकाले यसरी बन्यो बम, यसरी बढ्यो दम भन्ने शीर्षकमा सशस्त्र ... बाँकी पृष्ठ ७ मा

## पदम राई पार्टी सदस्यसमेत नरहने गरी निष्कासित




**काठमाडौँ** : नेकपाका प्रवक्ता प्रकाण्डले निलम्बित पार्टी पोलिट्ब्युरो सदस्य पदम राईलाई सदस्यसमेत नरहने गरी पार्टीबाट निष्कासन गरिएको जानकारी दिएका छन् । आइतबार विज्ञप्ति प्रकाशित गरी ... बाँकी पृष्ठ ७ मा

# सरकारी नेकपाभित्र चिरैचिरा, कार्यकर्ता निराश

■ **रातो खबर संवाददाता**/काठमाडौं

प्रधानमन्त्री तथा सरकारी नेकपाका प्रथम अध्यक्ष केपी शर्मा वली भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको शपथ कार्यक्रममा नयाँ दिल्ली पुगेको बेला सोही पार्टीका अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले सार्वजनिक रूपमा दुईबर्से कार्यकालपछि आफू प्रधानमन्त्री वा पार्टी अध्यक्ष हुने भनी दिएको अभिव्यक्तिसँगै उक्त पार्टीभित्र तीव्र ध्रुवीकरण मात्र होइन, निकट भविष्यमै उक्त पार्टी फुट्नसक्ने विश्लेषणहरू हुन थालेका छन् । केपी वली दिल्ली गएकै समयमा प्रचण्डले सरकार र पार्टीको नेतृत्व आलोपालो गर्ने लिखित सहमति भएको कुरा खोलेपछि वली र प्रचण्डको सम्बन्धमा चिसोपना मात्र आएन, दोस्रो तहका नेताहरू वली र दाहालको पक्ष-विपक्षमा खुलेरै बोलिरहेका छन् ।

वली दिल्लीमा भएकै मौकामा सञ्चारमाध्ययसँग बोल्दै प्रचण्डले सरकार र पार्टीको नेतृत्व आलोपालो गर्ने लिखित सहमति भएको भन्दै पार्टी एकताका बेलाको सहमति स्मरण गराएका थिए । प्रचण्डले यसअघि पनि बेलाबेलामा सहमतिअनुसार अघि बढ्ने विषयमा प्रतिबद्ध रहेको कुरा बताइरहेका थिए तर प्रचण्ड कहिले एउटा नेताको हैसियतले मेरो जिम्मेवारी पनि राम्रोसँग परिभाषित त हुनुपर्छ भन्ने गर्थे भने कहिले प्रधानमन्त्री फेरिराख्नु पर्दैन भन्ने





अभिव्यक्ति पनि दिन्थे । उनले सरकारको नेतृत्व एउटा अध्यक्षले र पार्टीको नेतृत्व एउटा अध्यक्षले गर्दा सन्तुलन मिल्छ भनेर द्विअर्थी परिभाषा लाग्ने कुरा गर्दै आएका थिए । एकताका बेला भएको आलोपालो सरकारको नेतृत्व गर्ने विषयले चर्चा पाएपछि वली प्रचण्डसँग रिसाएका मात्र छैनन्, सहज तरिकाले प्रचण्ड र केपीबीच छलफलसमेत हुनसकेको छैन । दुई अध्यक्षबीच तिक्तता बढेपछि सोमबार बैठकका एजेन्डा तय गर्ने बैठक नै बस्न सकेन ।

पार्टी एकता गर्दाको सहमतिमा दुवै दलले अँगालेको राजनीतिक मान्यतालाई परिमार्जन गरी समाजवाद उन्मुख जनताको बाँकी पृष्ठ ७ मा

# प्रतिबन्ध चिर्दै देशैभर श्रद्धाञ्जलीसभा

■ **रातो खबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले आफ्नो पार्टीका नेता तथा कार्यकर्ताको निधनप्रति दुःख व्यक्त गर्दै शुक्रबार देशभरि श्रद्धाञ्जली सभा सम्पन्न गरेको छ । नेकपाले भोजपुरमा प्रहरीको गोलीबाट हत्या गरिएका नेकपाका जिल्ला नेता तीर्थ घिमिरे 'राजु', जेठ १२ गते साँझ काठमाडौँमा बम विस्फोटमा परी सहिद भएका गोकुल पुन मगर 'महान', विभुराम विश्वकर्मा 'दीपेन्द्र', कृष्ण भण्डारी 'निरन्तर' र प्रज्वल शाहीको श्रद्धाञ्जलीसभा सम्पन्न गरेको छ ।

देशका विभिन्न ठाउँमा आयोजना गरिएका श्रद्धाञ्जली सभाहरूका वक्ताहरूले केपी-प्रचण्ड सरकारका कारण आफ्नो पार्टीका नेता-कार्यकर्ताले ज्यान गुमाउनु परेको भन्दै आफ्नो पार्टीको नेतृत्वमा सहिदको सपना पूरा हुने विश्वास व्यक्त गरेका छन् । उनीहरूले सरकारले आफ्ना मागहरूलाई बेवास्ता गर्दै शान्तिपूर्ण कार्यक्रममा हस्तक्षेप गर्ने, नेता-कार्यकर्ता गिरफ्तार गर्ने र प्रहरी दमन जारी राखे देश गृहयुद्धमा




जानसक्ने चेतावनी दिएका छन् ।

यसैबीच नवलपरासीमा आयोजित श्रद्धाञ्जली सभामा सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका लुम्बिनी ब्युरो सदस्य तथा ... बाँकी पृष्ठ ७ मा

# सुरक्षा निकायमाथि आक्रमण गर्ने नीति छैन : नेकपा




■ **रातो खबर संवाददाता**/पोखरा


नेपाल कम्युनिस्ट पार्टीले सुरक्षा निकायमाथि आक्रमण गर्ने पार्टीको कुनै नीति नभएको स्पष्ट पार्दै सोलुखुम्बुमा आफ्नो पार्टीद्वारा प्रहरीचौकीमा आक्रमण प्रयास भएको भन्ने हल्ला नियोजित र षड्यन्त्रपूर्ण प्रचारबाजी मात्र भएको बताएको छ । उक्त पार्टीका प्रवक्ता प्रकाण्डले सोमबार विज्ञप्ति जारी गर्दै सामाजिक दलाल सरकारले आफ्नो पार्टीमाथि दमन गर्ने ... बाँकी पृष्ठ ७ मा

# विप्लवसँग राजनीतिक व्यवहार गर : बिजुक्छे

## विप्लव र पूर्वराजासहित गोलमेच सम्मेलन गरौं : कमल थापा

■ **रातो खबर संवाददाता**/काठमाडौं

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले सरकारले नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपालाई दमनबाट होइन, वार्ताका माध्यमबाट राजनीतिक मूलधारमा ल्याउनुपर्ने बताएका छन् । उनले सीके राउतसँग वार्ता गर्ने सरकारले विगतकै माओवादीको बाँकी भाग विप्लवलाई प्रतिबन्ध लगाई लखेट्नु नहुने सुझाव दिए । बिजुक्छेले नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले बहुमत ल्याएर सरकार निर्माण गरे पनि उदाहरणीय एवम् समाजवादी काम गर्न नसकेको आरोपसमेत लगाएका छन् । नेमकिपाले भक्तपुरमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा उनले संविधानमा उल्लेख भएको प्रावधानअनुसार सरकारले समाजवादी काम गर्न नसकेको बताए । उनले सरकारले प्रस्तुत गरेको बजेट समाजवादको विकासभन्दा पुँजीवादलाई बलियो बनाउने प्रकृतिको रहेको बताउँदै अमेरिकाले कानुनी र गैरकानुनी



रूपमा अन्य देशहरूमाथि हस्तक्षेप गरिरहेको भनाइ राखे ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव तथा प्रतिनिधिसभा सदस्य प्रेम सुवालले चालू आव २०७५/७६ र आव २०७६/७७ को बजेट वक्तव्यका प्रतिबद्धताका कतिपय वाक्य नै उही भएकाले सरकारले ल्याएको बजेट प्रतिबद्धताको पुलिन्दा मात्र भएको बताए । ... बाँकी पृष्ठ ७ मा

# राजनीतिमा प्रतिबन्ध र सामाजिक दलाल फासिवाद

**देश/परिवेश**

■ धर्मेन्द्र बास्तोला 'कञ्चन'



एमाले-माके संशोधनवादी झुण्डहरूको सम्मिश्रणबाट बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को सरकार वैज्ञानिक समाजवाद स्थापना गर्न सङ्घर्षरत नेपाल कम्युनिस्ट पार्टीमाथि थोपरेको कथित प्रतिबन्धपछि पार्टीका नेता र कार्यकर्ताहरू गिरफ्तार गर्ने, मुद्दा लगाउने, हिरासत र जेलमा समेत थुन्ने मात्र गरेन, कार्यकर्ताहरूमाथि गोली हान्ने र पछिल्लो समयमा गोली हानी हत्या गर्नेसम्मको हर्कतमा उत्रियो । सबैलाई थाहा भएको विषय हो- नेपाल कम्युनिस्ट पार्टीमाथिको प्रतिबन्ध सरकारले जेसुकै कारणहरू देखाए पनि मूलभूत रूपमा त्यसकारण थोपरिएको हो जब हाम्रो पार्टीले संसद्वाद खारेज गर्दै वैचारिक, राजनीतिक र सांस्कृतिक क्षेत्रमा संशोधनवादी पार्टीहरूका सबै हर्कतविरुद्ध तीव्र सङ्घर्ष चलायो; लुटखसोटमा आधारित नेपालको संसदीय दलाल पुँजीवादी सत्तालाई निरन्तरता दिने र संस्थागत गर्ने संसद्वादी हर्कतहरूको भण्डाफोर गऱ्यो र देशमा वैज्ञानिक समाजवाद स्थापना गर्नका लागि सम्पूर्ण देशभक्त, जनवादी र क्रान्तिकारीहरूको एकतामा जोड दियो । हाम्रो पार्टीले संशोधनवादी केपी-प्रचण्ड गुटको वैचारिक एवम् राजनीतिक दिवालियाको तीव्र भण्डाफोर गऱ्यो, उनीहरूले जनतामा छरेका संशोधनवादी भ्रमहरू चिरफार गर्दै देशलाई निरास हुने अवस्थाबाट जोगाउन सङ्घर्ष गऱ्यो । राजनीतिक रूपमा नेपालको दलाल पुँजीवादी सत्तामाथि राजनीतिक र वैचारिक हमला गऱ्यो । यो संसदीय व्यवस्थामार्फत देश र जनतामाथि ब्रह्मलुट गर्ने एनसेलजस्ता एकाधिकारवादी संस्थाहरूमाथि राज्यलाई कर तिर्न आग्रह गर्दै कारबाहीहरू गऱ्यो । सांस्कृतिक क्षेत्रमा संसद्वादमा झाङ्गिने महँगी, भ्रष्टाचार, अन्याय, नैतिक पतनको विरोध मात्र गरेन, यसले त्यसप्रकारका भ्रष्ट तत्वहरू, नैतिकहीन दलाल नोकरशाहहरू, भ्रष्ट व्यापारीहरू, मानव तस्करहरूमाथि कारबाही गऱ्यो । हाम्रो पार्टीले राष्ट्रियताको सवालमा देशका बेचिएका माथिल्लो कर्णाली, अरूण तीन, उच्चकोसी बाँध, माथिल्लो मर्स्याङ्दीलगायत सम्पूर्ण प्राकृतिक सम्पदा राष्ट्रको सम्पत्ति कायम गर्न र जनताको लगानीमा निर्माण गरी देशको औद्योगीकरणको बाटोमा लैजान कारबाही चलायो, देशमा जनताको रोजगारी, राष्ट्रिय उत्पादन बढाउने औद्योगीकरणको मुद्दा उठाउँदै त्यसको कार्यान्वयनका लागि सरकारलाई दबाब दिन कारबाहीहरू सञ्चालन गऱ्यो र यसका लागि देशलाई एकताबद्ध गर्न देशको राष्ट्रियता, जनतन्त्र, जनजीविका सुनिश्चित ... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# नियोजित रूपमा उत्तेजना फैलाउँदै सरकार

केपी वली सरकारले नियोजित रूपमा नेकपाविरुद्ध सुरक्षा निकायलाई उत्तेजित बनाउने शृङ्खला सुरु गरेको छ। सरकारी निकायका मुखबाटै भनाउँदा जनताले नपत्याउने भएपछि वली सरकारले विभिन्न स्रोत र शक्ति दुरुपयोग गर्दै सुरक्षा निकायलाई भड्काएर दुवै पक्षलाई उत्तेजित बनाउने षड्यन्त्र गरिरहेको छ। कहिले सैनिकलाई हपहरण गरेको भनाएर, कहिले सुरक्षा निकायका पूर्वअधिकृतलाई कारबाही गर्ने हल्ला फैलाएर त कहिले प्रहरीचौकीमाथि आक्रमण गर्न लागेको हल्ला फैलाएर सरकारले आतङ्कित र उत्तेजित पार्ने भद्दा गोयबल्स शैली अपनाइरहेको छ। यो उसको राजनीतिक मात्र नभएर प्रशासनिक असफलताको सङ्केत पनि हो। पराजित मानसिकताले गर्ने यस्तै हर्कतहरू हुन्। यी निन्दनीय छन्।

नेकपामाथि प्रतिबन्ध लगाएपछि चैनको सास फेर्ने दुस्वप्न देखेको केपी वली सरकार यतिबेला झन् धेरै विक्षिप्त देखिएको छ। सेनाका पूर्वअधिकृतदेखि कूटनीतिज्ञहरूसम्म, देशभित्रका क्रान्तिकारी, देशभक्त र राष्ट्रवादी शक्तिदेखि सर्वसाधारणसम्मले नेकपामाथि लगाइएको प्रतिबन्धका विरुद्ध खुलेर विरोध गरेपछि र नेकपामाथि लगाइएको प्रतिबन्धको असर समाप्त हुँदै गएपछि वली सरकार विक्षिप्त देखिएको हो। चुनावमा दिएका गुलिया नाराबाट प्राप्त मतको दुरुपयोग गर्दै गाउँगाउँमा सिंहदरबारको भ्रष्टाचार पुर्‍याएपछि र राष्ट्रघात-जनघात उत्कर्षमा पुर्‍याएपछि यतिबेला दैनिक वली सरकारको बदनामीको पारो बढिरहेकै छ। आफ्नो बदनामी र अलोकप्रियताको लाज ढाक्न वली सरकारले ठाउँठाउँमै नयाँनयाँ गोयबल्सहरू नियुक्त गरेर लोकप्रियताको पारो बढिरहेको नेकपा र उसका क्रियाकलापविरुद्ध विष बमन गरिरहेको छ। पछिल्लो समयमा वली सरकार नेकपाविरुद्ध सुरक्षासंयन्त्रलाई उत्तेजित पार्ने र भड्काउने खेती गरिरहेको छ। आफ्नो बदनामी, कमजोरी र असफलता ढाक्न एउटा देशभक्त तथा क्रान्तिकारी शक्तिमाथि सरकारले गरेको यो निन्दनीय कार्य हो। देशद्रोहीहरूलाई फूलमाला लगाउने र देशभक्त क्रान्तिकारीहरूलाई देशद्रोहीको आरोप लगाउँदै जेल भर्ने कार्य गैरराजनीतिक र आपराधिक हो। यसको जताबाट र जति भर्त्सना गरे पनि कमै हुन्छ।

सरकारको योजनामा हालै नेपाल कम्युनिस्ट पार्टीले सुरक्षा निकायमाथि आक्रमण गर्न लागेको आसयसहितको भ्रमपूर्ण समाचार सामाजिक सञ्जालमा सम्प्रेषण गरियो। नेकपाले सुरक्षा निकायमाथि आक्रमण गर्ने पार्टीको कुनै नीति नभएको स्पष्ट पार्दै आफ्नो पार्टीद्वारा प्रहरीचौकीमा आक्रमण प्रयास भएको भन्ने हल्ला नियोजित र षड्यन्त्रपूर्ण प्रचारबाजी मात्र भएको विज्ञप्ति जारी गर्‍यो। उक्त पार्टीले विज्ञप्ति जारी गर्दै 'सामाजिक दलाल सरकारले हाम्रो पार्टीमाथि दमन गर्ने उद्देश्यले सोलुखुम्बुमा पार्टीद्वारा प्रहरी चौकी आक्रमण गर्ने प्रचारबाजी गरेको, उक्त षड्यन्त्रपूर्ण प्रचारबाजीप्रति पार्टीको ध्यानाकर्षण भएको, पूर्वी नेपालमा दमन गर्ने उद्देश्यअनुरूप झूट्टा समाचार प्रसारण गराइएको' उल्लेख गरेको थियो। यता सामाजिक सञ्जालहरूबाट सुरक्षा निकायलाई उत्तेजित पार्ने समाचार प्रवाह गर्न लगाउनु तर स्वयम् सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारीले 'प्रहरीचौकी आक्रमणको कुनै सूचना र हल्ला नभएको र प्रहरी पनि परिचालित नभएको' प्रतिक्रिया दिनुले सरकार कति भयभीत र विक्षिप्तता प्रदर्शन गरिरहेको छ भन्ने बुझ्न कुनै गाह्रो छैन। सरकारी योजना र षड्यन्त्रलाई मद्दत पुग्ने गरी केही दिनअघि अन्नपूर्ण पोस्ट, जनआस्थालगायत केही दैनिक, साप्ताहिक पत्रिका र अनलाइनहरूले यसैगरी सुरक्षानिकायलाई उत्तेजित र भ्रमित पार्ने दुर्नियतपूर्ण र नियोजित समाचार प्रवाह गरेका थिए। पार्टी महासचिव र उपत्यका विशेष ब्युरोले भिन्नाभिन्नै विज्ञप्ति जारी गरी ती सबै पीत खबरलाई खारेज गरिदिएका थिए। ती विज्ञप्तिहरूमा पनि यस्ता कपोलकल्पित, तथ्यहीन, बिनाआधारका भ्रामक र उत्तेजना फैलाउने गलत नियतमा आधारित समाचार सम्प्रेषण गरेको पाइएको जनाइएको थियो। सरकारले आफ्नो स्रोत र शक्तिको दुरुपयोग गरेर यस किसिमका हर्कतहरूलाई शृङ्खलाबद्ध रूपमा अघि बढाइरहेको छ। यो उसको पराजित मानसिकताको उपज हो।

वली सरकारले नेकपामाथि प्रतिबन्ध लगाएको छ। करिब तीन महिनाअघि लगाइएको प्रतिबन्धविरुद्ध नेकपा मात्र होइन, सरकारी नेकपाका कयौँ नेता-कार्यकर्ता, अधिकारकर्मी, प्रतिपक्ष सबैतिरबाट विरोध भएपछि यतिबेला वली सरकार इतिहासकै सबैभन्दा पङ्गु सरकारका रूपमा चित्रित हुँदै गएको छ। प्रेस, मानवअधिकारलगायत स्वतन्त्रता र न्यायका पक्षपाती एकाइमाथि अङ्कुश लगाउन वली सरकारले ल्याएको विधेयकविरुद्ध आज देश आन्दोलित छ। नेकपामाथि लगाइएको प्रतिबन्धका कारण आज वली सरकार बदनाम छ। सिङ्गो जनसमुदाय सरकारसँग आक्रोशित छ। यसरी सम्पूर्ण जनमत आफ्नाविरुद्ध केन्द्रीकृत हुँदै गएपछि आफूमाथिको आक्रोशबाट जनताको मन अन्यत्र मोड्न वली सरकार नियोजित रूपमै नेकपामाथि अनर्गल प्रचार गराइरहेको छ। धमिरा लागिसकेको बूढो रूखझैँ भित्रभित्रै मक्किइसकेको वली सरकारले शक्तिशाली बन्दै गएको नेकपाविरुद्ध यस्ता कमजोर र बासी शैली किन प्रयोग गरिरहेको होला, आफैँमा लज्जाजनक विषय छ। दुईतिहाइको दम्भ लिएर हिँडेको वली सरकारले यस्ता कलाविहीन नाटक गरेर समाज भड्काउने हर्कत नगरेकै राम्रो।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# प्रतिबन्ध, बम विस्फोट र असरहरू

माइला लामा

२०७५ फागुन २८ गते राती १० बर्से जनयुद्धपछिको १३ बर्से नेपाली राजनीतिक मञ्चमा खलबली र तङ्ग पैदा गर्ने गरी दुईतिहाइ बहुमतको घमण्ड र विदेशी मालिकहरूको आशीर्वाद प्राप्त, गठनलगत्तै आलोचना र टिप्पणीको केन्द्रमा रहेको फासिवादी वली-प्रचण्डमण्डलीको सरकारले 'राष्ट्रिय स्वाभिमान र जनताको समृद्धिको नारा' अन्तर्गत राष्ट्रघात, जनघात, भ्रष्टाचार, महँगी, कालोबजारी, वाइडबडीकाण्ड, निर्मला पन्तकाण्ड, चिनीकाण्ड, तेलकाण्ड, सुनकाण्डजस्ता काण्डैकाण्डको दलदलमा फसेको राष्ट्रलाई बर्बादीबाट बचाउन जनअधिकारका पक्षमा सङ्घर्ष गर्दै आएको नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्धको घोषणा गर्दै चैत महिनाभित्रै पत्तासाफ गर्ने उद्घोष गर्‍यो जब कि त्यसको अघिल्लो दिन विखण्डनकारी र साम्राज्यवादीको मतियार भनिएका सीके राउतलाई रातो कार्पेट बिछ्याएर सिंहदरबारमा स्वागत गर्‍यो। सरकारले ऊसँग गरेको ११ बुँदे सम्झौताले जनता र राष्ट्रको अहित गर्ने चर्चा बजारमा थियो। यो निर्णयले एकाएक नेपाली राजनीतिक मञ्च तात्न पुग्यो। केपी-पीकेका एकाध आपराधिक गिरोहका हनुमानबाहेक चारैतिरबाट यो निर्णयका विरुद्ध आक्रोश पोखियो। निर्णय फिर्ता लिन, देशलाई सङ्कटमा नधकेल्न भन्दै विभिन्न पार्टीसम्बद्ध राजनीतिकर्मी, मानवअधिकारकर्मी, बुद्धिजीवी, उद्योगी, व्यवसायी, सेना, प्रहरीका पूर्व-उच्चपदस्त अधिकृत, पत्रकार र आमनागरिकका तर्फबाट अनुरोध भइरहेको समय सरकारले ३५ दिनभित्र हतियार बुझाउने समयसीमा तोक्दै स्थितिलाई अझै विस्फोटक र उत्तेजनात्मक बनाउने दुष्प्रयास गर्‍यो। देशव्यापी दमन अप्रेसन चलाउँदै पार्टीका सयौँ नेता-कार्यकर्तालाई गिरफ्तार गर्ने, यातना दिने, घरघरमा पसी खानतलासी गर्ने, झूट्टा मुद्दा लगाउने, अदालतद्वारा बेकसुर साबित भई रिहाइको आदेशपछि पुनः गिरफ्तार गरी नक्कली मुद्दा खडा गर्ने, विभिन्न जिल्ला घुमाउने र कपिलवस्तुमा त नियन्त्रणमा लिई गोली हानी घाइते बनाउनेसम्मको निकृष्ट हर्कत गर्‍यो। आखिर प्रतिबन्धको निर्णय किन गर्‍यो सरकारले ? देशव्यापी दमन अभियान किन चलायो ? यसका कारणबारे सङ्क्षिप्त चर्चा गरौँ :

**१. राजनीतिक कारण**

नेपालको राजनीतिक इतिहासमा दसबर्से जनयुद्ध एक महान् र युगान्तकारी आन्दोलन थियो जसको प्रभाव विश्वव्यापी थियो। यो क्रान्ति नेपालका प्रतिक्रियावादी र विश्वका साम्राज्यवादी शक्तिकेन्द्रका लागि भयङ्कर टाउको दुखाइको विषय बनेको थियो। हार र जितको रस्साकस्सी चलिरहेकै थियो। जब शान्तिप्रक्रियाका नाउँमा माओवादी क्रान्तिका सम्पूर्ण उपलब्धिहरू (जनसेना, जनसरकार, जनअदालत, आधारइलाका, जनकम्युन) नष्ट गर्न प्रतिक्रियावादीहरू सफल भए, अझ त्यसका नायक मानिएका प्रचण्डलाई संसद्वादको मतियार बनाउन सफल भए, उनीहरूले चैनको सास फेरेका थिए। आफ्नो दलाल चरित्रको संसदीय सत्तालाई चुनौती दिने कुनै शक्ति नरहेको निष्कर्ष निकालेका थिए, कतैबाट खतरा छैन भनी ढुक्क थिए, राष्ट्र र जनताउपर लुट मच्चाइरहेका थिए। तर जब उनको स्वर्गमा भूकम्प जाने गरी हामीले प्रचण्ड-बाबुरामले फालेको क्रान्तिको रातो झन्डा उठायौँ र क्रान्तिको उद्घोष गर्‍यौँ, त्यसपछि लुटेराहरूको निद्रा खतम भयो। पार्टी स्थापनाको चार वर्ष पूरा नहुँदै नेकपा एक वैकल्पिक शक्ति र जनताको आशाको केन्द्र बन्न पुग्यो। देश-विदेशमा हाम्रो पक्षमा तयार भएको जनमत र मङ्सिर ८ गतेको काठमाडौँको विशाल जनप्रदर्शनले वली-प्रचण्डलाई आतङ्कित बनायो। यसर्थ जनताको बीचबाट कटाउन, अरू राजनीतिक सङ्घर्ष थेग्न नसक्ने भएपछि बद्नाम वली-प्रचण्डको आतङ्कित मानसिकताको उपज बनायो प्रतिबन्ध।

**२. विषयान्तर गर्न**

झन्डै दुई वर्षअघि सम्पन्न स्थानीय निर्वाचन र करिब एक वर्षअघि सम्पन्न सङ्घ र प्रदेशको चुनावी मैदानमा संसद्वादीहरूले जनतामाझ बाँडेका हावादारी सपना र गरेका मीठा भाषणको ठीक विपरीत केन्द्र, प्रदेश र स्थानीय सरकार जनतालाई लुट्नमै तल्लीन रहे। 'घरघरमा सिंहदरबार' पुर्‍याउने यिनको नाराभित्र वडा र टोलटोलमा सिंहदरबारका भ्रष्टहरू पो पुगे। करको भारले जनतामा हाहाकार छायो, विकास बजेटमा भएको ब्रह्मलुट इतिहासमै माथि पुग्यो। हाम्रो राष्ट्रिय स्वाभिमानको अवस्था 'विगतमा पराधीन नभएको, वर्तमानमा स्वाधीन नरहेको' स्थितिमा पुग्यो। व्यापारघाटा नौ खर्बभन्दा बढी रहेको तथ्याङ्क सार्वजनिक भयो। हत्या-हिंसा र काण्डहरूको परिचालकका रूपमा सरकारको अनुहार उदाङ्गो भयो। महँगीले जनता आधा पेट खाएर बाँच्न विवश भए भने कतिपय ठाउँमा सामूहिक आत्महत्याजस्ता हृदयविदारक घटनाले सरकारमा पुगेकाहरूले चुनावको बेलामा गरेका वाचा जनता झुक्याउने ललिपप मात्र भएको साबित गर्‍यो। वलीको राष्ट्रवादको धोती मोदी आगमनको समय थाहै नपाउने गरी नराम्ररी फुस्कियो। गएको एक वर्षसम्म सरकारले उल्लेख गर्न लायक एउटा पनि काम गर्न सकेन। नेपाल र नेपालीको अवस्था झन्पछि झन् कमजोर बन्दै गयो। विदेशी ऋणको बोझले थिचिएर जनताको हालत झन् खराब बन्दै गयो। तब सरकारका विरुद्ध आक्रोशको फोहोरा छुट्न थाल्यो। वली यताबाट टाल्न खोज्छन्, उताबाट भ्वाङ पर्छ, उताबाट टाल्न खोज्छन्, यताबाट भ्वाङ! आफ्ना कमजोरी र अपराध टाल्दाटाल्दै सरकार हैरान! जनताका आवाजको प्रतिरोध गर्ने क्षमता यी नैतिक हराम दलालसँग हुने कुरा पनि भएन। एउटा राम्रो मौका र बहाना चाहिएको थियो वलीलाई जनताको ध्यान अन्यत्र मोड्न। संयोगवश त्यही समय एनसेल टावरमाथि हमला र नख्खुमा एक सर्वसाधारणको मृत्युको घटना भयो। यहीँनेर मिल्यो उखानटुक्के नेतालाई सुवर्ण अवसर र आयो प्रतिबन्ध।

३. फौजी कारण

वली-प्रचण्ड संवादमा प्रायः के कुरा उठ्ने गर्दथ्यो भने विप्लव राजनीतिक रूपमा एउटा शक्ति त बन्यो नै तर यसले फौजी पाटोबाट आफूलाई सुदृढ गर्न पाएको छैन। यसैले मौका यही हो, ढिला गर्नु हुन्न, उनीहरूको षड्यन्त्रकारी मगजले भन्यो। नभए जनयुद्धकालीन समयमा तत्कालीन राज्यले गरेको कमजोरी दोहोरिन पुग्छ। कलिलैमा निमोठ्नु नै बुद्धिमानी हुने निचोड थियो उनीहरूको। अझ त्यसमा पनि नेकपाका केही नेता-कार्यकर्ताको लापरबाहीका कारण सरकारको हातमा महत्वपूर्ण दस्तावेज, सैन्य सामग्री र प्रविधि एवम् 'दुई नम्बर कम्पनी- आधारभूत सैन्य तालिम' लेखिएको ब्यानर नै सरकारको हातमा पुग्यो। अझ त्यसमाथि सत्ता-राजनीतिको हिसाबले जनयुद्धलाई आतङ्ककारी गतिविधि घोषणा गर्दै सङ्कटकालको सहारा लिएर नियन्त्रण गर्न खोज्ने एमाले सत्ताको बागडोर समालिरहेको छ भने जनयुद्धका योजनाकार-डिजाइनर प्रचण्ड उसको वर्तमान सत्ता-सारथि रहेको बेला ढिला गर्नुपर्ने कुनै कारण थिएन। अझ जनयुद्धबारे समीक्षा गर्दा त्यस समय राज्यले २०५२-०५८ को अवधिमा सशस्त्र शक्ति परिचालनमा गरेको कमजोरीको निष्कर्ष छ उनीहरूसँग। २०५२-०५८ को झन्डै ६ वर्षका अवधिमा माओवादीले सैन्य हिसाबले आफूलाई सुदृढ गरेको र पछि सेना परिचालन गर्दा पनि माओवादी नियन्त्रणमा नआएको उनीहरूलाई तितो अनुभव छ। त्यसैले फौजी रूपमा सुदृढ र विस्तार नहुँदै घाँटी अँठ्याउने र दमनमार्फत क्रान्तिको हत्या गर्ने योजनाका साथ प्रतिबन्ध आयो।

४. प्रतिपक्षलाई तर्साउन

प्रतिपक्षी नेपाली काङ्ग्रेस र अन्य दलले बेलाबेलामा सरकारलाई दबाब दिएर हैरान पारिरहेका थिए। वली-प्रचण्डजस्ता स्वार्थी, दम्भी र मैमत्त चरित्र बोकेका मान्छेहरूका लागि यो पाच्य भइरहेको थिएन। यसैले 'छोरी कुटेर बुहारी तर्साउने' उखानटुक्काले दिमाग भरिएको वली र कपटी प्रचण्डले हामीलाई प्रतिबन्ध लगाउने र अरूलाई संसद् र सबैतिर दबाउने नीतिअन्तर्गत प्रतिबन्धको झटारो हान्यो- एक तीर दुई सिकार!

**प्रतिबन्धका असरहरू**

हाम्रो पार्टीलाई प्रतिबन्धले पारेको असरबारे नकारात्मक र सकारात्मक गरी दुई तरिकारले प्रकाश पार्न सकिन्छ। हुनत सरकारले गरेको यो हमलापछाडिको उद्देश्य हामीलाई सम्पूर्ण रूपले नष्ट गर्नु नै हो तर सधैँ यस्तो हुँदैन।

**१. नकारात्मक असर**

(क) प्रतिबन्धलगत्तै सरकारले बढाएको देशव्यापी धरपकड र दमन अभियानले सुरुको चरणमा पार्टी-जीवनलाई केही हदसम्म अस्तव्यस्त बनायो।

(ख) प्रतिबन्धले पार्टी कार्यकर्ताहरूमा एक हदसम्म त्रास-आतङ्क सृष्टि गर्‍यो।

(ग) दुस्मनको चाललाई सही तरिकारले बुझ्ने र सोहीअनुरूप कार्यशैली अवलम्बन गर्न नसक्दा कैयौँ महत्वपूर्ण कमरेडहरू दुस्मनको कब्जामा परे।

२. सकारात्मक असर

(क) प्रतिबन्धले पार्टीमा तलदेखि माथिसम्म राजनीतिक, वैचारिक, सङ्गठनात्मक र भावनात्मक रूपमा शक्तिशाली एकता पैदा गर्‍यो, पार्टीलाई अझ सुदृढ बनायो।

(ख) पार्टीमा प्रतिरोधी र फौजी मनोविज्ञानको विकास गरायो।

(ग) पार्टीलाई सदृढ गर्न मद्दत पुर्‍यायो। कहिलेकहीँ दुस्मनको चाल र योजनाले यो कार्यलाई सहज बनाउँछ। प्रतिबन्धपछिको दमन अभियानले क्रान्तिका नाउँमा फाइदा लिन लुकेर बसेका अवसरवादीहरूलाई सतहमा ल्याइदियो। यसका लागि वली महोदयलाई धन्यवाद नदिनु अन्याय हुन्छ।

**३. शुद्धीकरण**

जब कमरेड महासचिव विप्लवले पार्टी केन्द्रमा स्पष्ट क्रान्तिको खाका प्रस्तुत गर्नुभयो, त्यस समय नै पार्टी क्रान्तिको बलमा कमाउधन्दा चलाउने मनसाय बोकेका कतिपय केन्द्रीय सदस्य विप्लवलाई तथानाम आरोपको वर्षा गर्दै प्रचण्डको फोहोरी संसदीय आहालमा गौरवका साथ हाम्फाल्न पुगे। प्रचण्डको पाउमा छाँद हाल्दै आफूहरूले गल्ती गरेको बयान दिँदै अवसरवादी डम्फु बजाउन पुगे। अहिले ती भगौडा र इतिहासका ज्युँदा लासहरू हाम्राविरुद्ध भत्तावाल सीआईडी र अफवाह फलाउने संयन्त्रका विश्वासपात्र बनेका छन्।

**प्रतिबन्धको अन्य असर**

१. प्रम वलीले प्रस्ताव गरेको प्रतिबन्धका पक्षमा आफ्नो मन्त्रिमण्डललाई नै एकमत बनाउन सकेनन्। प्रस्ताव अगाडि बढाउनासाथ मन्त्री मातृका यादवले चर्को स्वरमा विरोध जनाए भने खानेपानीमन्त्री एवम् प्रचण्डकी बुहारीले पनि मातृका यादवको स्वरमा स्वर मिलाइन्। वनमन्त्री सुरेश सिंह पनि प्रतिबन्ध प्रस्तावका विपक्षमा उभिए र ऊर्जामन्त्री वर्षमान पुनले सुरेश सिंहकै तालमा लय मिलाए।

२. प्रतिबन्धका पक्षमा सरकारी नेकपा आफैँ एक ढिक्का हुन सकेन। केपी-पीकेमण्डलीका आपराधिक चरित्र बोकेका बाहेक पार्टीको ठूलो पङ्क्ति यसको विपक्षमा उभियो। वली-प्रचण्ड यो बहसमा आफ्नै पार्टीलाई एकै ठाउँमा उभ्याउन असफल भए। वरिष्ठ नेता माधव नेपालले त सार्वजनिक मञ्चमै 'यो सरकारको काम हो, नेकपाको हैन' भनेर प्रतिबन्धको खुला विरोध गरे। नेता झलनाथ खनाल, नारायणकाजी श्रेष्ठ, देव गुरुङ, भीम रावलदेखि कृष्णबहादुर महरा, जनार्दन शर्मासम्मले हामी (पार्टी प्रतिनिधि) सँगको भेटमा प्रतिबन्धको खुलेर विरोध गरे र आफूले सक्दो सहयोग गर्ने वचन दिए।

३. प्रतिबन्धको बहसले संसद्वादी पार्टीहरूलाई दुई खेमामा उभ्यायो। दलाल चरित्र बोकेका र सत्ताका निमित्त च्याल काढ्ने एकाध अवसरवादी पार्टीबाहेक संसदीय मूल धाराका धेरै पार्टी र नेताहरूले प्रतिबन्धका विरुद्ध उभिए। यो स्थितिले वली-प्रचण्डलाई उकुसमुकुस बनायो।

४. सिङ्गो राष्ट्रलाई प्रतिबन्धले दुई भागमा बाँडिदियो। विदेशीका तलुवा चाट्नेहरूले प्रतिबन्धलाई नमीठो गन्ध डकार्दै स्वागत गरे भने राष्ट्रका असली प्रतिनिधि-राजनीतिकर्मी, नगारिक समाज, मानवअधिकारकर्मी, उद्योगी, व्यवसायी, बुद्धिजीवी, पत्रकार, सङ्घ-संस्था, सेना प्रहरीका पूर्वअधिकृतलगायत सबैसबैले सरकारी रबैयाको धज्जी उडाउँदै प्रतिबन्धको सातो लिए। उनीहरू सबैले हामीलाई संयम अपनाउन र जिम्मेवार बन्न अपिल गरे।

'मुर्दालाई ताकेको बन्चरो घुँडोलाई' भनेझैँ प्रतिकूल परिस्थितिको मारमा परे प्रचण्ड-वली। खपिनसक्नु भएर उनीहरू पागलपूर्ण प्रलापमा उत्रिए। गृहयुद्धको बहाना खोज्दै हास्यास्पद र कुतर्क गर्दै मिथ्या आरोपको वर्षा गर्न थाले। यसो भनेर भएन, उसो भनेर भएन, जेजेभन्दा पनि स्थिति विस्फोटक बन्छ; त्यहीत्यही भन्दै गए देशका यी धमिराहरू किनकि, यिनलाई राष्ट्रको माया छैन, जनताको पर्वाह छैन। बेतुकको तर्क र उखानको बाढीमा हामीलाई बगाउने दुःस्वप्न थियो उनीहरूको। सबै सबैले हावा खायो!

उनीहरूको अनुभव र अनुमान थियो, जब राज्य प्रतिबन्ध लगाएर दमनमा उत्रिन्छ, हाम्रो पार्टी उत्तेजित भएर चौकी आक्रमणमा उत्रिन्छ, दसबर्से जनयुद्धमा झैँ। उनीहरूले यस्तै कल्पना गरेका थिए। त्यसपछि राज्यको पूरै शक्ति हाम्राविरुद्ध हमलामा आउने दाउ थियो। हाम्रो निशानामा त न चौकी थियो, न उद्योगी-व्यवसायी नै। हामीले युद्ध चाहेका थिएनौँ, हामीले चाहेका थियौँ क्रान्ति। जनताको जीवनमा शान्ति, समृद्धि र ठाडो शिर गरेर उभिएको हाम्रो मातृभूमि। हाम्रो राष्ट्र र जनताको जिम्मा लिने सङ्कल्प गरेर उभिएको पार्टी हो, जनतालाई अधिकारसम्पन्न गराउन खडा भएको पार्टी तर यी दलालहरू हाम्रो र जनताको जीवनमा अभाव थोपरिरहेका छन्; यिनै हुन् हाम्रो राष्ट्र र जनताका बैरी। यिनै हुन् तपाईं-हाम्रा साझा दुस्मन। उनीहरू देशलाई युद्धमा धकेल्न चाहन्छन्। प्रतिबन्धभित्रको डरलाग्दो र भयङ्कर सत्य यही हो।

यो कुरा हामीले बुझ्यौँ। नेपाली सेनाले बुझ्यो। सशस्त्र प्रहरी, जनपद प्रहरी, शान्ति चाहने र जनताको जीवनमा सुख चाहने सबैले यो कुरा बुझ्नुभयो र हामी सफल भयौँ। प्रतिबन्धले स्वागत गर्न खोजेको भयङ्कर अनिष्ट चकनाचुर भयो। आगामी दिनमा हाम्रो सहकार्य अझ धेरै जरुरी रहनेछ। हामी राष्ट्रको उज्यालो भविष्य र जनताको सुन्दर जीवन चाहन्छौँ। यसैले तपाईं हाम्रो एकता अनिवार्य छ। विदेशी मालिकको आशीर्वादमा उभिएका दलालहरू हाम्राविरुद्ध यस्तै षड्यन्त्र गर्छन् र विपत्ति निम्त्याउने दुस्साहस गर्छन्। हाम्रो सामूहिक तागतमा यसको जमेर प्रतिरोध गर्नुपर्छ। तपाईं-हामीलाई कसैले हराउन सक्दैन- जनता र राष्ट्रको स्वप्निल संसार सम्भव छ।

हामीविरुद्ध प्रतिबन्ध घोषणालगत्तै गृहप्रशासनको नाउँमा जारी गरेको विज्ञप्ति र वली-प्रचण्डले सार्वजनिक कार्यक्रममा दिएको भाषणमा बारम्बार प्रयोग भएका केही शब्दले हामीलाई गम्भीर बनाएको छ। उनीहरूले जनतालाई दिग्भ्रमित गर्दै प्रत्येक भाषणमा हामीलाई 'लुटेरा' भएको दाबी गरेका छन्। देशको ढुकुटीमा ब्रह्मलुट मच्चाउने, जनमुक्ति सेनाको अर्बौं रुपैयाँ हिनामिना गर्ने, सार्वजनिक जमिनमा आफ्नै पार्टीका नेताले कब्जा गरेको तथ्य सार्वजनिक हुँदा पनि चूँसम्म नबोल्ने वली-प्रचण्ड लुटेरा कि भ्रष्टाचारीको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ भन्ने हामी लुटेरा ? अर्को डरलाग्दो आरोप हो 'आतङ्कवादी।' राष्ट्र र नागरिकको जीवनमा चौतर्फी सङ्कट र अशान्ति मच्चाउने, घरघरमा रुवाबासी गराउने, भोकभोकै जनता मराउने, वली-प्रचण्ड आतङ्कवादी कि नागरिकको जीवनमा शान्ति-समृद्धि हुनुपर्छ भन्ने हामी आतङ्कवादी ? अर्को बीभत्स र क्रूर आरोप हो 'हत्यारा'। नौजवान युवकयुवतीलाई स्वदेशमै रोजगारी दिनुको साटो विदेशमा नर्कतुल्य जीवन भोग्न बाध्य बनाएर मार्ने को ? वैदशिक रोजगारीमा जान बाध्य पारिएका, अस्मिता अपहृत भएका हाम्रा छोरीचेलीको क्रूर हत्या र कहालीलाग्दो आत्महत्याको कारक को ? हरेक दिन मृत-जीवनको जिम्मेवार को ? युवालाई यहीँ रोजगारी दिन, आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न, उद्योगधन्दा खोलौँ भन्ने हामी हत्यारा कि वली-प्रचण्ड ? नागरिकलाई बेकसुर मृत्युको मुखमा धकेल्ने हत्यारा कि हामी ?

नेता महोदयको अर्को सङ्गीन आरोप हो, 'विध्वंसकारी।' जुन सरकार देशको हरेक क्षेत्रलाई बर्बाद गरिरहेछ, विध्वंसकारी ऊ हुन्छ कि राष्ट्रलाई बर्बादीबाट बचाउनुपर्छ भन्नेहरू ? गृहप्रशासनको प्रत्येक वक्तव्यमा हामीलाई लक्षित गर्दै आरोपित गरिएको हुन्छ, 'हिंसात्मक तत्व', 'आतङ्क मच्चाउने तत्व।' आज नेपाली जनताको जीवनमा कहाँ छ शान्ति ? शिक्षालाई व्यापारीकरण गर्ने राज्यको गलत नीतिका कारण कमजोर आर्थिक अवस्थाका कारण चाहेको विषयबाट वञ्चित हुने लाखौँ विद्यार्थीको जीवनमा शान्ति छ ? रोगले थला परेका र पैसाको अभावमा काल कुरेर बाँच्न विवश नेपालीको जीवनमा शान्ति छ ? चालीस लाखभन्दा बढी सुकुमबासी जसको नाउँमा एक इन्च जमिन छैन, शान्ति छ उसको जीवनमा ? विदेशी दलाल पुँजीको मारमा थिचिएर थला परेका, टाटपल्टेका र सडकमा झरेका राष्ट्रिय पुँजीपति, उद्योगी-

बाँकी पृष्ठ ३ मा

पृष्ठ १ बाट क्रमशः

# राजनीतिमा प्रतिबन्ध र सामाजिक दलाल फासिवाद

गर्दै निरन्तर प्रगतिशील, उन्नत संस्कृति भएको समाज निर्माण गर्न र पुरानो संसद्वादी व्यवस्थाको अन्त्य गरी जनताको जनवादी तथा वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना गर्न देशव्यापी जनचेतना फैलायो, जनपरिचालन गऱ्यो ।

दलाल पुँजीवादी संसदीय सत्ता क्रान्तिकारी राजनीतिबाट अत्तालिएर क्रान्तिकारी विचार, सिद्धान्त र परिवर्तनका विरुद्ध अन्तिम युद्धमा उत्रियो । राजनीतिक अधिकार मानिसको नैसर्गिक अधिकार हो । तर यो सत्ताले जनताको राजनीतिक अधिकारमाथि प्रतिबन्ध लगाउन पुग्यो । यसबाट प्रस्ट भएको छ- उनीहरूले आफूलाई नाममा जतिसुकै जोरस्वरले कम्युनिस्ट पार्टी बताउने गरे पनि, समाजवाद उन्मुख अथवा समाजवादी बताउने गरे पनि र यो पार्टी र यसका सञ्चालक गुट व्यवहारमा दलाल पुँजीवादको सेवा गर्ने एकाधिकारवादी पुँजीको एजेन्ट हुने गरेका छन् । त्यसकारण हामीले संश्लेषण गरेको एमाले-माके सम्मिश्रित नेकपाको झुण्ड भनेको सामाजिक दलाल पुँजीवादी हो भन्ने तथ्यको वैज्ञानिक पुष्टि भएको छ । मुखमा समाजवादी र व्यवहारमा दलाल पुँजीवादी यसको सार हो ।

संसद्वादी नेकपाको सरकारले राजनीतिक पार्टीमाथि प्रतिबन्ध लगाउँदै जनताको बोल्ने, राजनीति गर्ने र समाजलाई परिवर्तन गर्ने कामको बन्ध्याकरण गर्ने बाटो समाउँदै आयो । यो पनि सबैलाई प्रस्ट थाहा छ- हाम्रो पार्टीले मूलभूत रूपमा अहिले पनि शान्तिपूर्ण तरिकाले राजनीतिक कामहरू बढाउँदै आएको छ । सामाजिक दलाल पुँजीवादी सरकारले उत्तेजनात्मक गतिविधि बढाए पनि राजनीतिक आन्दोलनको अर्को रूप सशस्त्र युद्ध घोषणा गरेको छैन । हाम्रो पार्टीले सबै हिसाबले देशको राजनीतिक परिस्थितिलाई गम्भीरतापूर्वक लिइरहेको छ र संयमपूर्वक देशका समस्याको राजनीतिक समाधान निस्कन सकोस् भन्ने अपेक्षा गर्दै आएको छ । तर केपी वली सरकारको रबैया देशमा युद्ध थोपर्ने र युद्धको बहानामा साम्राज्यवादका अगाडि घुँडा टेक्ने, नेपालमा अमेरिकी सैनिक अखडा खडा गर्ने, भारु र डलरको प्रलोभन र संसद्वादी लेन्डुपहरूको झुण्डको स्वार्थमा स्वतन्त्र देशको अस्तित्व समाप्त पार्ने ध्याउन्नमा लागेको छ ।

तथ्यहरूले उजागर गरिरहेका छन्- देशको स्थिति दिन-प्रतिदिन अत्यन्त जटिल बन्दै गएको छ । विगतमा देखापर्ने भ्रष्टाचार, कालोबजारी, तस्करी, राष्ट्रघात, सामाजिक असुरक्षा, सीमा क्षेत्रमा दिन-प्रतिदिन भारतीय हस्तक्षेप र अत्याचार बिर्साउने गरी झन् ठूला राष्ट्रघाती कामहरू गरिएका छन् । त्यसमा भर्खरै सहमति गरिएको अमेरिकी डिजाइनको इन्डो-प्यासिफिक रणनीतिमा नेपालको सहभागिता जनाउनु हो । यो सम्झौता लागू गरियो भने नेपालमा अमेरिकी सेनाको ब्यारेक खडा गरिनेछ र त्यसले नेपालका दुवै छिमेकी देशहरू भारत र चीनलाई समेत नकारात्मक प्रभाव पार्नेछ । यसले नेपाललाई विदेशीहरूको रणमैदान बनाउने खतरा पैदा गरेको छ । बहुमतको सरकार बनेको अहंकार र उन्मादको आडमा जनतामाथि थोपरिएको दलाल पुँजीवादी तानाशाही, जनतामाथि थोपरिएको फासिवाद, भारु र डलरको भण्डारण गर्ने लोभमा गरिएका तमाम राष्ट्रघाती कर्तुतहरू एकपछि अर्को गरी उजागर हुँदै आइरहेका छन् । क्षेत्रीय तथा महादेशीय तनाव पैदा गर्ने इन्डो-प्यासिफिक सहमति कथित कम्युनिस्टका नाममा बनेको सामाजिक दलाल पुँजीवादी सरकारका यस्ता कामहरू हुन् जसले देशको वर्तमान नवऔपनिवेशिक अवस्थाबाट कुनै साम्राज्यवादी देशको पूर्ण औपनिवेशिक हुने खतरा बढाइरहेको छ । इन्डो-प्यासिफिक सहमतिका नाममा चीन र भारतजस्ता विशाल देशहरूका बीचमा संवेदनशील अवस्थामा रहेको नेपाल अमेरिकी सैन्य ब्यारेकमा बदल्ने, क्षेत्रीय सन्तुलनमा अस्थिरता पैदा गर्ने र देशलाई युद्धमैदान बनाउने षड्यन्त्र गरिँदैछ । जनविरोधी, राष्ट्रघाती दलाल पुँजीपतिहहरूको हातमा संसद्मा बहुमत हुनु फासिवादको अभ्यास गर्ने लाइसेन्स दिनुजस्तै भएको छ । संसद् प्रतिपक्षविहीन मात्र बनेको छैन, संसद्भित्रका कतिपय पार्टीहरूमा सरकारको फासिवादको विरोध गर्ने नैतिक धरातलसम्म छैन । (नेकपा) भित्रै सरकारका गलत कामहरूको आलोचना गर्ने प्रतिपक्ष सभासद्हरूका आवाजहरू सुन्ने र सच्याउनेमा सरकारको कुनै सरोकार छैन, केही सजग गर्नेहरूको आवाज निस्तेज गरिएको छ ।

हाम्रो पार्टीका विरुद्ध कथित कम्युनिस्ट सरकारले प्रतिबन्ध लगाउने र हत्यासम्ममा उत्रने काम किन गरिरहेको छ ? देशका समस्त बुद्धिजीवी, प्राज्ञ, राजनीतिकर्मी, सामाजिक अभियन्ताहरू र अन्तर्राष्ट्रिय क्षेत्रमा तमाम कम्युनिस्ट पार्टीहरू, समाजवादीहरू र जनवादी शक्तिहरूले नेपाल कम्युनिस्ट पार्टीमाथिको प्रतिबन्ध हटाउन र जनताको राजनीतिक अधिकारको निषेध गर्ने हर्कत सच्याउन अपिल गरिरहँदा पनि यो सरकार हाम्रो पार्टीमाथि युद्धको घोषणा गर्न किन उत्साहित छ ? नेपाली समाजमा यो सबैका लागि उत्सुकताको विषय बनेको छ । यसका पछाडि केही खास कारण देखा पर्छन्, ती हुन् : एकाधिकारवादी साम्राज्यवादको सेवामा आफूलाई समर्पित गरेर सरकारलाई स्थायी जागिरसरह बनाउनु, देशमा गृहयुद्ध थोपर्नु र जनताको परिवर्तनको एजेन्डा अवरोध गर्नु, हतियार खरिद र जनताको हत्यामा अकुत सम्पत्ति कमाउने बाटो बनाउनु र देशलाई पराधीन बनाउनु । सरकारका यी दूरगामी नकारात्मक असर पुऱ्याउने कदमहरूको प्रतिरोध गर्नु हरेक देशभक्त, राष्ट्रवादी र क्रान्तिकारी जनताको कर्तव्य हो ।

देश फेरि पनि किन द्वन्द्वमा फस्दै गएको छ ? देश द्वन्द्वमा जानुको कारक हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी हो कि केपी-प्रचण्ड गुटको संसद्वादी (नेकपा) हो ? यसको पछाडिको खास कारण देशको राजनीतिक व्यवस्था हो । तथ्यहरूबाट उजागर भएका विषयहरू के छन् भने नेपालको राजनीतिक तरलता र अस्थिरताको उचित रूपमा पटाक्षेप हुन सकेको छैन । नेपाली जनता देशमा आमूल परिवर्तन चाहन्छन् र यसप्रकारको आमूल राजनीतिक परिवर्तनबिना राष्ट्रियता, जनतन्त्र र जनजीविका सम्बद्ध समस्याहरूको समाधान पनि हुन सक्दैन । नेपाली जनता शान्ति, समृद्धि, स्वतन्त्रता र स्वाधीनता चाहन्छन् । नेपालको राजनीतिक इतिहासमा यसका लागि लामो सङ्घर्ष चल्दै आएको छ । हरेक आन्दोलनमा प्रतिक्रियावादी वर्गले त्यो परिवर्तनको चाहनालाई कुठाराघात गर्दै आएको छ । नेपालको पछिल्लो इतिहासमा चाहे त्यो २००७ सालको राजनीतिक परिवर्तन होस् वा २०३६ सालको, चाहे त्यो २०४६ सालको परिवर्तन होस् वा २०६३ को, सबै परिवर्तनका राजनीतिक कडीहरू षड्यन्त्र, धोखाधडी र विश्वासघातमा टुङ्ग्याइयो । संविधानसभाबाट संविधान बनाइए पनि राजनीतिक व्यवस्थामा आमूल परिवर्तन हुन नसकेको कारण त्यसले नेपाली जनताको जीवनमा आधारभूत परिवर्तन गर्न सक्दैनथ्यो र सकेन पनि । यो संविधानको घोषणा र कार्यान्वयनले देशको शासन व्यवस्थामा हिजोको सामन्तको स्थानमा अहिले दलाल पुँजीवादी वर्गलाई सत्तासीन गरायो जसले देशलाई अरू पराधीन, वैदेशिक हस्तक्षेप र कङ्गाल बनाउने अवस्थामा पुऱ्यायो । यसको समाधान नेपालले फेरि एउटा क्रान्तिमार्फत पूरा गर्नु अनिवार्य भएको छ । समाजले पैदा गरेको अन्तरविरोधका कारण जनताको प्रतिरोध बढ्नु अनिवार्य बनेको छ । यसप्रकारको प्रतिरोधलाई वैज्ञानिक समाजवादको नेतृत्व नहुने हो भने नेपाली लेन्डुपहरूबाट स्वतन्त्र देशको अस्तित्व विसर्जन हुने खतरा पैदा हुन सक्छ ।

संसद्वादका विरुद्ध जनताको प्रतिरोधको नेतृत्व नेपाल कम्युनिस्ट पार्टीले गर्दै आएको तथ्य नेपालमा मात्र होइन, संसारभरि नै छर्लङ्ग छ । यो आन्दोलनलाई निस्तेज गर्न सरकारले हाम्रो पार्टीसँग एकातिर वार्ता गर्ने हल्ला चलाइरहेको छ र अर्कोतिर अर्थपूर्ण वार्ताका विरुद्ध प्रचारबाजी र विषयान्तर पनि गर्दै आएको छ । वार्ता गर्नका लागि उनीहरूले हाम्रो पार्टीसँग राजनीतिक कामहरू बन्द गर्नुपर्ने, हाम्रो पार्टीले संसद्वादलाई मूल धार मानेर आत्मसमर्पण गर्नुपर्ने र हतियार बुझाउनुपर्ने माग राख्दै आएका छन् । भ्रष्टाचार, कालोबजारी, तस्करी, राष्ट्रघात, माफियातन्त्रका विरुद्ध गरिने सङ्घर्षलाई उनीहरूले हिंसात्मक कार्य भन्ने गरेका छन् र त्यो काम रोक्नुपर्ने उनीहरूको जिकिर रहँदै आएको छ ।

संसद्वादीहरूले हाम्रो पार्टीसँग जुन माग राखेका छन् के उनीहरूले त्यसको वैचारिक, राजनीतिक तथा रणनीतिक असर र महत्वका बारे कहिल्यै गम्भीरतापूर्वक विचार गरेका छन् ? देशले दलाल संसदीय व्यवस्थाबाट प्रताडित हुनु परेको अवस्थामा त्यसका विरुद्ध शसक्त सङ्घर्ष नगर्नु वास्तवमा संसद्वादी बन्नु नै हो । उनीहरूले भनेजस्तै हामीले देशको सम्पत्तिमा ब्रह्मलुट गर्ने र जनतालाई कङ्गाल बनाउने माफियाहरू, भ्रष्टाचारीहरू, तस्कर र कालोबजाीयाहरू, मानवतस्कर र राष्ट्रघातीहरूमाथि कारबाही नगर्ने हो भने देशका अरू संसद्वादी पार्टीहरू र हाम्राबीचमा कार्यदिशा, नीति र क्रान्तिको कार्यक्रमका दृष्टिले कुनै भिन्नता रहनेछैन । हाम्रो पार्टी र क्रान्ति चाहने नेपालका क्रान्तिकारी र जनवादी पार्टीहरू संसद्वादमा विलय भएर होइन, यसप्रकारको प्रतिक्रियावादी व्यवस्थालाई जरैदेखि फालेर मात्र जनताले शान्ति पाउनेछन् भन्ने तथ्य संविधान लागू भएपछिको देशको अवस्थाले बताइसकेको छ ।

उनीहरूको दोस्रो माग रहने गरेको छ : हाम्रो पार्टी संसद्वादी मूलधारमा फर्कनुपर्छ भन्ने । नेपालको संसद्वादी व्यवस्था लामो समयदेखि असफल भइसकेको छ । महान् जनयुद्ध र हजारौँ सहिदहरूको रगत, करोडौँ नेपाली जनताको परिवर्तनको चाहना, र विश्वका अर्बौं परिवर्तनकामी मानिसहरूको चाहना र आकाङ्क्षाप्रति विश्वासघात गर्नेहरूले क्रान्तिकारीहरूलाई संसद्वादमा फर्कन दबाब दिनु आफैँमा हास्यास्पद र पाखण्डपूर्ण प्रलाप हो । संसद्वादको प्रवाहमा समावेश हुनुको तात्पर्य संसद्वादीहरूसँगै मिलिजुली देशमा ब्रह्मलुट मच्चाउन सहभागी हुनु हो । अहिले संसद्वादमा समाहित होइन, सबै कम्युनिस्टहरू, समाजवादी-जनवादीहरू, क्रान्तिकारीहरू देशको आमूल परिवर्तन गर्ने क्रान्तिकारी राजनीतिको मूल प्रवाहमा समावेश हुन आवश्यक भइसकेको छ ।

जहाँसम्म देशको राष्ट्रिय स्वाधीनता, समृद्धि र प्रगतिका निम्ति सङ्घर्ष गर्ने कुनै पनि शक्तिलाई हतियार बिसाउन प्रेरित गर्ने तेस्रो मागको सवाल छ, त्यो देशलाई निःशस्त्र, निष्काम र पराधीन बनाउने षड्यन्त्रबाहेक केही होइन । जब देशले सन् १८१६ को सुगौली सन्धिदेखि जनतालाई निःशस्त्र गर्ने नीतिका कारण अहिलेसम्म पराधीनता बेहोरेको छ, जहाँ जनतालाई निःशस्त्रीकरण गरेकै कारण १०४ वर्षसम्म राणाहरूको बर्बर शासन खेप्नुपऱ्यो, जहाँ निःशस्त्रीकरणकै कारण पञ्चायतदेखि संसदीय काल हुँदै अहिलेसम्म जनतामाथि लुटपाटको शासन थोपरियो, जहाँ निःशस्त्रीकरणकै कारण दिन-प्रतिदिन देशको भूभाग गुम्ने गरेको छ र जनताले स्वाधीनताका महसुस गर्न सकेको छैन, जहाँ जनता हतियारबद्ध नहुनुकै कारण हेपिने, लुटिने र उत्पीडित हुने अवस्था उत्पन्न हुने गरेको छ, त्यो देशमा कुनै पनि देशभक्त शक्तिलाई अथवा समस्त जनतालाई हतियारविहीन गर्नु, निःशस्त्रीकरण गर्नुको उद्देश्य प्रकारान्तरमा सिङ्गो राष्ट्रलाई पराधीन बनाउनु हो र देशको समस्त सुरक्षासंयन्त्र– सेना, प्रहरीसहितको राष्ट्रिय शक्तिलाई कमजोर पार्नु हो । प्रकारान्तरले देशलाई निःशस्त्रीकरण गर्ने, राष्ट्रलाई पराधीन बनाउने षड्यन्त्रस्वरूप कुनै पनि सरकारले देशको जनतालाई निःशस्त्रीकरण गर्न अपिल गर्न सक्दैन । देशको राजनीतिक व्यवस्था बदलेर शान्ति, समृद्धि र निरन्तर प्रगति प्राप्त गर्ने राजनीतिक व्यवस्था स्थापना गरी राष्ट्रिय एकता, स्वाभिमान र अन्तर्राष्ट्रिय भातृत्वको विकास गर्नुको सट्टा जनतालाई हतियार बुझाउन माग गर्ने संसद्वादीहरूको यो सोचाइमा वैचारिक र राजनीतिक त्रुटि रहेको छ । उनीहरूले जनतालाई निःशस्त्र गर्ने सिद्धान्त सत्तामा रहेको हतियारको दुरुपयोग गरी जनतामाथि निरन्तर लुटखसोट गर्ने, भ्रष्टाचार गर्ने, राष्ट्रको सम्पत्तिमा मुठीभर दलालहरूको वर्चस्व कायम गर्ने र जनतालाई कङ्गाल बनाउने नीति र व्यवहारबाट अभिप्रेरित छ । जनताका विरुद्ध राज्यको दुरुपयोग गर्ने लुटेराहरू मात्र जनताको हतियारबाट आतङ्कित हुने गर्छन् । जनताको हितमा गठित भएको, जनताको हित गर्ने र जनताबाट स्वीकृति प्राप्त गरेको कुनै पनि राज्यव्यवस्थाले जनतासँग भएको हतियारबाट त्रसित हुनु पर्दैन र हुने गरेको पनि छैन । के जनताबाट स्वीकृत सभ्य शासन व्यवस्थामा जनताबाट सत्तामाथि हतियार उठाउने सम्भावना हुन सक्छ ? जुन देशको शासन व्यवस्था त्यो देशको जनताबाट अस्वीकृत हुने गर्छ, त्यहाँका जनताले आफ्नो अस्त्र अन्यायका विरुद्ध प्रयोग गर्छ र गर्न पनि पाउनुपर्छ । नागरिकका लागि हतियार प्रयोग गर्ने अधिकार वैज्ञानिक समाजवादी व्यवस्था प्राप्त गर्न, त्यसको रक्षा गर्न र त्यो व्यवस्थाको निरन्तर विकास गर्न अनिवार्य सर्त हो; यो हरेक नागरिकको नैसर्गिक अधिकार हो । जुन मुलुकमा जनताबाट स्वीकृत व्यवस्था प्रयोगमा आएको हुन्छ त्यहाँ जनता निःशस्त्र हुँदैन तर शस्त्रको प्रयोग राजनीतिक चेतनाबाट नियन्त्रित हुने गर्छ ।

के नेपालको दलाल संसदीय व्यवस्था जनताबाट अनुमोदित व्यवस्था हो ? के नेपाली जनता संसद्वादीहरूको कुनै पनि लुटखसोट, भ्रष्टाचार, तस्करी र अत्याचार ठीक भएको मान्छन् ? के नेपाली जनता नेपालका दलाल पुँजीवादी शासकहरूबाट निरन्तर भइरहने राष्ट्रघात, गरिबी, ऋणभारलाई स्वीकृत गर्छन् ? के नेपाली जनता संसद्वादीहरूको अहंकार, जातीय-क्षेत्रीय हेपाइ र अत्याचारका शृङ्खलाहरूलाई खुसीका साथ ग्रहण गर्न सक्छन् ? जब देशको शासन व्यवस्थामा कुनै पुँजीवादी, साम्राज्यवादी वा दलालहरूको वर्चस्व रहिरहन्छ र जनता सम्पूर्ण अधिकारबाट वञ्चित भइरहेको हुन्छ त्यो अवस्थामा जनताका हातमा हतियार हुनु आवश्यक हुन्छ । के कुनै पनि निःशस्त्र जनताले आफ्नो राष्ट्रको रक्षा गर्ने आफ्नो सरकारलाई सहयोग गर्न सक्छ ?

ऐतिहासिक तथ्यहरूले पुष्टि गरेको कुरा के हो भने जबसम्म संसारबाट सम्पूर्ण रूपमा हतियारको अन्त्य हुँदैन तबसम्म जनता निःशस्त्र हुनु भनेको सिङ्गो देश निःशस्त्र हुनु हो । साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा जनता निःशस्त्र हुनु भनेको देशको सेना र प्रहरी अथवा राष्ट्रको सम्पूर्ण सुरक्षा संयन्त्र निःशस्त्र हुनु हो । जनता हतियारबाट निःशस्त्र हुनु भनेको प्रकारान्तरले एकाधिकार पुँजीवादका मुठीभर दलालहरूबाट सम्पूर्ण जनता उत्पीडित र दमित हुनु हो, र आमजनतामाथि एकाधिकार पुँजीवादी शक्तिको लुट सुनिश्चित गर्नु हो । माओ त्सेतुङले आफू र आफ्नो चिनियाँ कम्युनिस्ट पार्टी सत्तासीन रहेको अवस्थामा भन्नुभएको थियो, 'सत्तामा भएका बुर्जुवाहरूका केन्द्रीय अखडामा बम वर्षा गर ।' माओ त्सेतुङको यो आह्वानमा जनताको जनवादी सत्ता– वैज्ञानिक समाजवादलाई सुदृढ गर्ने, समस्त चिनिया जनतालाई एकताबद्ध गर्ने र समाजमा पैदा हुने न्याय र अन्यायका बीचको अन्तरविरोधमा न्यायको पक्षलाई सुदृढ गर्ने वैज्ञानिक मान्यता अन्तरनिहित थियो । विश्का अनुभवहरूले के पुष्टि गरेका छन् भने जुनजुन देशले आफ्ना नागरिकहरूलाई निःशस्त्र गरे त्यो नीतिले कालान्तरमा देशलाई पराधीन बनायो, राष्ट्रिय एकताको अन्त्य भयो र देशमा विखण्डन पैदा गऱ्यो । जुन देशमा जनतालाई शसस्त्र हुने वातावरण बनाइयो ती देशहरू स्वाभिमानका साथ प्रगतिको बाटोमा अगाडि बढे र बढिरहेका छन् । के कम्युनिस्ट नामधारी सामाजिक दलाल पुँजीवादीहरूले यसको दार्शनिक, राजनीतिक र रणनीतिक महत्वबारे कहिल्यै सोच्ने गरेका छन् ?

देशलाई पराधीन बनाउन, लुटेरा, तस्कर र माफियाहरूको शासनलाई वैधानिकता दिन, देशको राष्ट्रियतालाई धरापमा पार्ने उद्देश्यका साथ ल्याइएको सरकारी वार्ता प्रस्तावबाट कुनै अर्थपूर्ण निष्कर्ष निस्कँदैन । सामाजिक दलाल पुँजीवादी सत्ताको अन्त्य र वैज्ञानिक समाजवादको स्थापनाका लागि हाम्रो पार्टी जुनसुकै मूल्य चुकाउन पनि तयार हुनेछ । नेपाली जनताका लागि केवल दुई विकल्प हातमा छन् : संसद्वादी हतियारको अगाडि उनीहरूले लादेको उत्पीडन र दासता स्वीकार गर्ने वा उनीहरूको उत्पीडनको अन्त्य गर्न हतियार उठाउने ! लेनिनले भन्नुभएको थियो, 'जो अन्यायका विरुद्ध हतियार उठाउन तयार हुन्छ त्यो दास भएर पनि नागरिक हो । जो उत्पीडनका विरुद्ध हतियार उठाउन तयार हुँदैन त्यो दासका रूपमा गनिन लायक हुन्छ ।' नेपाली जनताले कहिल्यै पनि दासताको स्वीकार गरेका छैनन् र सामाजिक फासिवादको दासता पनि कहिल्यै स्वीकार गर्ने छैनन् ।

## प्रतिबन्ध, वम ...

व्यवसायीमा छ शान्ति ? आधा पेट खाएर मालिकको मार सहेर मूल्यहीन जीवन बाँच्न बाध्य लाखौँ मजदुरको जीवनमा छ शान्ति ? अशान्तिको सर्जक संसदीय व्यवस्था र त्यसका सारथि वली-प्रचण्ड अशान्ति मच्चाउने तत्व कि यो कहालीलाग्दो जीवनबाट नागरिकलाई बचाउने क्रान्तिकारी अभियन्ता हामी अशान्तिको तत्व ? खसीको टाउको झुन्ड्याएर कुकुरको मासु बेच्ने दोकान हो संसदीय सत्ता । यसको विशेषता नै अशान्ति हो किनकि पुँजीवाद भनेको हिंसा हो, हत्या, लुटपाट र अत्याचार हो । दलालहरू जे गर्छन्, त्यो बोल्दैनन्; जे गर्दैनन्, त्यो जोडतोडले हल्ला गर्छन् ।

प्रतिबन्धले नेपाली राजनीतिमा सानोतिनो भूकम्प नै ल्याइदियो । सरकार २०७२ वैशाख १२ भन्दा पनि भयङ्कर र विध्वंसकारी हर्कत गर्न चाहन्थ्यो । यसैले उनीहरूलाई हाम्रा नेता-कार्यकर्ताको धरपकड र राजनीतिक कार्यक्रममा रोक लगाएर मात्रै पुगेन । उनीहरूको रक्तपिपासु आत्मालाई नेपाल आमाका होनहार छोराहरूको रगत नपिई धित मरेन । कतिपय गिरफ्तारीमा झुटो मुठभेडको नाटक रचियो भने कतिपयमा विप्लवको भयानक तयारी भनेर प्रचार गरियो । यसैको उत्कर्ष थियो, भोजपुर र खोटाङ जिल्लाको सीमावर्ती क्षेत्र टेम्केमैयुङ गाउँपालिका वडा नं २ को धोत्रे जङ्गलको जेठ ७ गतेको घटना । जहाँ पार्टी काममा हिँडेका क. तीर्थ घिमिरेलाई घेरा हाली गिरफ्तार गरेर पहिला खुट्टामा गोली हानियो, अमानुषिक यातना दिइयो । त्यतिले पुगेन वली-प्रचण्डलाई । अनि निर्ममतापूर्वक नौजवान युवाको कत्लेआम गरियो । पुनः प्रचार गरियो सङ्कटकाल सम्झाउने गरी- मुठभेडमा एक आतङ्ककारी मारियो, हातहतियार बरामद !

वातावरण एकाएक रापिलो भयो । हत्याको विरोधमा चौतर्फी आक्रोश पोखियो । हाम्रो पार्टी र आम जनसमुदायलाई शोकाकुल बनायो । आँखाहरू रसाए । मनहरू बेचैन भए । मुठीहरू कसिए र पार्टीले प्रतिरोधस्वरूप जेठ १३ गते नेपाल बन्द आह्वान गऱ्यो । घटना असामान्य थियो । बदलामा मुटुहरू रोकिएका थिए । सामान्य कोणसभा र जुलुसमा पनि राक्षसी दमन गर्ने हत्याराहरूलाई आफ्नै तरिकाले चोटिलो जबाफ दिनुपर्ने बाध्यकारी स्थिति सिर्जना भयो । खुलेआम घोषणा गर्नु थियो- हत्या र दमनको यो शृङ्खला जारी राखे तिम्रो महलमै पनि सुरक्षित छैनौ तिमी । तिम्रै सहरमा सुरक्षित छैनौ तिमी । यसैले यिनका बहिरा कानलाई ठूला धमाका सुनाउनु थियो, जनताको तागत बुझाउनु थियो । तिनको अपराध कति गम्भीर छ, त्यसको बोध गराउनु थियो । यसका निम्ति जेठ १३ गतेको बन्द शक्तिशाली बनाउनु थियो । यो क्रान्तिकारीको आफ्नै तरिका थियो । प्रतिरोधको दायित्व थियो । किनकि केपी-पीकेको खुनी हर्कतले सीमा नाघिरहेको थियो । नेपाली धर्तीमा भोजपुरको पाखामा राष्ट्रलाई अति नै माया गर्ने नौजवान तीर्थ घिमिरेको ज्यान लिइएको थियो- देश बेच्ने दलालहरूबाट । यो क्षण पीडाको थियो, वेदनाको थियो अनि थियो बदला र आक्रोशको ।

यही जिम्मेवारी पूरा गर्न जुटेका थिए जेठ १२ गतेको बिहानैबाट नौजवान युवाहरू, आँखाभरि आँसु र मुटुभरि आक्रोश बोकेर हत्याराहरूको मुटुमै क्रान्तिकारी दमाहा ठोक्ने उच्च मनोबलसहित । दिन ढल्किँदै थियो- समय आफ्नै गतिमा बगिरहेको थियो । बेखबर थियो काठमाडौँ । खबरभित्रै पनि थियो काठमाडौँ । तर घडीले ४ः२० मिनेटको सङ्केत गर्दै थियो । प्राविधिक गड्बडीका कारण राजधानीको मुटु कम्पायमान हुनेगरी विस्फोट भयो, घट्टेकुलो र सुकेधारामा । बमको भयङ्कर आवाज र कालो धुवाँसँगै विलीन हुन पुगे क. महान्, क. दीपेन्द्र, क. निरन्तर र क. प्रज्वल । एकपटक फेरि आँखामा बारुद विस्फोट भयो । अन्धकार छायो चारैतिर । पीडाले गाँज्यो मुटुहरू र स्तब्ध भयो समय । हामीले उहाँहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्छौं र घाइते कमरेडहरूको शीघ्र स्वास्थ्यलाभको कामना ! र गर्छौं प्रतिबद्धता वैज्ञानिक समाजवाद प्राप्तिको महान् बाटोमा हामी उनीहरूको बलिदान कदापि खेर जाने दिनेछैनौँ ।

घटनापछि धेरै कोणबाट प्रतिक्रिया र टिप्पणी आए । धेरैलाई केही भन्नु छैन तर मानवीय संवेदना गुमाएका केही पाखण्डीले 'अरूलाई थाप्ने पासोमा आफैँ' भनेर दाह्रा ङिच्याएको धेरैलाई मन परेन । कैयौँ समाचार एकदमै भ्रामक, तथ्यहीन र उत्तेजना फैलाउने प्रकारका पनि आए । हुनत गन्तव्यमा लम्किएको हात्तीलाई पछाडिबाट आवाज दिने भुस्याहा कुकुरहरूको कुनै पर्वाह हुँदैन तर वातावरणमा ध्वनि प्रदूषण भने पक्कै हुँदो रहेछ ।

यी सबै घटना-दुर्घटनाको 'मुहान' हो प्रतिबन्ध र त्यसको केन्द्रमा छन् वली-प्रचण्ड । यिनको फासिवादी दिमागले ल्यायो प्रतिबन्ध । प्रतिबन्ध नआएको भए प्रतिरोध हुँदैनथ्यो । भोजपुरमा हत्या नभएको भए नेपाल बन्द आउँदैनथ्यो । बम जरुरी नहुँदा यो दुर्घटना हुँदैनथ्यो । यो घटना नहुँदा युवाहरू सहिद हुँदैनथे । तसर्थ तथ्यहरूका आधारमा भन्न सक्छौँ- यी साराका सारा घटनाका कारक वली-प्रचण्ड सरकार हो ।

मैले यो आलेखलाई बिट मार्दै गर्दा हाम्रा अनुभवहरूका आधारमा भन्नैपर्छ- सङ्घर्षमा, क्रान्तिमा, कहिलेकहीँ प्राविधिक गडबडीका कारण अकल्पनीय, हृदयविदारक र भयानक दुर्घटना हुने गर्छन् । मैले पनि क्रान्तिमा यस्ता धेरै भोगेको छु, पढेको छु, देखेको छु र सुनेको छु । तत्कालीन भारतीय कम्युनिस्ट पार्टी (पिपुल्स वार ग्रुप) हाल भाकपा माओवादीले एम- ३६ ग्रिनेटको प्रविधि आफूले परीक्षण गर्दा पार्टीका एक होनहार कमरेड गुमाउनुपरेको थियो । उनी सहिद भए र पिपुल्स वार ग्रुपले आफ्नै उत्पादनको ४-३६ को ग्रिनेट पायो । हाम्रै जनयुद्धमा पश्चिम नेपालमा ८१ एमएम तोपको मोर्टार (सेल) निर्माणपछि प्रयोग गर्ने क्रममा तोपको ब्यारेल नै विस्फोट भयो र हामीले अति महत्वपूर्ण कमरेडहरू गुमाएका थियौँ । पञ्चायतविरुद्ध लडिरहेका रामराजाप्रसाद सिंहका एक कार्यकर्ता २०४२ सालमा पोखरामा टाइम बम बनाउँदै गर्दा विस्फोटमा परे र बमको धमाकासँगै उहीँ टुक्राटुक्रा भए । नेपाली सेनाको जागिरमा रहेका कतिपय जवान र अफिसर यस्तै दुर्घटनाको सिकार हुने गरेका छन् । मैले कैयौँसँग साक्षात्कार हुने मौका पाएको छु । आज हामी जुन विज्ञान-प्रविधिको प्रयोग गरिरहेका छौँ, त्यसका लागि हाम्रा हिजोका धेरै वैज्ञानिकले आफ्नो अमूल्य जीवन बलिदान गरेका छन् र उनका रगतसँग साटिएका प्रविधि प्रयोग गर्दै हामी अगाडि बढिरहेका छौँ ।

तोड्छौँ हामी प्रतिबन्ध तिम्रो घेराबन्दी  
क्रान्ति हाँक्ने वीरहरूको हेर लामबन्दी  
हुन्छ जित सत्यको तिमी हार्नेछौ  
हामी जित्नेछौँ सुन तिमी हार्नेछौ ॥

व्यापक नेपाली

# प्रधानमन्त्री केपीलाई जबाफ

सम्माननीय प्रधानमन्त्री केपी वलीले २०७६ जेठ १३ गते राष्ट्रिय मानवअधिकार आयोगको १९ औँ वार्षिकोत्सव समारोहमा नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीप्रति आक्रोश पोख्दै माग के हुन् ? भनी प्रश्न गरेका छन् । उनले व्यक्त गरेका र उठाएका सवाललाई निम्नानुसार विश्लेषण गरिएको छ :

१. केपी वलीको सरकारलाई नेपाल कम्युनिस्ट पार्टीले माग पेस गर्ने र त्यसले पूरा गर्ने भन्ने सोचाइ नै सामन्तवादी अधिनायकीय हो । हजारौँले बलिदान गरेर प्राप्त भएको यो गणतन्त्रको वास्तविक हकदार केपी वलीलगायत संसदीय दलहरू नभई श्रमजीवी क्रान्तिकारी जनता र त्यसको अविच्छिन्न उत्तराधिकारसहित नेतृत्व गरिरहेको नेपाल कम्युनिस्ट पार्टी हो । उनीहरूले त गणतन्त्र, समावेशी, धर्म निरपेक्षतालगायत उपलब्धि चाहेकै थिएनन् । सकेसम्म दाम चढाएरै श्री ५ को सरकारमा जान चाहेका थिए तर जनयुद्धको रापले राजतन्त्रलाई ढालेपछि अपर्झट गणतन्त्रवादी भएकाहरूले अहिले के हो तिमीहरूको माग भनी सोध्न सुहाउँदैन । तत्कालीन राजा ज्ञानेन्द्रले दलहरूलाई तिमीहरूले के माग्ने हो माग, म दिन्छु वा म दिने तिमी (जनता) हरू हात थाप्ने हो भनेजसरी व्यवहार गर्दाको परिणाम केपीहरू (यो शब्दले एकजना व्यक्ति नभई सामाजिक दलाल पुँजीवाद पक्षधर संसदीय धारलाई जनाउँछ) ले सम्झनुपर्छ । ज्ञानेन्द्रले लात हानेपछि केपीहरू रहेको तत्कालीन ७ वटा संसद्वादी दलहरू दिल्ली र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को शरणमा परेका थिए । राजाको कदमका विरुद्ध भएको ४ बर्से आन्दोलन हेर्दा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) नभएको भए यिनीहरू केशरजङ्ग रायमाझी, वा राधाकृष्ण मैनालीजस्तै हुन्थे वा राजाको जेल, वा घरमै नजरबन्दमा रहेका हुन्थे । तत्कालीन नेतृत्वमा रहेका दाहालले जनतामाथि दिएको भयानक धोकाको कारणले संसदीय व्यवस्थाको निरन्तरतामार्फत अहिलेसम्म दोहनकारी माफिया-राज्य सञ्चालन गरिरहेका छन् । केपीहरूको यो संसदीय सरकार र सत्ता सामन्तवाद तथा दलाल पुँजीवादको सहउत्पादन भएकाले श्रमजीवी जनताका लागि नाजायज, अस्वीकार्य एवम् खारेजभागी छ, माग राख्ने र पूरा गरिदिने विषयलाई त टाढै राखौँ ।

२. केपीले चुनावबाट सत्तामा पुगेर चाहिएको सुधार गर्ने ल्याकत नभएकाले हिंसाको बाटो रोजेको बताएका छन् । सत्तरी वर्षदेखि पटकपटक चुनावबाट सत्तामा पुगेका शासक र दलले जनताको वास्तविक दयनीय अवस्थामा के सुधार गरे ? उनको दल पनि दर्जनौँपटक सरकारमा गयो तर तस्करी, कार्यकर्तालाई ठेकेदारी, भ्रष्टाचार र गुटगत समृद्धिबाहेक के दियो जनतालाई ? झन्डै एकै समयमा स्वतन्त्रता र क्रान्ति सम्पन्न गरेका विश्वका अन्य देशले नेपालको भन्दा पचासौँ गुणा बढी प्रगति गर्दा नेपालमा सुधार गर्न यिनीहरूलाई कसले रोकेको थियो ? जनता र देशको मुक्तिका लागि श्रमिक वर्गले बल प्रयोग गरी ९९ प्रतिशत जनताका लागि राज्यसत्ता स्थापना गर्नु हिंसा होइन, क्रान्ति हो । यो दलाल संसदीय व्यवस्थामा त केपीमण्डलीले पाँच वर्ष होइन, बीस वर्ष निरन्तर सरकार चलाए पनि जनताका निम्ति कुनै उपलब्धिमूलक कार्य गर्ने छैनन् भन्ने प्रमाण त तीसबर्से निरन्तर पञ्चायत र तीसबर्से काङ्ग्रेस-एमालेको शासनले नै प्रमाणित गरेको छ । ६० लाख युवालाई देश निकाला गरेर उनीहरूको कमाइमा राजस्व असुलीमार्फत राजकीय ढुकुटीमा लूट गरी आफ्ना परजीवी कार्यकर्ता पोस्नेबाहेक आमनागरिकका लागि महसुसयोग्य काम गर्न नसकेको तीतो सत्य हो । संसदीय पद्धतिले यस्तो अवस्था सिर्जना गराउँदा पनि अर्बौं रुपैयाँ खर्च गरेर भोट खरिद गर्ने पद्धतिको संसदीय चुनावबाट सत्तामा पुगेर चाहिएको सुधार गर्ने सपना देखाइरहनु नेपाली जनता र उनीहरूकै केही इमानदार कार्यकर्तालाईसमेत 'इमोसनल ब्ल्याकमेल' गरी आफूले बाँचुन्जेल सत्तासयल गरिरहने षड्यन्त्र मात्र हो ।

३. उनले कोसँगको आक्रोश ? केमा विरोध ? चाहिएको के हो ? भनी रिसाएर प्रश्न गरेका छन् । उनलाई नेपाल कम्युनिस्ट पार्टीले वृद्ध किसान मोहनप्रसादका पुत्र केपी वलीलाई रिस गरेर आन्दोलन गरिरहेको हो भन्ने भ्रम छ । नेपाल कम्युनिस्ट पार्टीको आक्रोश केपीलगायतसँगको व्यक्तिगत हुँदै होइन बरु केपीहरूले मलजल, संरक्षण गरेको दलाल पुँजीवादसँग हो । हालको नेपाली दलाल पुँजीवादको विकास सामन्तवाद, उत्तरसाम्राज्यवाद, साम्राज्यवाद र नवउदारवादका विविध तत्वहरूको समिश्रणका रूपमा भएको छ । यसले दलाल संसदीय राजनीतिक प्रणालीको काखमा बसेर राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक, मित्रराष्ट्रसँगको सम्बन्ध, पृथ्वीको जीवन र पर्यावरणलाई आफ्नो नाफाका लागि प्रयोग गरिरहेको छ । किसानको धानबारीमा मौलाएको सामाजस्तो गरी दलाल पुँजीवादले सबैतिर जकडेको छ र केपीहरूलाई खानपिन गराएर हामी तपाईंहरूकै हो भनेर जनतालाई लुटिरहेको छ । धानबारीको सामारूपी दलाल पुँजीवादको विरोध गर्दा केपीहरू चोरको खुट्टा काट्भन्दा खुट्टा उचालेजसरी झस्कन्छन् । त्यही दलाल तत्वलाई केपीहरू मेरा नेता/कार्यकर्ता हुन् भनेर भ्रममा परेका छन् । मार्क्सवाद-लेनिनवाद-माओवादको विकसित रूप एकीकृत जनक्रान्तिको आक्रोश र विरोध यही दलालतन्त्रसँग हो । केपीका गृहमन्त्री रामबहादुरले नै भनिसके नेपाल कम्युनिस्ट पार्टीले सत्ताका सबै अवयवको विकास गरिसकेको छ । यसबाट प्रस्ट हुन्छ, नेपाल कम्युनिस्ट पार्टीले एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्ने हो । जनताको सचेत सहभागितामा आवश्यकताअनुसार विभिन्न प्रकृतिको बलप्रयोगमार्फत श्रमजीवी किसान, मजदुर, देशभक्तलगायतको सहभागिता र कम्युनिस्ट पार्टीको नेतृत्वमा सत्ता स्थापना गर्ने हो ।

४. उनले चुनावअनुसार सरकार बन्ने, संविधानअनुसार सरकार चल्ने, संविधानअनुसारै कानुन बन्ने अहिलेको लोकतान्त्रिक अभ्यासभन्दा भिन्न कुन प्रणाली ल्याउन खोजेको ? भनी प्रश्न गरेका छन् । केही अपवादबाहेक हरेक संसदीय चुनावमा सबैभन्दा बढी रकम खर्च गर्ने दल र उम्मेदवारले जित्ने गरेको बेहोरा घामजस्तै छर्लङ्ग छ । अधिकांश तथाकथित माननीय सांसदहरू अपराध, कालोबजारी, तस्करी, कामचोर ठेकेदार र भ्रष्ट राजनीतिज्ञ रहेको सन्दर्भमा फोहोरको ढलमा नुहाउनुपर्छ भन्ने केपीको आह्वान खारेजयोग्य छ । सांसदलाई भेडाबाख्राजसरी खरिदबिक्री गरिएका, राष्ट्रियतामा घात गराउन विदेशी एजेन्सीको रकम लिई आदेशअनुसार काम गरेको तथ्य आम सचेत नागरिकलाई थाहा छ । दलालीकरणमा सम्पूर्ण राज्यलाई डुबाउँदा त यस्तो भाषण गर्नेहरूले संविधानमा श्रमिक वर्गको हित संरक्षण गर्ने, राष्ट्रको सार्वभौमिकता र स्वतन्त्रता बलियो बनाउने, राष्ट्रिय अर्थतन्त्र र संस्थाहरूलाई व्यावसायिक/बलियो बनाउने, राज्यका तीनवटै अङ्गलाई स्वच्छ र उच्च नैतिक धरातलमा राख्ने, भ्रष्टाचार नहुनेलगायत काम गरेको भए केपीहरूको बोली कस्तो हुन्थ्यो होला ? दिनदिनै सरकारले गैरसंवैधानिक काम गरिरहेको विषय पत्रपत्रिकामा छ्यापछ्याप्ती छन्, कानुन निर्माणमा गैरसरकारी निकाय, एजेन्ट, बिचौलिया र कन्फ्लिक्ट अफ इन्ट्रेस्ट भएका माननीयहरूको संलग्नता र सम्पूर्ण निर्णायक निकायमा नीतिगत र सञ्चालनगत भ्रष्टाचार भएको विषय काङ्ग्रेसका सांसद र संवैधानिक आयोगहरूले भनिरहेका छन् जुन विषयको विरोध केपीहरू प्रतिपक्षमा हुँदा पनि सत्तासयरको अवसर आउँछ कि भनी गर्दथे, सडकको रेलिङ र संसद्को माइक/कुर्सी भाँच्थे । केपीले यही सत्तरी वर्षदेखि खेलिरहिएको संसदीय दोहोरी अब पनि खेलिरहनुपर्छ, संसदीय व्यवस्थामा सबै हुन्छ अर्को व्यवस्था किन चाहियो ? भन्नु नेपाली समाज, भाबी पुस्ता र इतिहासको प्रगतिशील चक्कालाई रोक्न खोज्नु हो । पृथ्वी सुन्तलाजस्तै गोलो छ भन्ने वैज्ञानिकलाई चेप्टो छ भन्ने मान्यता राख्ने तथाकथित संस्थापन पक्षधर मानिने वैज्ञानिकले कुतर्क गरेर हराउन खोजेजसरी गलत व्याख्या र अफवाह फैलाएर नेपाल कम्युनिस्ट पार्टीप्रति खेदो नगर्नु नै केपीहरूको भलाइमा छ । सके एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न सहयोग गर्ने र नसके अवरोध नगर्ने नीति लिँदा नै केपीमण्डलीको हितमा छ किनकि वैज्ञानिक समाजवादी व्यवस्था नेपाल कम्युनिस्ट पार्टीको मात्रै पेवा होइन, सबै वास्तविक कम्युनिस्टले यसलाई सहयोग गर्छन् तर केपीहरू यही व्यवस्था स्थापना गर्न लागेको पार्टी र उसको एकीकृत जनक्रान्तिको कार्यदिशालाई शत्रुतापूर्ण व्यवहार गरिरहेका छन् । यसैबाट पनि प्रमाणित हुन्छ जनताको समाजवादी व्यवस्थाप्रतिको आस्था र निष्ठामाथि ब्ल्याकमेलिङ गर्दै भोट प्राप्त गर्ने र देखावटी सुधार गरेर सामाजिक दलाल पुँजीवादी सत्तालाई निरन्तरता दिने कार्यमा उनीहरू लागेका छन् ।

५. उनले उहाँहरू चुनावमा आउनुहुन्न किनभने जित्ने सम्भावना छैन, जनता मारेर आतङ्कित गर्नुहुन्छ भनेका छन् । नेपाल कम्युनिस्ट पार्टीका नेता-कार्यकर्तालाई कहिले 'आतङ्ककारी' त कहिले 'उहाँहरू' भनेर सम्बोधन गर्नुले उनी मानसिक रूपमा इन्कन्सिस्टेन्ट र भित्री रूपमा एकीकृत जनक्रान्ति राजनीतिक एजेन्डा नै हो भन्ने बुझेको व्यक्तिजस्तो देखिन्छ । उनले ठीकै भनेका छन्, उहाँहरू चुनावमा आउनुहुन्न किनभने जित्ने सम्भावना छैन । गाउँपालिकाको वडाध्यक्ष जित्नका लागि त पचासौँ लाख खर्च गरेको अनुभव केही नेताहरूले सुनाएका छन्, सङ्घीय र प्रदेशमा त झन् करोडौँ खर्च गरेर गरिब जनताको सार्वभौमिकता वा मत पैसामा किनिएको छ, यस्तो संसदीय चुनावमा नेपाल कम्युनिस्ट पार्टीले जित्दैन । यस्तो संसदीय चुनाव त संसदीय पार्टीको ब्यानरमुनि बसेका ठेकेदार-नेता/कार्यकर्ताले मात्र जित्छन्, त्यसको प्रमाण चाहिएमा झलनाथ खनाल, घनश्याम भुसाल र प्रदीप गिरीहरूलाई सोध्न सकिन्छ । तर दुर्भाग्य ! सम्पूर्ण जीवन राजनीतिमा व्यतित गरेका र बर्सौं जेलनेल भोगेका, केपीमा गहिरो विद्वता र अनुभव हुनुपर्नेमा उल्टै कच्चा तरिकाले आडमा हुटिट्याउँले आकाश थाम्नेजसरी दलाल संसदीय व्यवस्था थाम्न किन लागेका हुन् ? किन राष्ट्रघाती र जनघाती भई दलाल, भ्रष्ट र माफिया सञ्जालका संरक्षक भएका हुन् ? यो विषयचाहिँ राजनीतिक समाजशास्त्रमा अनुसन्धानको विषय हो । मूल चीज भनेको वर्गीय राजनीतिक दर्शन र कार्य संस्कृतिको प्रणाली हो । सायद उनीहरूले अवलम्बन गरेको संसदीय व्यवस्थाको डीएनए नै राष्ट्रघाती र जनघाती भएकाले त्यसको प्रभाव कार्यपालिका प्रमुख रहेका केपीमा देखिनु स्वाभाविकै होला । राज्यले युवा सङ्गठनका नेतालाई झूट्टा इन्काउन्टर गरी हत्या गर्दा उनी केही बोल्दैनन्, जेठ १३ गतेको नेपाल बन्दमा सहिद भएका ४ जनालाई रामबहादुरले नागरिक होइनन् भन्दा लाज मान्दैनन् तर राजनीतिक आन्दोलनका क्रममा एनसेलमाथि कारबाही गर्दा दुर्घटनावश मृत्यु भएकाप्रति माफी माग्दै क्षतिपूर्तिसमेत घोषणा गर्ने नेपाल कम्युनिस्ट पार्टीलाई महेश बस्नेतकै स्तरको अपरिपक्व अभिव्यक्ति दिन उनको राजनीतिक उचाइले अनुमति दिँदैन । यसैबाट पनि अनुमान गर्न सकिन्छ, श्रमजीवी वर्गले क्रान्ति सम्पन्न गर्नै लागेको इतिहासको महत्वपूर्ण घडीमा दाहाल-भट्टराईले गराएको दुर्घटनाको कारणले केपीहरू कार्यकारी प्रमुख बनेका हुन् ।

६. उनले क्रान्ति र परिवर्तनका नाममा बम पड्काएर मान्छे मार्नु मानवअधिकारको सबैभन्दा ठूलो उल्लङ्घन भएको बताएका छन् । मान्छे मार्नु मानवअधिकारको उल्लङ्घन हो तर क्रान्तिको उद्देश्य कुनै पनि हिसाबले मान्छे मार्नु हुँदै होइन । त्यो विषय १० बर्से जनयुद्धमा पनि माओवादीको संयमित व्यवहारबाट प्रमाणित हुन्छ । राज्यको व्यापक दमनका समयमा पनि माओवादीले जनता र देशप्रति बफादार व्यवहार गरेको कुरा त माओवादीविरुद्ध विषवमन गरेका केपीहरू सकुशल रहनुले नै प्रमाणित गर्छ । मानवअधिकारको सबैभन्दा ठूलो उल्लङ्घनकर्ता दलाल पुँजीवादी संसदीय सत्ता हो । ६० लाख नागरिकलाई देश निकाला गर्ने, बेरोजगार बनाउने, दैनिक ४-५ वटा लास देश भित्र्याउने, सम्पूर्ण सामाजिक संरचना भत्काउने, गरिबी/पछौटेपन/ भोक/ रोग/अशिक्षा लाद्ने, यातायात प्रणालीमा रहेको भ्रष्टाचार र सिन्डिकेटको कारणले भएका दुर्घटनामा वार्षिक २ हजारको हत्या भएको छ । बाँच्नका लागि आधारभूत आवश्यकताका वस्तु/सेवामा नाफाखोर दलाललाई जिम्मा लगाई दैनिक मानवीय जीवनसमेत धान्न मुस्किल बनाउने केपीको दलाल सत्ताले क्रान्तिकारीहरूबाट दुर्घटनावश भएका घटनाभन्दा दसौँ गुणा बढी मानवअधिकारको उल्लङ्घन गरेको छ । त्यस समारोहमा यस्तो भाषण सुनेर मानवअधिकार आयोगका माननीयहरू उनीप्रति दयापूर्वक हाँसे होलान् ।

७. उनले पैसा उठाउने र तर्साउनेबाहेक अन्य कुनै उद्देश्य देखिँदैन भनेका छन् । यसमा उनले आफ्नो सत्ताको चरित्र त्यस्तै भएकाले त्यही सम्झेर यसो भनेका हुन् । उनका हरेक नेता/कार्यकर्ता राज्यको राजकीय ढुकुटीको ठेकेदार बनी वैधानिक लूट गरिरहेका छन्, सबैजसो नेता/कार्यकर्ता ठेकेदार छन् । त्यतिले नपुगेर व्यवसायी, उद्यमी र अन्य क्षेत्रबाट राज्यको कानुनबमोजिम लिइने करका अतिरिक्त साता असुली वा मासिक असुली वा वार्षिक असुली वा चुनाव केन्द्रित असुली गरिरहेका छन् । उद्यमीबाट सरकारले तीस प्रतिशत कर उठाएको छ तर जनसरकारले एक प्रतिशत कर उठाउँदा केपीहरू तर्साएर पैसा उठाएको देख्छन् । राष्ट्रिय गौरवका भनिएका आयोजनाका ठेकेदारबाट घुस लिने मन्त्री, तिनको पार्टी र त्यसको प्रमुख संरक्षक केपीलाई यसो भनेर भाषण गरिसकेपछि एक्लै हुँदा पक्कै हाँसो लाग्ला । उनको नोकरशाहीतन्त्र, वकिल, न्यायाधीश, सुरक्षा निकाय, विधायकले उठाएको पैसाचाहिँ के हो ? दलाल पुँजीवादका नाइके कर्पोरेट हाउसलाई नियमअनुसारको कर तिर्नु पर्दैन, त्यसको केही अंश हामीलाई चन्दा देऊ, सबै मिलाइदिउँला भन्ने केपीका एजेन्टहरू पैसा उठाउने गिरोह हुन् कि ? कर तिर्नुपर्छ, अदालतको आदेश पालना गर्नुपर्छ भनेर दबाब दिने नेपाल कम्युनिस्ट पार्टी ? जनताको मुक्तिका लागि २४ सै घन्टा जीवन हत्केलामा राखेर हिँडेका क्रान्तिकारीले चिउरा खान र प्लास्टिकको जुत्ता लगाउनका लागि जनताबाट स्वेच्छाले लिएको सहयोगलाई अन्यथा देख्नु केपीको वर्गीय दृष्टिदोष हो ।

८. उनले नेपाललाई अशान्त राख्ने, विकास हुन नदिने र बाह्य लगानी भित्रिन नदिने षड्यन्त्रमा लागेको बताएका छन् । नेपालमा सधैँ नियन्त्रित अस्थिरता मच्चाएर केपीहरूलाई प्रयोग गरी जनतालाई होपलेस बनाएर आफ्नो स्वार्थसिद्ध गर्न कोको लागेका छन् भन्ने विषय गृह र परराष्ट्र मन्त्रीसमेत भएका उनलाई राम्रो ज्ञान छ । यो दलाल सत्ता/संयन्त्रका पात्रहरूले पूर्वाधार र अन्य विकास परियोजनामा भ्रष्टाचार र कमिसनमा डुबेर त्यसको गुणस्तर र परिमाण ध्वस्त बनाएर विकासलाई पूर्णतः मृत बनाएको पनि उनलाई जानकारी छ । सरकारको वार्षिक बजेटको आधा रकम बेरुजू र त्यसको अधिकांश भाग भ्रष्टाचार भएको, सबै तहमा अनियमितता रहेको र हदैसम्मको दोहन भएको विवरण त उनकै संवैधानिक निकायले सार्वजनिक गरेको प्रतिवेदनमा समेत उल्लेख छ । अघिल्लो लगानी सम्मेलनबाट दाताले गरेको प्रतिबद्धताको एक प्रतिशत रकम मात्र विदेशी लगानी प्राप्त भएको नेपाल कम्युनिस्ट पार्टीको कारणले हो ? केपीहरू लोक हाँस्ने गरी बहुलाउनु हुँदैन । साम्राज्यवादीहरूले लगानी गर्देला र देश समृद्ध होला भन्ने अर्थ-राजनीतिक चिन्तन र भ्रष्ट व्यवहार नै देश विकास हुन नसक्नुको कारण हो । देशभित्रको साधन अनुत्पादक क्षेत्रमा खन्याउने, बैकिङ प्रणाली सामन्त र दलाल पुँजीवादका एजेन्टको जग्गाको मूल्य बढाएर पचासौँ प्रतिशत नाफा सोहोर्ने, विदेशमा पुँजी पलायन र देशभित्र विलासी जीवन बाँच्ने र अन्य निकायहरू गच्छेअनुसार लूटतन्त्रमा लागिरहेको कारणले अविकासको कुचक्रमा परेको नेपालमा वैज्ञानिक समाजवादी व्यवस्था स्थापना नभएसम्म विकास हुँदै हुँदैन ।

९. उनले शान्तिपूर्ण ढङ्गले कसैले काम गर्न नपाओस्, सबै त्रसित र आतङ्कित होउन, सरकारले छुट्ट्याएको बजेट आयोजनामा नगएर बीचमा लूटपाट होस् भनेर यो समूह लागेको बताएका छन् । गरिबी, बेरोजगारी, अशिक्षा, रोग, असमानता र विभेद बढाइरहने यो सत्तामा जनतालाई सुख, शान्ति र समृद्धि प्राप्त हुनै नसक्ने बेहोरा कुनै पनि नागरिकलाई सोध्दा थाहा हुन्छ । जबसम्म ९९ प्रतिशत जनताको शान्तिपूर्वक बाँच्न पाउने अधिकार शासन गरिरहेका एक प्रतिशतले हनन गरिरहन्छन् तबसम्म आन्दोलन र विद्रोह अनिवार्य हुन्छ । दलाल सत्तालाई शान्तिका नाममा निरन्तर लुट्न दिइनेछैन । एकीकृत जनक्रान्तिका कार्यक्रमबाट सत्ताधारी दलालबाहेक कोही पनि त्रसित र आतङ्कित छैनन् । सरकारले छुट्ट्याएको बजेट विकास आयोजनामा खर्चै नगर्ने, खर्च गरेपनि गुणस्तरहीन काम गर्ने, ठेकेदार-कर्मचारी-राजनीतिज्ञ-उपभोक्ता समितिले बाँडेर भ्रष्टाचार गर्ने, एघार महिनामा करिब चालीस प्रतिशत विकास बजेट खर्च गर्ने र अन्तिम असार महिनामा नब्बे प्रतिशत खर्च भएको बिल बनाएर सरकारी ढुकुटीबाट रकम भुक्तानी लिने केपीहरूले गरेको यस्ता हर्कत श्वेत लूटपाट र दिनदहाडैको डकैती हो कि होइन ? नेपाल कम्युनिस्ट पार्टीले राष्ट्रिय स्वाधीनतामा हस्तक्षेप गर्ने राष्ट्रघाती परियोजनाबाहेक कुनै पनि परियोजनाको विरोध, अवरोध र लूटपाट गरेको प्रमाण उपलब्ध गराउन केपीलाई हामी चुनौती दिन्छौँ ।

१०. उनले चन्द समूहका गतिविधिले मानवअधिकारलाई मात्रै नभएर मानवसभ्यतालाई नै खुलेआम चुनौती दिइरहेकाले यसलाई रोक्नुपर्छ र सरकारले रोक्छ भनेका छन् । यो भनाईले केपीको पार्टीले मार्क्सवाद र लेनिनवाद मान्छु भनी लेखेको दस्ताबेज झुटो भएको प्रमाणित गर्छ । लेनिन-स्टालिनको नेतृत्वमा क्रान्ति नभएको भए हिटलरको साम्राज्यमा कति देश र जनता पिल्सिनुपर्थ्यो होला ? हिटलरले मानवअधिकार र मानवसभ्यतालाई कुन हालतमा पुऱ्याउँथ्यो होला ? नेपालको दरबारको अधिनायकवादी महत्वाकाङ्क्षालाई ' गिभन भेरिएबल' मान्ने हो भने माओवादीले जनयुद्ध नगरेको भए केपीहरूको हालत अहिले के हुन्थ्यो होला ? काङ्ग्रेसले तीनपटक र केपीहरूले एकपटक क्रान्तिकै प्रयास गरेका हुन् । त्यसले मानवअधिकार र मानवसभ्यतालाई चुनौती दियो कि एक स्तरको स्वतन्त्रता दिलायो ? माओको नेतृत्वमा भएको क्रान्तिले आज विश्वव्यापी रूपमा गरिबी घटाएको छ, जीवनस्तर उच्च बनाएको छ, साम्राज्यवादीहरूले कमजोर राष्ट्रलाई निल्ने कार्य कम भएको छ । क्युबा, पूर्वीएसिया र युरोपमा भएका क्रान्तिले मानवसभ्यतालाई बलियो बनाएको छ । तर मानवअधिकार र मानवसभ्यतालाई नै खुलेआम चुनौती दिने काम केपीहरूको दलाल पुँजीवादले गरेको छ । यसले जनतालाई न्युनतम जीवन धान्न नसक्ने गरी कर्पोरेट हाउसको दास-उपभोक्ता बनाएको छ, मानव जीवन नाफा कमाइदिने मेसिन बनेको छ, पृथ्वीलाई नाफाका लागि दोहन गरिएको छ । सुरक्षाका नाममा आमनागरिकको हत्या गरिएको छ । नेपालमा नै राजकीय संयन्त्र र दलाल तत्व मिलेर कसरी एक प्रतिशतले बाँकीलाई दोहन गर्ने भनी नीति र कार्यक्रम बनाएर काम गरेका छन भन्ने तथ्य त आम जनताको यिनिहरूप्रतिको आक्रोशले नै देखाउँछ । जनताका जायज अधिकारलाई केपीहरूले विगतमा पनि रोकेकै हुन् र अब पनि रोक्ने प्रयास गरेमा त्यसको निर्मम जबाफ क्रान्ति र जनताले दिन्छन् । इतिहासमा श्रमजीवी क्रान्तिकारी जनताको नै विजय भएको छ । नेपाल कम्युनिस्ट पार्टीले नेपाल र नेपाली जनतालाई यो नियमको अपवाद हुन दिनेछैन ।

११. यसरी संसदीय सत्ताले विगत सत्तरी वर्षदेखि शासन गरेर राष्ट्रियता, जनतन्त्र र जनजीविकालाई सङ्कटमा पारेको छ । रणनीतिक महत्वका प्राकृतिक स्रोतसाधन विदेशीलाई जिम्मा लगाइएको छ । सन् १९५० लगायत असमान सन्धिसम्झौताहरू कायमै छन् । छिमेकीलाई कुनै विषयमा चित्त नबुझ्दा घाँटीमा पासो लगाएको जसरी नाकाबन्दी सहनुपर्ने बाध्यतामा जनतालाई राखिएको छ । खुला सिमानाले राष्ट्रिय सुरक्षा, जनसङ्ख्या अतिक्रमण र आर्थिक परनिर्भरता बढाएर नेपालको राष्ट्रिय प्रतिरोध क्षमता कमजोर बनाएको छ । एउटा छिमेकीलाई घेर्न अरू छिमेकी तथा शक्ति राष्ट्रसँग अघोषित मोर्चाबन्दी गरी अन्तर ार्ष्ट्रिय सम्बन्ध र राष्ट्रिय स्वाधीनतालाई कमजोर बनाएको छ । संयुक्त सैन्य अभ्यास तथा गठबन्धनमा सामेल भई असंलग्नताको धज्जी उडाएको छ । भूराजनीतिक विशिष्टता र संवेदनशीलता भएको राष्ट्रको नागरिकता वितरणलाई कम्तीमा अन्तर्राष्ट्रिय प्रचलनबमोजिम गर्नुपर्नेमा एउटा मन्त्रीले निर्णय गरेर खानाको कुपन बाँडेजसरी वितरण गरिएको छ । नेपाली जमिनमा बनेका कोसी, गण्डकीलगायत बाँधले सिर्जना गरेको डुबानले तराईका जनताको आर्थिक जीवन र मानवअधिकारको हनन गरेको छ । चुरे र अन्य नदी प्रणालीको ब्रह्मलूटकारी दोहनले प्राकृतिक प्रकोपको जोखिम बढाई राष्ट्रिय सुरक्षा र राष्ट्रियतामा धक्का दिएको छ । नेपाली युवालाई गोर्खा भर्तीको नाममा विदेशी भूमिमा एउटा देशको हितका लागि अर्को देशका विरुद्ध युद्धमा पठाइएको छ । केपीहरूको ध्यान यी समस्या समाधान गर्नेतर्फ नगएकाले नै एकीकृत जनक्रान्तिको आवश्यकता परेको हो ।

१२. शक्तिशाली स्थानीय तह र एउटा सङ्घीय सरकार भए पुग्नेमा संसदीय सत्ताका परजीवी नेताको महत्वाकाङ्क्षा व्यवस्थापन र राष्ट्रियता कमजोर बनाउन जनविरोधी प्रादेशिक संरचना बनाइएको छ । समावेशिता वर्ग र लिङ्गको आधारमा सुनिश्चित गर्नुपर्नेमा नश्लीयरूपमा गरिएको छ । उत्पीडित वर्गलाई समावेशितामार्फत मूल प्रवाहमा ल्याउँदा जातीय रूपमा उत्पीडनमा परेका समुदायपनि स्वतः लाभान्वित हुन्थ्यो तर त्यसो नगरी वर्गघात गरिएको छ । समाजवादी राज्यमा शिक्षा, स्वास्थ्य निःशुल्क हुनुपर्नेमा यी क्षेत्रमा सबैभन्दा बढी दलालीकरण भएको छ । महँगी, कालोबजारी, बिचौलियाकरण, हरेक क्षेत्र/निकायमा गहिरिँदो भ्रष्टाचार, शासन व्यवस्थाको अनुत्पादक र दोहनकारी चरित्रले काम गर्ने उमेर समूहका अधिकांश युवा विदेश पलायन भएका छन् । सामन्तवादी भूस्वामित्व थप जर्जर भई दलाल तथा भूमाफियाको कब्जामा मुख्य उत्पादनको साधन-जमीन पुगेको छ । विगत तीन दशकदेखिको अराजक नवउदारवादी नीतिले देशको हरेक क्षेत्र र नागरिकलाई विष्फोटक अवस्थामा पुऱ्याएको परिणामस्वरूप नै एकीकृत जनक्रान्ति अवश्यम्भावी भएको तथ्य केपीहरूले गहिरो ढङ्ले ढिलो नगरी बुझ्नुपर्दछ ।

१३. वास्तविक गणतन्त्र, वर्गीय समावेशिता, जनताले व्यक्तिगतरूपमा मान्ने धर्मप्रति राज्यको तटस्थतासहितको धर्मनिरपेक्षता र सार्थक संघियताविरोधी वर्तमान सामाजिक दलाल पुँजीवादी सरकारले दसबर्से जनयुद्ध र विभिन्न जनआन्दोलनको भावनाविपरीत काम गरी राष्ट्रियता, जनतन्त्र र जनजीविकालाई ध्वस्त बनाई राज्य संरक्षित माफिया-स्टेटको संरचना निर्माणमार्फत शिक्षा, स्वास्थ्य, रोजगारी र आधारभूत मानवअधिकारको हनन गरिरहेको छ । आमजनताको स्वामित्व र हितमा प्रयोग हुनुपर्ने प्राकृतिक स्रोतसाधन र राजकीय ढुकुटीलाई राज्य सम्मिलित तथा संरक्षित दलाल व्यक्ति र संस्थाको हितका लागि दोहन गरिएको छ । दलाल पुँजीवादको रक्षा, माफियाकरणलाई प्रोत्साहन र एक प्रतिशतको सेवाका लागि चलिरहेको यो संसदीय सत्ता टिकाउन सयौँ राजनीतिक कार्यकर्ताको गिरफ्तारी, केहीको हत्या र आम नागरिकमाथि दमन गरिएको छ । नवउदारवादमा आएको विश्वव्यापी चुनौती र नेपालका नवप्रतिक्रियावादीको सङ्कटलाई तथाकथित गठबन्धनले धान्नै नसक्ने भएकाले दमनकारी दुस्साहस नगर्नु नै सबैको हितमा हुन्छ ।

अतः दलाल संसदीय व्यवस्थालाई हटाएर एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापनामा लाग्न सम्पूर्ण श्रमजीवी (किसान, मजदुर, विद्यार्थी, पेसाकर्मी, सुरक्षाकर्मी, बुद्धिजीवी, कर्मचारी, उद्यमी/व्यवसायी, राष्ट्रिय पुँजीपति र देशभक्त प्रगतिशील समुदाय) वर्गलाई अनुरोध गर्दछौँ ।

# क्रान्ति, भ्रम र हाम्रो अभिभारा

*हो हिजोको बालापन जुन हिसाबले नेपालको दसबर्से जनयुद्धको राप, ताप, बम, गोली बारुद, हजारौँ कमरेडहरुको रगतले लतपतिएको एकसरो लुगा र कठोर पीडा र आँसुको भेलसहित गुज्रेको थियो । त्यसलाई भुल्न नपाउँदै यो वयस्क अवस्था फेरि अर्को क्रान्तिकारी सङ्घर्ष र सङ्ग्राममा मुक्ति वा मृत्युको महान् अभियानमा अगाडि बढेको छ । क्रान्तिका खातिर हामीजस्ता हजारौँ न्यायप्रेमी, परिवर्तनकामी युवाहरुका लागि बलिदानी कुनै गाह्रो विषय पनि होइन र हुनेछैन ।*



प्रकाश चन्द

इतिहासमा नेपालले विभिन्न समयमा ठूलाठूला आन्दोलन, सङ्घर्ष र बलिदानहरू पार गर्दै आएको छ । विभिन्न कालखण्डमा आन्दोलन र सङ्घर्षका रूप र त्यसले उठाएका मुद्दाहरू भिन्नभिन्न थिए र आज पनि पहिलेभन्दा भिन्न नै छन् । क्रान्ति एउटा यस्तो आँधी हो जसलाई रोक्नसक्ने हैसियत कोही पनि शासकसँग हुँदैन र अन्ततः यसले विजय र लक्ष्यलाई प्राप्त गर्दछ । क्रान्ति आफैँमा यथास्थितिको क्रमभङ्ग हो । यसले नयाँको सूत्रपात र पुरानोको विस्थापन गर्दछ । साथै समयक्रमसँगै विकास हुँदै जाँदा स्वतः विभिन्न रूपहरू धारण गर्दै जान्छ र सञ्चालनपद्धति र यसको वर्गसङ्घर्ष पनि नयाँ विषयसहित विकास हुँदै जान्छ । विश्वका विभिन्न सफल र असफल क्रान्तिबारे अध्ययन गर्दा यस्तो देखिएको पनि छ । जस्तो रुसमा मजदुरले, चीनमा किसानले, क्युबामा थोरै युवाहरूले क्रान्तिको सञ्चालन गर्दै सफलतासम्म पुऱ्याएका उदाहरण छन् । नेपालमा पनि किसानहरूको सहयोग र सहभागितामा दस वर्षसम्म क्रान्तिको ठूलो लहर आयो तर गद्दार नेतृत्वका कारण गर्दा त्यो आज छिन्नभिन्न भएको छ । आज निकै दुःखका साथ भन्नुपर्छ नेपाल मात्र होला हजारौँको बलिदानसहित वयस्क र लक्का जवान भएको क्रान्तिलाई दलाल नेतृत्वले एक झट्कामा चिहानघाटमा पुऱ्याएको छ र क्रान्ति शब्द उच्चारण गर्नेलाई समेत पुराना क्रान्तिकारी भन्नेहरूले अपराधी र आतङ्ककारी घोषणा गरी जबर्जस्ती युद्धमा धकेलेर क्रान्तिकारी शक्तिलाई नै नामेट पार्ने अभियान सञ्चालन गरिएको छ । तर आज हामी गर्व गर्छौं दलालहरूले सिध्यायौँ सिद्धियो भनेर चिहानघाटमा फालेको क्रान्तिकारी शक्ति र क्रान्ति चिहानघाटबाट पुनर्गठित र सुसङ्गठित हुँदै नयाँ क्रान्तिकारी मालेमावादी विचार र मार्गदर्शनसहित विकास भइरहेको छ ।

हो, अहिले हामीले नयाँ मार्गदर्शन एकीकृत जनक्रान्तिमार्फत नेपालमा क्रान्तिलाई उठान गरेर विकसित गरिरहेका छौँ र हामी सफल हुँदै पनि छौँ । एकीकृत जनक्रान्तिको चित्र कोर्दै गर्दा आज हामीले उठाएको क्रान्तिकारी आन्दोलनको सञ्चालनपद्धति, यसको शक्ति र मुद्दालाई निकै समय सापेक्षित, वैज्ञानिक र मार्क्सवादी हिसाबले उठाएका छौँ । मध्यम वर्ग वा बौद्धिक श्रमिक वर्ग (डाक्टर, नर्स, इन्जिनियर, पाइलट, लेक्चर, प्रोफेसर, वकिल) र सर्वहारा वर्गलाई जोडेका छौँ । साथै हाम्रा मुद्दाहरूमा अहिलेको सामाजिक दलाल पुँजीवादलाई जरैबाट फालेर वैज्ञानिक समाजवाद स्थापना गर्ने विषय उठाएका छौँ । जहाँ सबै अन्याय, अत्याचार, विभेद, श्रमशोषण, असमान सम्झौता, परनिर्भरता, माफियातन्त्र, दलालीकरणको अन्त्य हुनेछ । शिक्षा र स्वास्थ्यको निजीकरण र व्यापारीकरणको अन्त्य गरी यी र यस्ता अन्य आधारभूत अधिकारहरू नागरिकलाई राज्यद्वारा निःशुल्क र सहजतासहित समान किसिमले वितरण गरिनेछ । अहिलेको हाम्रो पार्टी-सङ्गठनको एउटा मात्र एजेन्डा निसङ्कोच ढङ्गले यो दलाल पुँजीवादले गरिरहेको राष्ट्रघाती सन्धिसम्झौता, भ्रष्टाचार र कालोबजारी, बलात्कार, मजदुरमाथिको शोषण, महँगी, देशलाई विदेशीको गुलाम बनाउने सबै परिपाटीको विरोध र कडा अनि निर्मम प्रतिवाद गर्नु नै हो र गरिरहेका छौँ । साथै यो विजयको दिशामा अगाडि बढिरहेको छ । यसका लागि हामीले धेरै बलिदानीसहितको मूल्य चुकाएका पनि छौँ र यसका अरू सफलताका खातिर हामी अझै पनि जस्तोसुकै मूल्य र बलिदानी दिन तयार छौँ । यस विषयमा कहिल्यै पनि सम्झौता गरिनेछैन । यसकै सिलसिलाका रूपमा दार्चुला-लिपुलेक, नवलपरासी- शुस्ता, एनसेल कर छूट प्रकरण, निर्मला बलात्कार र हत्या, वाइडबडी भ्रष्टाचार, अजय सुमार्गीलगायत धेरै दलालहरूका अर्बौं कालो धन, बालुवाटार प्रधानमन्त्री निवास जग्गा बिक्री प्रकरण, शिक्षा र स्वास्थ्यको निजीकरण र व्यापारीकरण, असमान कोसी उच्च ड्याम, कोसी तेस्रो र माथिल्लो कर्णाली जलविद्युत् सम्झौता, बिचौलिया, दलाल र माफियातन्त्र, राष्ट्रिय उद्योग कलकारखानाको बिक्रीलगायत तमाम राष्ट्रियता, जनजीविका र राष्ट्रिय सुरक्षासँग जोडिएका निकै गम्भीर विषयको उठान गर्दै यसको कडा विरोध र यसका मतियार तथा नाइकेहरूसँग खरो प्रतिवादमामा उत्रिएका छौँ । सम्पूर्ण देशभक्त, राष्ट्रप्रेमी, सच्चा कम्युनिस्ट र लोकतन्त्रवादी शक्ति, बुद्धिजीवी, न्यायालय, सुरक्षा अङ्ग, राष्ट्रसेवक कर्मचारी, विद्यार्थी, मजदुर, किसानहरूलाई विरोधलाई विरोधमा मात्र सीमित नगरी अब विरोधलाई विद्रोहमा बदल्दै सङ्घर्षमा उत्रिन आग्रह गर्दै सबैलाई गोलबद्ध गरिरहेका छौँ । यो निकै सकारात्मक देखिएको छ । आज हामी जुन धरातलमा उभिएर क्रान्ति र विद्रोहको कुरा र कल्पना गरिरहेका छौँ, हामीलाई निक्कै आशा र विश्वास लागेको छ, हामीजस्ता लाखौँ बौद्धिक श्रमिकले आज यो राज्यव्यवस्थामा वास्तविक शोषण, उत्पीडन र अत्याचारको कहालीलाग्दो पीडा भोगिरहेका छौँ । पेसाले चिकित्सक भए पनि हामी लाखौँ बौद्धिक मजदुरहरूको मनमस्तिष्कमा हामीमाथि भएको थिचोमिचो, श्रम शोषण, विभिन्न असमानतालगायत दर्जनौँ पीडा र आक्रोशले चरम सीमा नाघेको छ । यो वर्ग पनि अहिले विभिन्न सङ्ख्या र विभिन्न शैलीमा विरोध र प्रतिरोधमा हाम्रो क्रान्तिसँगै उभिएको छ । यसले निकट भविष्यमा यो क्रान्तिको आँधीबेहरीलाई सहयोग गर्दै अबका दिनमा बलिदानी गर्ने हैसियत राख्नेछ, यो नै अहिलेको क्रान्तिकारी स्पिरिट र आवश्यकता हो ।

दलाल पुँजीपति फासिवादविरुद्धको यो महासङ्ग्राममा हामीले विभिन्न अप्ठ्याराका साथै घोषित-अघोषित युद्ध र प्रतिबन्धको सामना गर्दै आजका दिनसम्म आउँदा हामीले हाम्रो गौरवशाली सङ्गठन जनमुक्ति सेनाका जुझारु र साहसिक कमान्डर कमरेडदेखि विद्यार्थीका आत्मीय सहयात्री कमरेड प्रज्वललगायत दर्जनको हाराहारीमा बलिदानी गरिसकेका छौँ ।

हो हिजोको बालापन जुन हिसाबले नेपालको दसबर्से जनयुद्धको राप, ताप, बम, गोली बारुद, हजारौँ कमरेडहरूको रगतले लतपतिएको एकसरो लुगा र कठोर पीडा र आँसुको भेलसहित गुज्रेको थियो । त्यसलाई भुल्न नपाउदै यो वयस्क अवस्था फेरि अर्को क्रान्तिकारी सङ्घर्ष र सङ्ग्राममा मुक्ति वा मृत्युको महान् अभियानमा अगाडि बढेको छ । क्रान्तिका खातिर हामीजस्ता हजारौँ न्यायप्रेमी, परिवर्तनकामी युवाहरूका लागि बलिदानी कुनै गाह्रो विषय पनि होइन र हुनेछैन । यो त एउटा हो योद्धाका लागि सबैभन्दा ठूलो गर्वको विषय हुनेछ । आज दलाल फासिवादी सरकारले लगाएको प्रतिबन्धको चौतर्फी आलोचना र विरोध भएको छ र उसको असफलता दिन-प्रतिदिन बढ्दो क्रममा छ । यसलाई ढाकछोप र डाइभर्ट गर्न सबै किसिमका आपराधिक हथकण्डाहरू चलाएको छ । हाम्रा नेताहरूलाई झूट्टो मुद्दा लगाएर पक्राउ गर्ने र दुःख दिने, दोहोरो भिडन्तका नाममा घरमा सुतिरहेका सामान्य शुभचिन्तकदेखि सामाजिक अभियानमा खटिएका जिम्मेवार नेताहरूलाई गोली हानी हत्या गर्ने, सार्वजनिक स्थलमा सामान्य हिँडडुल गर्न नदिने, विद्यार्थीलाई पढ्न नदिने, शिक्षकलाई पढाउन नदिने, मजदुरलाई मजदुरी गर्ने ठाउँबाटै अपहरण गर्नेलगायत विषयहरू । अझ निकै निच, तुच्छ र घटिया विषय त केही दलालहरू र डलरवादीहरूको संरक्षण र सञ्चालनमा रहेका केही अनलाइन न्युज र केही भतुवा तथा लिच्चडहरूको झुण्डले बनाएका सामाजिक सञ्जालका केही समूहहरूले म्याउँम्याउँ गर्दै दुईतीन वर्ष अगाडि पार्किङमा राखिएको एउटा अन्जान अमूक हार्ले डेभिडसन बाइकमा बसेर खिचिएको फोटोकै आधारमा मात्र म र पार्टी नेतृत्वलाई जोडेर जसरी एउटा क्रान्तिकारी आन्दोलनलाई नै हमला गर्ने गरी विभिन्न समाचारहरू बनाएका छन् र त्यसकै आधारमा आफूलाई निकै तर्क र तथ्यसङ्गत विश्लेषक ठान्ने मनुवाहरूले विभिन्न टीकाटिप्पणी गरेको देख्दा दलालहरूको यतिसम्मको कायरतापूर्ण, तुच्छ र निच रूप पनि प्रस्ट भएको छ । अतः यी सबै विषयहरू आफ्ना असफलता र कुकर्मलाई ढाकछोप गरी क्रान्तिकारी वेगलाई अल्मल्याउने षड्यन्त्र मात्र हो भन्ने कुरामा कुनै शङ्का छैन । तर यस्तो षड्यन्त्र गर्दाको नतिजा दलालका ती भतुवा, पेसेवर टट्टुहरूलाई सही समयमा सही हिसाबले दिइनेछ तर दुईचार डलर पाउने आस र दुईचारवटा प्रलोभनमा परी क्रान्तिको झोक्कामा रन्थनिएका दलालहरूको तलुवा चटुवा भएर यस्ता कपोलकल्पित भ्रमपूर्ण विषय उठाएको देखेर ती दलाल र तिनका गाँसे कुकुरहरूप्रति दया लाग्छ तर ती सबै फोहोरका डङ्गुरहरू क्रान्तिकारी ज्वालामा खरानी हुनेछन् । क्रान्तिको यो विषम परिस्थितिमा आमनागरिकले हरेक विषयमा आफ्नो धारणा राख्दै गर्दा त्यसको गहिराइमा पुगेर मात्र विषय राख्दा त्यसको अर्थ रहन्छ । नत्र आफैँलाई दुर्गन्धित गर्नु मात्र हुन्छ । जे होस्, यी र यस्ता भ्रमपूर्ण विषयले क्रान्तिको झन्डा अलिकति पनि डगमगाउनेछैन र यस्ता दुष्प्रयासपूर्ण जालझेल र हाम्रो उच्च बलिदानीले क्रान्तिमा ऊर्जा र गतिको सञ्चार गर्नेछ । आज देश हामीले उठाएको एकीकृत जनक्रान्तिको बाटोमा गोलबद्ध भएको छ र दलाल फासिवादी सरकार आफ्नो हरेक असफलताबाट अत्तालिएर वार्तालगायत अन्य थप भ्रमहरू लिएर अगाडि आएको छ तर हामीले हाम्रा होनहार सहिद कमरेडहरूसँगै रातो टीका र मुठी उठाएर कि त हामीलाई वैज्ञानिक समाजवाद मान्य छ कि त त्यसका खातिर हाम्रो बलिदान भन्ने शपथ हाम्रा ऊर्जा हुनेछन् र सधैँ हामी यही दिशामा अगाडि बढिरहनेछौँ र सहिदको सपना हरहालतमा पूरा गरिछाड्नेछौँ । यही नै हामी हाम्रो अभिभारा ठान्दछौँ । दसबर्से जनयुद्धका दस हजार सहिद र एकीकृत जनक्रान्तिका होनहार सहिदहरूको उच्च बलिदान र सपनाको सधैँ सम्मान गर्दै क्रान्तिको निरन्तर यात्रामा हामी पनि बलिदान गर्न कुनै कन्जुस्याइँ गर्नेछैनौँ । अन्तिम थोपा रगत र अन्तिम सास रहुन्जेलसम्म क्रान्तिको झन्डा फहराइरहनेछौँ । सल्किँदै गरेको यो क्रान्तिको आगोलाई अब छिट्टै एकीकृत जनक्रान्तिमार्फत डरलाग्दो ज्वालामुखीमा बदल्नेछौँ । हो, हामीले दलाल पुँजीवादको विनाश र वैज्ञानिक समाजवादको स्थापनालाई नै आफ्नो लक्ष्य, उद्देश्य र अभिभारा ठानेका छौँ र यसका निम्ति हरकिसिमको सम्झौताविहीन मूल्य चुकाउन तयार छौँ चाहे आफ्नै बलिदानी किन नहोस् ।

# अब्बल सरकारी विद्यालय, निजीलाई चुनौती

**जीपी चौलागाईं** / काठमाडौँ

विद्यार्थीलाई स्विमिङ पुल, अङ्ग्रेजी माध्यमबाट पढाइ, मन्टेस्वरी प्रविधिको शिक्षा, शिशु कक्षादेखि तीन कक्षासम्म निःशुल्क, दिवा खाजाको व्यवस्था, अत्याधुनिक कम्प्युटर र साइन्स ल्याब, सुविधा सम्पन्न आकर्षक भवन, सबै कक्षाकोठा र विद्यालय परिसर सीसीटीभी क्यामेराबाट निगरानी यो सबै कुनै सुविधा सम्पन्न निजी स्कुलको कुरा होइन । यो त काठमाडौँ महानगरपालिका वडा नं. ६ महाङ्कालस्थित सरकारी विद्यालय जनकल्याण माविको हो । यो काठमाडौँको उत्कृष्ट उदाहरणीय सरकारी विद्यालयमा पर्छ । २०१० सालमा स्थापना भएको यो विद्यालयमा २०५६ सालदेखि निमावि कक्षा र २०६८ सालबाट माविको पढाइ सुरु भएको थियो ।

'जनकल्याण मावि भौतिक पूर्वाधार, त्यहाँ पढाइ हुने विषय र उत्कृष्ट नतिजाका कारण अब्बल रहेको छ । विद्यार्थीको चापका कारण अब भर्ना लिने स्थिति छैन । ठाउँ छैन भनेर फर्काउनु परेको छ । विद्यार्थी बढी हुन थालेपछि यो वर्ष प्रवेष परीक्षामार्फत निश्चित कोटामा मात्रै भर्ना लिइएको छ', प्राचार्य कमलाकुमारी राईले भनिन् ।

जनकल्याण माविमा अङ्ग्रेजी माध्यमबाट पढाइ हुन्छ । अङ्ग्रेजी माध्यमबाट पठनपाठन सुरु भएपछि निजी विद्यालय छाडेर विद्यार्थी भर्ना गर्नेहरूको लहर नै चलेको छ जसले विद्यार्थी र अभिभावकलाई आकर्षण मात्रै गरेको छैन, नतिजामा पनि सुधार आउन थालेको छ । अहिले १ हजार ५ सय विद्यार्थी यो विद्यालयमा अध्ययन गरिरहेका छन् । सरकारी भए पनि जनकल्याण उमाविले निजी विद्यालयले अवलम्बन गर्दै आएका कतिपय नियम लागू गरेको छ । अरू सरकारी विद्यालयमा शुक्रबार हाफ छुट्टी हुन्छ तर यहाँ साताको छ दिन दिनभरि पढाइ हुन्छ भने ४ बजेपछि कमजोर विद्यार्थीलाई उपचारात्मक अतिरिक्त कक्षासमेत हुने गरेको छ ।

अतिरिक्त क्रियाकलापमा नियमित कार्यक्रमबाहेक स्विमिङ, डान्स कक्षालगायत कार्यक्रम पनि थपिएको छ । विद्यालयमा स्विमिङ पुल र मन्टेस्वरीका विद्यार्थीका लागि छुट्टै इन्डोर खेल स्टेसनको व्यवस्थासमेत गरेको छ ।

विद्यालयलाई नमुना बनाउन व्यवस्थित पुस्तकालय, ल्याब, छुट्टै परीक्षा शाखा, विद्यालयको आफ्नै क्यान्टिन, स्वच्छ खानेपानी, सीसीटीभीका साथै शिशुदेखि ३ सम्म निःशुल्क दिवा खाजा आदिको व्यवस्था गरिएको छ ।

जनकल्याण विद्यालयमा आवश्यक शिक्षक कर्मचारीको दरबन्दीको व्यवस्था नहुँदा शिक्षक तथा कर्मचारीहरूलाई तलब खुवाउन हम्मेहम्मे परे पनि जनकल्याण माविमा ४० जना शिक्षक-कर्मचारी कार्यरत छन् ।

जनकल्याण माविलाई हेरेर के भन्न सकिन्छ भने सरकारले शिक्षामा द्वैध नीति लागू गर्दा र शैक्षिक माफियाहरूले शिक्षालाई व्यापारमा प्रयोग गर्दा आज सरकारीभन्दा निजी विद्यालयहरूको व्यापार फस्टाउँदै गएको छ । यसको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा देशका लाखौँ विद्यार्थी मर्कामा परेका छन् । शिक्षा हुनेखानेको पहुँचमा पुगेको छ भने हुँदा खाने वर्गका विद्यार्थीको अवस्था जर्जर बन्दै गएको छ । शिक्षा क्षेत्रलाई आम मानिसको पहुँचमा पुऱ्याउन सरकारी तवरबाट सही तरिकाले व्यवस्थापन गर्न सके सरकारी विद्यालयहरू पनि निजी विद्यालयभन्दा राम्रो गर्नसक्ने देखिन्छ । सरकारी रबैयाकै कारण शिक्षा क्षेत्र तहसनहस बन्दै गएको छ । त्यसैले यसमा आमूल परिवर्तनको आवश्यकता बढेको छ ।

# तामाङ मुक्ति मोर्चा सिन्धुलीमा ज्ञान

**सिन्धुली** : तामाङ मुक्ति मोर्चा सिन्धुलीको चौथो जिल्ला भेला सम्पन्न भएको छ । जेठ १७ गते सिन्धुलीको मरिन गाउँपालिका २ स्थित छतिबनमा तामाङ मुक्ति मोर्चाको चौथो जिल्ला भेला भएको हो ।

उक्त भेलामा नेकपाका केन्द्रीय सदस्य देवनारायण प्रमुख अतिथि थिए भने पार्टीका जिल्ला इन्चार्ज शशी अतिथि थिए । भेलाले ज्ञानबहादुर तामाङको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति चयन गरेको छ ।

कार्यक्रमको अध्यक्षता पार्टीका सेक्रेटरी दिनेश र सञ्चालन गोपालले गरेको कार्यक्रममा स्वागत मन्तव्य रामु कार्कीले गरेका थिए । भेलासँगै महान् सहिदहरूप्रति श्रद्धाञ्जली सभा पनि सम्पन्न भएको जानकारी हाम्रा सिन्धुली संवाददाताले जनाएका छन् ।

# क्रान्तिकारीद्वारा गिरफ्तार नेता-कार्यकर्ता रिहाइको माग

**काठमाडौँ** : अखिल (क्रान्तिकारी) ले भक्तपुरका जिल्ला अध्यक्ष चित्रकमल ओली र उपाध्यक्ष भूपेन्द्र बुढामगरलाई रिहाइको माग गरेको छ । क्रान्तिकारी भक्तपुरले आफ्नो सङ्गठनका जिल्ला नेताहरूलाई बिनाकारण गिरफ्तार गरेको भन्दै घोर भर्त्सना एवम् विरोध गरेको छ । कोठामा अध्ययन गरेर बसिरहेका नेता-कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गरेको भन्दै बिनासर्त रिहाइको माग गरेको हो । गिरफ्तार गरिएकाहरूको कोठामा खाना पकाउन प्रयोग गरिएको पुरानो प्रेसरकुकरलाई बम बनाउन राखिएको आरोप लगाउँदै प्रहरीले पक्राउ गरेको क्रान्तिकारीको भनाइ छ । क्रान्तिकारीका अनुसार उपाध्यक्ष बुढालाई आफ्नै कोठामा अध्ययन गरिरहेको अवस्थामा गिरफ्तार गरिएको थियो भने अध्यक्ष चित्रकमल ओलीलाई कोटेश्वरबाट गिरफ्तार गरिएको थियो ।

# सपनालाई रिहा गर्न क्रान्तिकारीको २४ घन्टे अल्टिमेटम

**काठमाडौँ** : अखिल (क्रान्तिकारी) मा आबद्ध भएकै कारण त्रिचन्द्र क्याम्पसमा अध्ययनरत छात्रा सपना मगरलाई प्रहरीले गिरफ्तार गरेको भन्दै अखिल (क्रान्तिकारी) ले आपत्ति जनाएको छ । सङ्गठनले २४ घण्टाभित्र उनलाई रिहा गर्न पनि माग गरेको छ । राजनीतिक आस्था र सङ्गठनको शुभचिन्तक भएकै कारण गिरफ्तारी खेप्नु दुःखद भएको भन्दै अखिल (क्रान्तिकारी) ले पक्राउको घोर निन्दा गरेको छ । मगरलाई कुनै पनि सङ्गठनको शुभचिन्तक भएकै आधारमा गिरफ्तार गर्नु गैरकानुनी र नागरिकको स्वतन्त्रतामाथि प्रतिबन्ध लगाएको आरोप क्रान्तिकारीको छ ।

अखिल क्रान्तिकारी क्याम्पस जिल्लाका अध्यक्ष उषाकिरण आजादले शनिबार विज्ञप्ति जारी गर्दै भनेका छन्, 'त्रिचन्द्र क्याम्पसमा अध्ययन गर्ने छात्रा सपना मगरलाई हाम्रो सङ्गठनको शुभचिन्तक भएकै कारण दलाल सरकारका शूण्डमुण्डहरूले विभिन्न बहानामा चरम यातना दिई गिरफ्तार गरेर झूट्टो मुद्दा लगाउने प्रयत्न गरेकोप्रति हाम्रो सङ्गठन अखिल (क्रान्तिकारी) क्याम्पस जिल्लाको गम्भीर ध्यान आकर्षण भएको छ ।'

'गिरफ्तार छात्रा सपना मगरलाई २४ घन्टाभित्र रिहा नगरे अखिल (क्रान्तिकारी) क्याम्पस जिल्ला समिति जस्तोसुकै कडा सङ्घर्षमा उत्रिन बाध्य हुनेछ र उक्त घटनाको जिम्मा केपी-बादल सरकार स्वयम् हुनेछ', उषाकिरण आजादद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# कास्कीमा आज शैक्षिक हडताल

**पोखरा** : अखिल (क्रान्तिकारी) कास्कीले जेठ २२ गते बुधबार कास्की जिल्लामा शैक्षिक हडताल आह्वान गरेको छ । राज्यले विद्यार्थीमाथि गरेको दमनका विरुद्ध विभिन्न सङ्घर्षका कार्यक्रम घोषणा गरिएको पनि क्रान्तिकारीले जनाएको छ ।

गत १२ गते अखिल (क्रान्तिकारी) कास्कीका जिल्ला सचिव विश्वास थापा (पवन) लाई कास्की प्रहरीले बिनाकारण हिरासतमा लिई चरम शारीरिक तथा मानसिक यातना दिएको र उनको कोठामा छापामारी परिवार र छिमेकीलाई समेत आतङ्कित बनाएको सङ्गठनले जनाएको छ ।

नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) कास्कीका अध्यक्ष काजी गुरुङले प्रेसविज्ञप्ति जारी गर्दै चरणबद्ध आन्दोलन घोषणा गरेका छन् । आफ्ना माग बेवास्ता गरी सुनुवाइ नभए थप कडा सङ्घर्षका कार्यक्रम तय गरिने विज्ञप्तिमा उल्लेख छ ।

# जनकपुरमा अभियानको दूरगामी प्रभाव



देवनारायण शाह

गएको वर्ष माघ १ गतेदेखि पार्टीले 'सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान' २ देशव्यापी सुरु गरेको थियो। जनकपुर क्षेत्रअन्तर्गत सिन्धुली जिल्लामा महाभारतको पखेटा (तल्लो भाग) को नेतृत्व नेकपाकी पीबीएम तथा प्रतिनिधिसभाकी अध्यक्ष उमा भुजेल 'शिलु' ले गर्नुभएको थियो । पार्टी सल्लाहकार समितिका अध्यक्ष असारे काकाको गाउँ सुनकोसी गाउँपालिका, नाङ्गेडाँडामा उक्त अभियानको उद्घाटन गरिएको थियो । कार्यक्रमको प्रमुख अतिथि पूर्वी कमान्ड इन्चार्ज अनिल विरही, विशेष अतिथि तथा वक्ता उमा भुजेल र कार्यक्रमको अध्यक्षता देवनारायण शाहले गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथिले निर्मला हत्याकाण्डको जाँचबुझ गर्न गृहमन्त्री बादलका छोराको डीएनए परीक्षण गर्न माग गरेका थिए। शिलुले एकीकृत जनक्रान्ति कार्यदिशामार्फत वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गरेरै छोड्ने र दलाल पुँजीवादी व्यवस्था विघटन गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। उहाँले जनयुद्धको आधारक्षेत्रलाई 'लाल सिन्धुली' बनाउने प्रतिबद्धता गर्नुभएको थियो । कार्यक्रममा ५ सयभन्दा बढी नरनारीको उपस्थिति थियो।

उद्घाटनपछि माघ २ गते अभियान कमान्डर शिलु र अभियानकर्ता टोलीबीच बैठक बसी सम्पूर्ण मजदुर, किसानको घरदैलोमा पुगी जनताको सत्ता जनतामा हुन पार्टीले लिएको कार्यदिशा एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना र व्यवस्थापनका निम्ति जनता नै सर्वशक्तिमान्, जनता नै गुरु तथा महान् र आमूल परिवर्तनका निम्ति अजेय शक्ति हो भनी उत्प्रेरणाका साथ पाँच टोली निर्माण गरी जनताको घरदैलोमा पुग्ने निर्णय निर्देशित भई सुनकोसी गाउँपालिका र गोलन्जर गाउँपालिकामा पुग्यौँ। समस्त श्रमजीवी जनताका बीचमा छिमेकी देश चीन तथा कमरेड माओको प्रभाव परेको र १० बर्से भीषण जनयुद्धमा कम्युनिस्ट व्यवस्थामा हुने कार्यशैली र अर्थ व्यवस्थापन, उद्योगहरूको राष्ट्रियकरण, सामन्ती अवशेषको निर्मूल, जमिनको राष्ट्रियकरण, सम्पत्तिमा सामूहिकीकरण, सम्पूर्ण श्रम देशका लागि, नेताहरूमा निजी सम्पत्ति नहुने, बेरोजगारीको अन्त्य, उत्पादनमा समान वितरणको प्रभाव परेको हुँदा नक्कली कम्युनिस्ट संशोधनवादी, सामाजिक दलाल संसदीय व्यवस्थाका नेता, पार्टी केपी वली प्रचण्डको कालो अनुहारलाई उदाङ्गो पार्ने, गालीगलौज गर्ने, अब जनतामा आए जुत्ताको माला लगाइदिने, लखेट्नेसम्मका वेदनाहरू पोखे । नक्कली कम्युनिस्टको सरकारले हालमा गरिब जनताले पाउने अधिकार कता हो कता उल्टै बाँच्नका निम्ति पालेका कुखुरा, बाख्रा, गाई, गोरु, झुप्रोसमेतमा कर बढाएको, जनताको ढाड सेक्ने गरी कर लगाएको कतिसम्म भने जन्मिँदा र मर्दासमेतको प्रमाण पुर्जा बनाउँदाको रूपैयाँ पैसा तिुर्नपर्ने, सिफारिसमा पाँच सयदेखि हजारसम्मको पैसा तिर्नुपर्ने, खोला, नाला बाटो, घाटो, बालुवा, गिट्टीको ठेकेदार स्थानीय जनप्रतिनिधि मेयर-उपमेयर, वडा अध्यक्षहरू नै रहेको विकास आयोजनामा ब्रह्मलुट, भ्रष्टाचार गरेको भनी जनगुनासो गरेको पाइयो।

यता जनयुद्धको स्मरण गराउँदा दसबर्से जनयुद्धमा भएका महान् सहिदहरूको रगतमाथि होली खेलेको, सहिद परिवारहरूको बिचल्ली, अपाङ्ग, घाइते, बेपत्ता परिवारजनप्रति घोर अन्याय, अत्याचार भएको, जनमुक्ति सेनाको सङ्घर्षले राजतन्त्रको अन्त्य भएको र पछि अयोग्य भनी बहिर्गमन गरेको, उचाइ कम भएको, उमेर बढी भएको, अयोग्य मानिस भनी अपमान गरेको हुँदा गुनासो राख्दै प्रचण्ड, बाबुराम, बादलहरू कसरी योग्य भई प्रधानमन्त्री र मन्त्री भए ? त्यही नेताको निर्देशनमा लडेका जनमुक्ति सेना अयोग्य भए ? भन्ने गुनासो पुर्व जनमुक्ति सेनाका कमरेडहरूले गरे । अभियानकर्ताहरूको कार्यशैली कम्युनिस्ट व्यवहारको हुँदा आम घरपरिवारका सदस्यहरू बिरानोजस्तो नलागेको, आफ्नै दाजुभाइ, बहिनीहरू घरदैलोमा आएको भनी महसुस गर्थे । समग्र राजनीतिक विचारहरू गहन रूपमा सुन्ने गरे। कतिपय घरहरूमा विगत जनयुद्धमा पनि यस्तै गरी माओवादीहरू आउँथे। अब फेरि आउन थाल्नुभयो। फेरि त्यस्तै युद्धको सिर्जना भयो कि क्या हो भन्थे। अब पहिलेको जस्तो राजतन्त्र छैन। अब त्यस ठाउँमा जाली, दलाल, फटाहाहरू नेता-कार्यकर्ता भएका छन्। अब तिनीहरूलाई सिध्याऊँ, अनि मात्र जनताले सास फेर्न पाउँछन् भन्थे। पहिले एउटा डाँका-चोरले एकदुई घरमा चोरी गर्थ्यो । अहिले एउटै डाँका-चोरले लाखौँ घरहरूमा चोरी-डकैती गर्छन् भनी अहिलेका सरकारी नेता-कार्यकर्ताहरूप्रति इशारा गर्थे। कतिसम्म भने प्रहरीहरूप्रति लक्षित गरी यिनीहरू पनि जनताकै करबाट केही सीमित रकम र ज्यालामा जागिर गरिरहेका छन्। घरपरिवार, छोराछोरीको पठनपाठन र स्वास्थ्यउपचारसमेत राम्रोसँग नपाउनेहरू पनि किन जालीफटाहा भ्रष्टाचारी नेता र तिनका कार्यकर्ताहरूको अघिपछि लागेको ? किन संरक्षण गरेको भनी व्यापक जनगुनासो गरेको पाइयो।

जनताको घरदैलोमा जाने, घुम्ने, भेटघाट गर्ने, अधिकारका कुरा गर्न पाउने, फटाहा दलालहरूको भण्डाफोर गर्ने, जनकारबाही गर्न पाउने यो त राजनीतिक अधिकार नै हो। तपाईंहरू जस्ता महान् विचार बोकेको पार्टीका नेताहरूलाई जनतामा जान निषेध गर्नु, पक्राउ गर्नु, झूट्टा मुद्दा लगाई थुनामा राख्नु यो त साह्रै अन्याय भयो। यो त जनताले पाउने अधिकार रोक्ने र चेतनाको विकास नहोस् भनी राणाकाल र पञ्चायत शासनले गरेजस्तै हो। जनताले त्यस्तो व्यवस्थाको त अन्त्य गऱ्यो। अब यी जाली, फटाहा र भ्रष्टाचारीको अन्त्यका निम्ति तपाईंहरू हाम्रो घर, आँगन र पँधेरीमा आउनुभएको छ । हामी विप्लवको पार्टीलाई साथ दिन्छौँ । हामी जनता जालीफटाहा र दलालहरूलाई साथ दिँदैनौँ । यसबाट हामी समग्र जनता पीडित छौँ भनी केपी वली र प्रचण्डप्रति इशारा गर्दै भन्थे। कतिपय घरपरिवारमा त काङ्ग्रेस पार्टीमा लाग्दा त्यहाँ पनि जालीफटाहा र दलालहरू नै छन् भनी पूर्वएमाले पार्टीमा प्रवेश गरे तर यसमा पनि जालीफटाहा दलालहरू भएको देखेर ०६४ सालमा माओवादीलाई भोट हाले । यो माओवादीमा पनि केही इमानदारहरू राम्रो कुरा गर्छन् । केही जालीफटाहाहरू नै देखेँ। प्रचण्ड-बाबुरामहरु पनि जनतालाई सडकमा छोडेर आफू अलिसान महलमा बसे र जीवन बिताइरहेका छन्। गरिब जनताका छोराछोरीहरूको रगत बग्यो। यो सबै कुरा मनमा सम्झिँदा कुनै पार्टीमा नलागी स्वतन्त्र भएर बसेँ। कोही काङ्ग्रेसका मान्छे आएर फकाउँछन्। कहिले पूर्वएमालेका मान्छेले अहिले त माओवादीहरू पनि एमालेमा विलय भएर आफूलाई कम्युनिस्ट भन्छन्। व्यवहार त जालीफटाहा र दलालजस्तै छ। हिजोको भन्दा कर बढाइएको छ। जनता झनै पीडित भएका छन्। खुसी लाग्यो। माओवादी जनयुद्धका होनहार इमानदार नेता-कार्यकर्ताहरू मिली एउटा सच्चा कम्युनिस्ट पार्टी गठन गर्नुभएको छ। जनताको घरदैलोमा पुगी दुःखसुखका कुराहरू गर्नुभएको छ । बिरामी लिएर काठमाडौँ जाँदा एकताका वीर अस्पतालकै छेउमा खुला मञ्चमा कमरेड विप्लवको भाषण सुन्दा म धेरै प्रभावित भएको थिएँ। त्यो भाषण सुनेर अब फटाहा, जाली र दलालहरूलाई अन्त्य गर्ने पार्टी गठन भएको महसुस गरेँ र विश्वास पनि लाग्यो। त्यही पार्टीका नेता-कार्यकर्ता आज मेरै घरआँगनमा आएको देख्दा मलाई ज्यादै खुसी लाग्यो म सम्पूर्ण परिवारले पनि सदस्यता लिन्छ र अरूलाई पनि लिन लगाउँछु भने त्यही अनुकूल रामबहादुर श्रेष्ठ सिम्लेबेसी गोलन्जर ३ काले लगभग ५० वटा घरधुरीमा लगी पर्चा वितरण गर्दै राम्रो पार्टीको अभियान हो। अब जाली, फटाहा दलालसँग डराउनु पर्दैन, सदस्यता लिनु भन्थे।

अभियान कमान्डर पार्टी पीबीएम उमा भुजेलको असाध्यै मिहिन प्रत्यक्ष योजनाअनुसार अभियान टोलीमा हुने कुनै प्रकारको अवरोधबारे प्रत्यक्ष अवलोकन हुने गर्थ्यो जसबाट अभियान टोलीहरूले पनि ज्यादै उत्साहका साथ खाइनखाई, सुतीनसुती पर्चा वितरण, भित्तेलेखन, जवसको सदस्यता वितरण, पार्टी सेल समिति निर्माण, श्रमदान, कोणसभा, पिँढीसभा, मार्क्सवादी साहित्य वितरण, पूर्णकालीन कार्यकर्ता निर्माणबारे निर्देशित गरिरहनुभयो। उहाँले अभियानकर्ताहरूलाई जनताको घरपरिवारमा जाँदा कम्युनिस्ट विचार र व्यवहारबाट कुशल कार्यशैली अपनाउँदा कोही जनता पनि पार्टीबाट बेग्लै बस्नु हुन्न भनी निर्देशित गर्दै त्यसअनुकूल वास्तवमा गोलन्जर गाउँपालिका र सुनकोसी गाउँपालिकामा कोही जालीफटाहाबाहेक समस्त जनता पार्टीमा आबद्ध भए। त्यसैको निरन्तरतामा अन्य पार्टीबाट ध्रुवीकरण भई पार्टी प्रवेश गरिरहेका छन् । जालीफटाहा दलालहरू त्रसित भई अभियानका विरुद्ध पुलिस प्रशासनसमेत प्रयोग गर्न खोजे। त्यसको प्रतिवाद जनताले गरे । हाम्रो अभियानकर्ता जहाँ जान्थे जनतालाई अवगत हुन्थ्यो। पुलिसको ध्यान आउँदा जनताले अभियानकर्तालाई सूचना दिन्थे। कतिपय घरपरिवारका छोराहरू प्रहरी, सशस्त्र र नेपाली सेनामा कार्यरतलाई परिवारजनले फोन गर्थे । उनीहरूले पनि पार्टी राम्रो हो। सहयोग गर्नू भनी जबाफ फर्काउँथे। दलित बस्तीको घरदैलोमा जाँदा होनहार युवा, महिलाहरू ज्यादै खुसी हुन्थे। उनीहरू सचेततापूर्वक राजनीतिक बहस गर्थे। उनीहरूको भनाइमा अहिलेको वैज्ञानिक युगमा पनि मानिस-मानिसबीचको छुवाछूतको व्यवहार हुनु राज्यले कम्युनिस्टको सरकार भन्नु आध्यात्मिक संस्कृतिमा मन्त्री, प्रधानमन्त्री नेताहरू पूजापाठमा तल्लीन हुनु, धामी, झाँक्री, बोक्सीजस्ता विषयमा कुनै अङ्कुश नलगाउनु ब्राह्मणवाद भनी आध्यात्मिक संस्कृतिको प्रचारप्रसारमा लगानी गरी खर्च गर्नमा प्रोत्साहन दिनु यो नक्कली कम्युनिस्ट सरकारबाट दलित परिवारहरू दोहोरो अन्यायमा परेका छन्। यो मानवतामाथिको दोहोरो अन्यायका विरुद्ध असल कम्युनिस्ट पार्टीको नै आवश्यकता छ र त्यसले नै वर्गीय, जातीय विभेदको अन्त्य गर्नेछ भनी विश्वास लागेको छ । हामी दलित मुक्ति मोर्चा, पार्टीमा आबद्ध हुन्छौँ भनी सदस्यताहरू लिए।

जनजातिहरूको घरदैलोमा अभियानकर्ता जाँदा परिवारजनका युवा, महिलाहरूले पनि पीडाका साथ गुनासो पोख्थे। काम गर्ने कालु मकै खाने भालु भन्ने उदाहरण दिन्थे। राणाशासन र पञ्चायती व्यवस्थाका विरुद्ध हामी जनजातिहरूले सङ्घर्ष गर्‍यौँ । दसबर्से जनयुद्धमा हाम्रा दाजुभाइ, दिदीबहिनीहरू बलिदान भए तर दुईचारजना जनजातिलाई मन्त्रीको पद दिँदैमा सम्पूर्ण जनजातिहरू अधिकारबाट वञ्चित रहे। बच्चाहरू पढ्न जाँदा जान दुई घन्टा आउन दुई घन्टा पहाडको बाटो, अबोध बालबालिका पढ्न जान मान्दैन। हामी युवाहरू कक्षा ३ सम्म मात्र पढ्न सके स्वास्थ्य उपचारको व्यवस्था हुँदै अकालमै मर्नुपर्छ । यस्तो सम्झिँदा साह्रै दुःख लाग्छ । सरकार पनि दलाल र भ्रष्टाचारीहरूको छ। केही मुठीभर मान्छेहरूको जगजगी छ। हामी सबै जनजाति अन्यायमा नै परेका छौँ। नेतामार्फत विप्लवका लेख र भाषणहरू सुन्छौँ । राम्रो लाग्छ । कुनै बेला प्रचण्ड-बाबुरामजस्तै हुने हो कि भनी शङ्का लाग्छ । शङ्का मात्रै गरेर पनि हुँदैन । विश्वास पनि गर्नुपर्छ अब अहिलेको सरकारको विकल्पमा कमरेड विप्लवकै पार्टी हो भनी अधिकांश मान्छेको मुखबाट सुन्छौँ। तपाईंहरू घरआँगनमा आउनुभएको छ । विश्वास गरेर नै सदस्यता लिन्छौँ । सङ्घर्षमा जुट्छौँ भनी मगर मुक्ति मोर्चा, तामाङ मुक्ति मोर्चा र हायुहरूले सदस्यता लिए । बाहुन, क्षेत्रीको घरआँगनमा जाँदा सचेत युवा महिलाहरूले पनि केही मुठीभर बाहुनक्षत्रीहरू राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरूमा समग्र बाहुनक्षत्रीको जनजीवन राम्रो छ। हामी पनि गरिब छौँ। दुःख र पीडा छन्। घाँसदाउराका भरमा बाँच्नुपरेको छ। नेकपाका महासचिव विप्लवका लेखहरू पढेको छु। राम्रो लागेको छ। विश्वास पनि छ। यस पार्टीमा आबद्ध हुन्छु भनी सदस्यता लिएका थिए । सप्तरी, सिराहा, धनुषा, महोत्तरी र सर्लाहीका कपडा बेच्ने, माछा बेच्ने साधारण व्यापारीहरू भेट हुने गर्थे। उनीहरू अभियानकर्ताका विचारहरू सुनेर सीके राउत, उपेन्द्र यादव, राजेन्द्र महतोजस्ता मधेसीको नाम र टाउको देखाएर मधेसीलाई लुटिरहेका छन्, भ्रम दिइरहेका छन् । यिनीहरू पनि राजनीतिक दलालहरू नै हुन्। यस्तो अभियान मधेसी जनताको घरदैलो पनि पुग्नुपर्छ। हामी साथ दिन्छौँ भनेका थिए । यो अभियानले रोल्पाजस्तै सिन्धुलीमा जनआधार क्षेत्र बनेको छ जसमा दुईमहिने अभियानमा २८८ सङ्गठन निर्माण, श्रमदान ८ वटा १,०११ ठाउँमा नारा भित्तेलेखन, २,३७० जवसको सदस्यता वितरण, कोणसभा ३७५ ठाउँमा, १४ जना पूर्णकालीन सदस्य, १३,५०० पर्चा वितरण र मार्क्सवादी साहित्य वितरण भयो । अघिल्लो अभियान १ भन्दा पार्टीको दोस्रो अभियान माथिल्लो नेतृत्व र अनुकूल वस्तुगत अवस्थामा भएको थियो। पार्टी केन्द्रले पूर्वी कमान्डमा शक्ति केन्द्रित गरेर क्रान्ति र पार्टीको असन्तुलित विकास रोक्ने, पूर्वमा पार्टी विस्तार रोक्ने सरकारी षड्यन्त्रलाई असफल पार्ने रणनीति लिएको थियो । त्यसकारण अभियानको दूरगामी महत्व थियो । जनकपुरमा अभियानले प्रचारात्मकभन्दा सङ्गठन निर्माणमा मुख्य ध्यान केन्द्रित गरेर पार्टीको मूल मर्मलाई आत्मसात गरेको थियो।




## गीत/कविता

### प्रचण्ड-बाबुरामजस्तो

*उमा भुजेल 'शिलु'*



प्रचण्ड-बाबुरामजस्तो हामी हुँदै हैन
एकीकृत जनक्रान्तिमा धोका हुनेछैन

गरिबको सत्ता ल्याउन बन्दुक उठायौ
शोषित-पीडित जनतालाई बाटो देखायौ
विजयमा नपुग्दै, क्रान्तिको झन्डा बिसायौ
संसद्भित्र छिरेर, विदेशीलाई खुसी बनायौ
प्रचण्ड-बाबुरामजस्तो...

मार्क्सवाद होइन, संशोधनवाद लागू गऱ्यौ
गरिब जनताको कुरा गर्थ्यौ, शोषक वर्गमा पतन भयौ
दलाल व्यवस्था फेर्न होइन, सुदृढ गर्न लाग्यौ
हजारौँ बलिदानी गरायौ, क्रान्तिबाट तिमी भाग्यौ
प्रचण्ड-बाबुरामजस्तो...

जनताबाट भोट लिने, बहुमतको खेल खेल्ने
गरिबी, अभाव, महँगी, जनताले दिनहुँ झेल्ने
राष्ट्रियताको चर्को नारा दिँदै नदी-नाला सबै बेच्ने
दलालले देश चलाउने, विदेशीले झनै हेप्ने
प्रचण्ड-बाबुरामजस्तो...

जनताको आशा विश्वासमा बदल्नेछौँ
सहिदको सपना पूरा गर्नेछौँ
अधुरो-अपूरो क्रान्ति पूरा गर्नेछौँ
टुटेका क्रान्तिको कडी पुनः जोड्नेछौँ
प्रचण्ड-बाबुरामजस्तो...

दलाल व्यवस्था ढाल्नेछौँ
वैज्ञानिक समाजवाद निर्माण गर्नेछौँ
क्रान्तिलाई विजयसम्म पुऱ्याइछाड्नेछौँ
एकीकृत जनक्रान्तिको बाटोबाट अघि बढ्दैछौँ।
प्रचण्ड-बाबुरामजस्तो हामी हुँदै हैन
एकीकृत जनक्रान्तिमा धोका हुनेछैन

### महान तिम्रो सान

कुमार विश्वकर्मा

कमरेड गोकुल उपनाममा थियौ एक महान्
तिम्रो त्याग र साहसले उच्च थियो हाम्रो सान
विरासत पार गर्दै आज बेजोडको वीरता देखायौ।
सुगन्धित सुनौलो अक्षरले अमिट नाम लेखायौ।

परिवार त्यागी स्वतन्त्रताको मुक्तिलाई अँगाल्यौ।
जनयुद्धदेखि समाजवादसम्म क्रान्ति सँगाल्यौ।
नम्र बोली, विराट विश्वास कटिबद्ध थियो काम।
भुल्नेछैन धरती नभने वीर योद्धाको नाम।
निसङ्कोच निडर भएर अघि बढेथ्यौ काममा
इतिहासले सुनौलो शब्द राखिदियो तिम्रो नाममा
मुक्तिका निमित्त नमरी सहिद हुँदैन कोही
निःस्वार्थ बलिदानीबेगर मरे नि सहिद हुँदैन जोही।
अदम्य साहस देखायौ तिमीले प्रिय महान
तिमीमा गौरव गर्दै अझै उचो हुनेछ सान।
श्रद्धाञ्जली अर्पण गर्छौं तिमीलाई आज
पूर्ण श्रद्धाञ्जली अर्पित गर्नेछौँ समाजवादको माझ।
हामी निरन्तर हुनेछौँ एकीकृत जनक्रान्तिमा साथी
निरन्तर यात्रामा भए नि निष्पट् अँध्यारोको राती।
हाम्रो समाजवादको सपना कदापि अधुरो हुनेछैन कतै।
सफलताको शिखर नजिक छ कमरेडहरू जतै।
रहेन त के भो तिम्रो भौतिक शरीर विचार मरेको छैन
समाजवादका लागि भयो पार्थिव शरिर अन्यको लागि होइन।
विचार बलियो थियो बोकी समाजवाद भएर जस्तै फलाम
तिमीलगायत सम्पूर्ण सहिदलाई हाम्रो लालसलाम।

# नेकपाद्वारा अधिकारी र घिमिरेलाई कारबाही

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीले रौतहट जिल्ला इन्चार्ज शङ्कर अधिकारी र नारायणी ब्युरो सदस्य देव घिमिरे 'रमण' लाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको छ।

नेकपाको नारायणी ब्युरो इन्चार्ज मिलनले प्रेसविज्ञप्ति जारी गरी अधिकारी र घिमिरेले पार्टी नीतिविपरीत कार्य गरेको भन्दै कारबाही गरेको जनाएका छन्।

जारी विज्ञप्तिअनुसार दुवैजनाले पार्टीलाई नै गम्भीर आँच आउने किसिमको हर्कत गरेकाले कारबाही गरेको जनाइएको छ। साथै दुवै जनालाई यसअघि पनि पार्टी हितविरुद्ध कार्य गरेको ठहर गर्दै रूपान्तरणका लागि आवश्यक कारबाहीसहितको कदम चालेको अवस्थाबीच पुनः गलत कार्य गरेको पाइएपछि यसपटक साधारण सदस्य नै नरहने गरी कारबाही गरिएको जारी विज्ञप्तिमा उल्लेख छ।

चैत ८ गते काभ्रेको रोशी गाउँपालिकास्थित खानीखोलाबाट गिरफ्तार भई हालै मात्र ललितपुर जिल्ला अदालतको आदेशमा साधारण तारेखमा रिहा भएका थिए। त्यसबेला नेकपाको मध्यकेन्द्रीय कमान्ड इन्चार्ज सुदर्शनसहित ९ जनालाई प्रहरीले रातको समयमा गिरफ्तार गरेको थियो। तीमध्ये सुदर्शनसहित ४ जना पुर्पक्षका लागि नक्खु कारागारमा राखिएका छन्।

# नेकपाद्वारा कैलालीमा श्रद्धाञ्जली कार्यक्रम सम्पन्न

**कैलाली** : काठमाडौँको सुकेधारा र अनामनगर विस्फोटमा सहादत प्राप्त गरेका आफ्ना कार्यकर्ताको स्मृतिमा नेपाल कम्युनिस्ट पार्टी कैलालीले जेठ १८ गते श्रद्धाञ्जली कार्यक्रम सम्पन्न गरेको छ। सरकारले लगाएको प्रतिबन्धको उपेक्षा गर्दै उक्त कार्यक्रम गरिएको नेकपा कैलालीले जनाएको छ।

जेठ ८ गते भोजपुर प्रहरीद्वारा हत्या गरिएका कार्यकर्ता तीर्थराज घिमिरे, विस्फोटमा परी सहादत प्राप्त गर्ने महान, निरन्तर, दीपेन्द्र र प्रज्वलको स्मृतिमा श्रद्धाञ्जली कार्यक्रम आयोजना गरिएको थियो।

कैलाली जिल्ला इन्चार्ज विपीनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि पार्टीका केन्द्रीय सदस्य मुकेश रहेका थिए भने सेती-महाकाली ब्युरो सदस्य प्रशान्त, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका कार्यवाहक अध्यक्ष ललित, अछाम जिल्ला सेक्रेटरी जयसिंह, बझाङ जिल्ला सेक्रेटरी हरिलाल अजयलगायत अतिथि रहेका थिए।

श्रद्धाञ्जली कार्यक्रममा सम्बोधन गर्दै प्रमुख अतिथि मुकेशले राज्यले आफ्नो पार्टीलाई प्रतिबन्ध लगाएर फासिवादी दमनमा उत्रिएको बताउँदै जनतालाई साथमा लिएर एकीकृत जनक्रान्तिमार्फत दमनको प्रतिवाद गर्ने उल्लेख गरे। सरकारले पार्टीका कार्यकर्ता तीर्थराज घिमिरेलाई गोली हानी हत्या गरेको र सरकारी दमनको प्रतिवाद गर्ने क्रममा चारजना होनहार कार्यकर्ताले बलिदानी गरेको बताउँदै आफ्नो पार्टीले सहिदको सपना पूरा गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेका थिए।

# मिडिया काउन्सिल विधेयक फिर्ता नभए सडक आन्दोलन हुने

प्रेस स्वतन्त्रता सेनानीले गत वैशाख २६ गते संसद्मा दर्ता भएको मिडिया काउन्सिल विधेयक फिर्ता नलिइए सडक आन्दोलनमा जाने बताएका छन्। सोमबार संयुक्त प्रेसविज्ञप्ति जारी गर्दै उनीहरूले संसद्मा दर्ता भएको उक्त विधेयक फिर्ता लिएर सरोकारवालाहरूसँग छलफल गर्न सरकारसँग माग गरेका छन्।

विभिन्न समयमा नेपाल पत्रकार महासङ्घद्वारा प्रेस स्वतन्त्रता सेनानीबाट सम्मानित ३३ जना वरिष्ठ पत्रकार तथा लेखकहरूले संयुक्त विज्ञप्ति जारी गरेर संसद्मा दर्ता भएको उक्त विधेयक फिर्ता गराउन नेपाल पत्रकार महासङ्घद्वारा जारी आन्दोलनमा आफूहरूको ऐक्यबद्धता रहेको बताएका छन्। उक्त विधेयक नेपालको संविधान, लोकतान्त्रिक मूल्य र मान्यता एवम् प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्ध भएको प्रेस स्वतन्त्रता सेनानीहरूको दाबी छ।

विज्ञप्तिमा प्रस्तावित मिडिया काउन्सिल विधेयक नेपालको संविधान, लोकतान्त्रिक मूल्य र मान्यता एवम् प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्ध भएको ठहर गर्दै यो विधेयक फिर्ता वा संसद्मा छलफल हुनुपूर्व संशोधन नभएसम्म पत्रकार महासङ्घलगायत सङ्घ/संस्थाले थालेको अभियानमा प्रेस स्वतन्त्रता सेनानीहरूको निरन्तर साथ रहने उल्लेख छ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता नागरिकको मौलिक हक तथा मानवअधिकारको रक्षा पनि भएकाले प्रेस स्वतन्त्रताका अभियन्ता र आम नागरिकहरूको संयुक्त न्यायिक आन्दोलनमार्फत सफलता हासिल गरिछाड्ने उनीहरूको विश्वास छ। विज्ञप्ति जारी गर्नेहरूमा हरिहर विरही, गोपाल थपलिया, केशवराज पराजुली, भैरव रिसाल, दुर्गा बराल, रामरिझन यादव, मेघराज शर्मा, किशोर नेपाल, सुरेश आचार्य, कौशल चेम्जोङ, ताराकनाथ दाहाल, दिल सहानी, माधव आचार्य, गोविन्दसिंह थापा, सुशील गौतम, कुसुमकेशव पराजुली, कृष्णा ताम्राकार, गया यादव, रामनारायण देव, रीता गुरुङ, शिवबहादुर कार्की, याम प्रधान, बद्रीविनोद प्रतीक, नारायण भट्टराई, झपेन्द्र वैद्य, चिरञ्जीवी अर्याल, हर्ष सुब्बा, कन्हैयालाल केसरी, धर्मेन्द्र झा, गोपाल गुरागाईलगायत छन्।

# विद्यार्थीका जिल्ला नेता गिरफ्तार

**रोल्पा** : विद्यार्थीका जिल्ला नेता प्रदीप कवरलाई प्रहरीले गिरफ्तार गरेको छ। विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) रोल्पाका जिल्ला उपाध्यक्ष कवरलाई रोल्पाको लिबाङबाट प्रहरीले गिरफ्तार गरेको उक्त सङ्गठनले जनाएको छ।

उनलाई शुक्रबार गिरफ्तार गरेको जनाउँदै अखिल (क्रान्तिकारी) रोल्पाका अध्यक्ष शोभाराम रानाले प्रेसविज्ञप्ति जारी गरी गैरन्यायिक गिरफ्तारीको भर्त्सना गरेका छन्। उपाध्यक्ष कवरलाई रिहा गर्नसमेत उनले माग गरेका छन्।

## सरकारी नेकपाभित्र ...

जनवादका रूपमा अगाडि बढाउने कुरा उल्लेख गरिएको थियो तर प्रधानमन्त्री केपी वलीले मदन-आश्रित स्मृति दिवसका दिन जनताको बहुदलीय जनवादलाई समयानुकूल ढङ्गले सिर्जनात्मक प्रयोग गर्ने र त्यो छोड्न नमिल्ने अडान प्रस्तुत गरेका थिए। लगत्तै सोही कुराको समर्थन गर्दै अर्का नेता ईश्वर पोखरेलले उक्त विषयमा देशव्यापी छलफलमा जानेसमेत बताएका थिए। प्रचण्ड सहभागी कार्यक्रममै ईश्वर पोखरेलले यस्तो भनेपछि प्रचण्ड र पोखरेलबीच सवाल-जबाफ नै भएको थियो। वली पक्षधर नेता पोखरेलले पार्टीको अध्यक्ष र प्रधानमन्त्री एउटै व्यक्ति हुनुपर्ने अडान प्रस्तुत गरिरहेका छन्। उनले भन्ने गरेका छन्- दुई अध्यक्षबीचको सहमति जसरी बाहिर आयो, यसका लागि यो समय उपयुक्त थिएन। यसले दिने सन्देश, प्रभाव र परिणामसमेत नकारात्मक हुन्छ। उनले प्रचण्डहरूलाई सीधा भाषामा भनेका छन्, 'कसैले नयाँ विचार बनाऊँ भनेर हुँदैन। विचार भनेकै जनताको बहुदलीय जनवाद हो।'

यता सचिवालय सदस्य वामेदव गौतमले भने खुलेरै प्रचण्डका पक्षमा बोलेका छन्। सरकारको नेतृत्व परिवर्तन गर्ने सहमति उल्लङ्घन गरिए पार्टी एकता बिथोलिने दाबी गरेका छन्। शुक्रबार प्युठानमा पत्रकारहरूसँग कुरा गर्दै गौतमले भने, 'पार्टी एकता गर्दा गरिएको सहमति उल्लङ्घन गर्दा पार्टी एकता बिथोलिने भएकाले जे सहमति भएको हो त्यहीअनुसार जानुपर्छ।'

पार्टीभित्र विचार र सिद्धान्तको सवालमा पनि दुवै समूहमा र अझ प्रचण्ड समूहभित्र रहेका धेरै नेताहरू असन्तुष्ट भएका छन्। उनीहरूले अनौपचारिक छलफलहरूमा अब नयाँ पुस्ताले एउटा सफल क्रान्तिको नेतृत्व गर्नुपर्ने धारणा व्यक्त गरिरहेका छन्। उनीहरू अहिलेको यो प्रक्रियाबाट रुष्ट र निराश बनेका छन्। विगतमा जनयुद्ध लडेको पार्टीको नेतृत्व गरेको नेताको हैसियत गुमाउँदै जनयुद्धका उपलब्धि जसरी प्रचण्डले संसद्वादमा लगेर पतन गराए त्यसको परिणाम आज प्रचण्डहरू अपहेलित भएको महसुस गरिरहेका छन्। जनयुद्ध लडेको ठूलो शक्तिलाई पाखा लगाई अवसरवादी र संसद्वादीहरूसँग घाँटी जोड्न पुगेकै परिणाम प्रचण्डहरूलाई योभन्दा पनि धेरै ठूला जटिलता आइपर्ने विश्लेषण गरिन्छ। पूर्वएमालेहरू जनयुद्धलाई आत्मैदेखि क्रान्तिकारी आन्दोलनका रूपमा स्वीकार नगरी एउटा सशस्त्र द्वन्द्वका रूपमा मात्रै बुझ्ने गरेकाले पनि दुई पार्टीबीच विचार र भावनाको जगमा नभई सत्ता स्वार्थमा मात्र गरिएको एकता भएको कारण यो जतिबेला पनि चिरा पर्नसक्ने देखिन्छ। सतहमा देखापर्ने वैचारिक मतभेद सत्तास्वार्थमा देखिएकै कारण दुई अध्यक्षबीचको शक्तिसङ्घर्ष पार्टी विभाजनको सँघारमा पुग्ने देखिन्छ।

## प्रतिबन्ध चिर्दै...

नवलपुरका इन्चार्ज जुझारुले जनयुद्धको उद्देश्य देशमा जनताको राज्यसत्ता स्थापना गर्ने भए पनि त्यो पूरा नगरी प्रचण्ड-बाबुरामहरू संसद्वादमा पतन भएको बताए। उनले प्रचण्ड-बाबुरामहरूले सहिदहरूको सपनामा कुठाराघात गरे पनि सहिदका सपना पूरा गर्न अब लड्ने बेला आएको भन्दै सबै जनतालाई तयार रहन अनुरोध गरे। उनले कसैलाई पनि पार्टीविरुद्ध सुराकी नगर्न र अनावश्यक धरपकड नगर्ने समेत चेतावनी दिए।

यस्तै कपिलवस्तुमा सम्पन्न श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै कपिलवस्तु जिल्ला सेक्रेटरी सुनिल थारूले सरकारले तानाशाही प्रवृत्ति देखाउँदै कम्युनिस्ट पार्टीका नेता-कार्यकर्तालाई गोली हानेर मारेको भन्दै भोजपुरमा प्रहरीको गोली लागेर मारिएका तीर्थराज घिमिरेलाई प्रहरीले माथिकै निर्देशनमा योजनाबद्ध रूपमा हत्या गरिएको दाबी गरे। सरकारले गोली चलाएर जनताका आवाज कुल्चिन खोजी आफूहरू चुप लागेर नबस्ने चेतावनी दिए।

उता पूर्व झापाको बिर्तामोडमा पनि श्रद्धाञ्जली सभा सम्पन्न भएको छ। कार्यक्रममा पार्टीका जिल्ला सेक्रेटरी सुमनसिंहले आफ्नो पार्टीका निडर योद्धा, जुझारु, होनहार सपूतहरूले बगाएको रगतलाई खेर जान नदिने प्रतिबद्धता व्यक्त गरे। आफूहरू पनि बलिदानको कोटा चुक्ता गर्न मर्न तयार रहेको तर अन्याय, अत्याचार, हत्या र दमनका विरुद्ध झुक्न तयार नभएको प्रतिक्रिया दिए।

गत जेठ ७ गते भोजपुरको दिक्लामा प्रहरीको गोली लागेर तीर्थराज घिमिरेको निधन भएको थियो। सोही घटनाविरुद्ध सङ्घर्षको कार्यक्रम घोषणा गरेको समय आन्तरिक दुर्घटनामा गोकुल पुन मगर 'महान', विभुराम विश्वकर्मा 'दीपेन्द्र', कृष्ण भण्डारी 'निरन्तर' र प्रज्वल शाहीको सहादत भएको भन्दै नेकपाका नेताहरूले सबै सहिदहरूको सपना पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

### सहिदको सपना खेर जाँदैन

नेपाल कम्युनिस्ट पार्टी कास्कीले एकीकृत जनक्रान्तिको दौरानमा सहिद भएकाहरूको सम्झनामा श्रद्धाञ्जली कार्यक्रम सम्पन्न गरेको छ। देशव्यापी श्रद्धाञ्जली सभा मनाउने उक्त पार्टीको केन्द्रीय कार्यक्रमअनुसार पोखरामा पनि सभा सम्पन्न भएको हो। उक्त श्रद्धाञ्जली कार्यक्रममा बोल्दै नेकपा कास्की जिल्ला इन्चार्ज रूपेशले सहिदहरूले बगाएको रगत खेर जान नदिने प्रतिबद्धता व्यक्त गरे। उनले राणाहरूले काङ्ग्रेसलाई, पञ्चहरूले कम्युनिस्टलाई र राजतन्त्रले माओवादीलाई लगाएको प्रतिबन्धको शृङ्खलाका रूपमा वली सरकारले आफ्नो पार्टीमाथि प्रतिबन्ध लगाएको बताए। राज्यको प्रतिबन्धले पार्टीलाई अझ बलियो बनाएको र प्रतिबन्धको प्रतिरोध गर्दै सम्पूर्ण जनताले खुलेर साथ दिएको बताउँदै निकट भविष्यमै क्रान्तिकारी आन्दोलन नयाँ चरणमा पुग्ने विश्वास व्यक्त गरेका।

कार्यक्रममा बेपत्ता योद्धा पूर्ण पौडेलकी आमा मोतीमाया पौडेलले जनतालाई मुक्ति र परिवर्तनको आस देखाएर आज भ्रष्टाचारमा चुर्लुम्म डुबेको बताइन्। प्रकाश दाहालको मृत्यु हुँदा सीता दाहाल मानसिक रोगी भएको बताउँदै पौडेलले भनिन्, 'छोराको मृत्यु हुँदा सीता दाहाल मानसिक रोगी भइन्। मेरो छोरा घर नफर्केको २० वर्ष भयो, मैले कसरी सहेँ हुँला ?' पौडेलले विप्लव अब एक्लो नभएको र उनको धेरै ठूलो जनमत रहेको भन्दै क्रान्तिकारीहरूलाई निरास नहुन आग्रह गरिन्।

कार्यक्रममा बोल्दै प्राध्यापक हिमलाल पराजुलीले जनताका छोराछोरी मारेर सत्तामा हालीमुहाली गर्ने खराब संस्कारको बिकास भएकाले अबको आन्दोलन त्यस्तो हुन नहुने धारणा व्यक्त गरेका थिए। कास्की जिल्लाबाट जनयुद्धका क्रममा सहिद हुनेहरूको नाम पढेर सुनाउँदै पराजुलीले सहिदहरूको लाम फेरि थपिएको र बेपत्ता घाइतेहरूको सपना पूरा गर्नुपर्नेमा जोड दिए। कार्यक्रममा प्रतिबन्धपछि राज्यले पक्राउ गरेर छाडेकाहरूको हिरासत अनुभव सुनाइएको थियो। हिरासत अनुभव सुनाउँदै कास्की जनसरकार प्रमुख रामकाजी गुरुङले हिरासतमा प्रहरीको व्यवहार अति अमानवीय रहेको बताए।

कार्यक्रममा हिरासत बसाइपछि रिहा भएका विद्यार्थी नेता प्रकाश बास्तोला, मजदुर नेता अमृत र जनसरकार प्रमुख रामकाजी गुरुङलाई सम्मान गरिएको थियो। एकीकृत जनक्रान्तिमा सहादत प्राप्त गर्नुहुने सातजना सहिदको तस्बिरमा अबिर लगाएर सम्मान गरिएको थियो। नेकपा कास्कीका सेक्रेटरी आक्रोशले सञ्चालन गरेको कार्यक्रममा पचासभन्दा बढी नेता-कार्यकर्ताको उपस्थिति थियो। कडा सुरक्षा चुनौतीका बीचमा कार्यक्रम सानदार रूपले समपन्न भएको नेकपा कास्कीले जनाएको छ।

## पदम राई ...

उनले उक्त जानकारी दिएका हुन्।

प्रकाण्डले विज्ञप्तिमा भनेका छन्, 'रूपान्तरण र उपचारको अथक प्रयास गर्दागर्दै असम्भव भएपछि र पार्टी नीति र कार्यक्रमका विरुद्ध गएपछि गत स्थायी समिति बैठकले निलम्बन गरेका पदम राई झन्झन् पार्टीका विरुद्ध अन्तरध्वंस र अपराधपूर्ण कार्यमा संलग्न भएकाले पार्टी साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरिएको छ।'

प्रकाण्डले विज्ञप्तिमा भनेका छन्, 'क्रान्तिको कठिन तर महान् प्रक्रियामा टिक्न नसकेका कैयौँ कचराहरू पलायन हुने क्रान्तिको अनिवार्य नियम हो र हाम्रो पार्टीका सन्दर्भमा पनि त्यो त्यत्तिकै सत्य हो।'

विज्ञप्तिमा भनिएको छ, 'नेपालका सर्वहारा वर्ग, श्रमिक तथा उत्पीडित जनसमुदायको अग्रदस्ता हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा वैज्ञानिक समाजवादी क्रान्ति निरन्तर अगाडि बढिरहेको छ। यो भीषण र पेचिलो सङ्घर्ष पुँजीपति वर्ग र सर्वहारा वर्गका बीचको दुई विश्वदृष्टिकोणको लडाइँ पनि हो। यो लडाइँमा सामाजिक दलाल फासिवादी वली-प्रचण्ड मण्डलीको सरकारले दमनका सबै हर्कत जारी राखेको छ। तर यो दलाल पुँजीपतिवर्गको प्रतिनिधि सरकार जनताबाट अलग-थलग बन्दै गएको छ।'

अगाडि भनिएको छ, 'पार्टीबाट पलायन भएर, कारबाहीमा परेर सामाजिक दलाल पुँजीपति सरकारको मतियार बनेका तत्वहरूको भ्रममा नपर्न तथा सचेत रहन सम्पूर्ण पार्टी पङ्क्ति र जनसमुदायमा अपिल गरिन्छ।

### राई किन कारबाहीमा परे

विप्लव नेतृत्वको नेकपाका पीबीएम रहेका पदम राई 'विकास' चैतमा सम्पन्न स्थायी समितिको बैठकबाटै निलम्बनमा परेका थिए। आइतबार उनी पार्टीको साधारण सदस्यबाटै निष्कासित भए। त्यो घटना एकाएक भएको नभएर त्यसको लामो प्रक्रिया र कारण छ। राई पूर्वसभासद् र राज्यमन्त्रीसमेत भएका हुन्। सरकारी पदको जागिर सकिनासाथ उनी जोरपाटीमा जग्गा भाडामा लिई तरकारी खेती गर्थे। दुई लाइन सङ्घर्ष चलिरहेको बेला उनी निजी सङ्घर्ष गर्दै थिए। प्रचण्ड र वैद्य नेतृत्वको पार्टी फुट्दा उनी वैद्यको नेतृत्वतिर लागे। वैद्य र विप्लवका बीचमा दुई लाइन सङ्घर्ष चलिरहँदा राईको कुनै भूमिका थिएन, बरु उनले क्रान्तिकारीहरूलाई असहयोग गरिरहेका थिए। नेकपाको उदयमा कोसेढुङ्गा मानिने शिवगढी भेलामा उनी सहभागी भएनन् तर वैद्यहरूसँग विद्रोह गरेर अलग पार्टी घोषणा मङ्सिरमा काठमाडौँको जमलस्थित राष्ट्रिय नाँचघरमा भएको पार्टी घोष्णासभामा अन्तिममा राई ढाँकाटोपी ढल्काउँदै देखा मात्रै परेनन् मञ्चमै गएर बसे। कम्युनिस्ट पार्टीमा दुइलाइन सङ्घर्षमा व्यक्तिको भुमिकालाई मुल्याङ्कनको एउटा महत्वपूर्ण आधार मानिन्छ। तर प्रचण्डदेखि वैद्यसँगको पेचिलो सङ्घर्ष र क्रान्तिकारी पार्टी निर्माणमा भूमिका नभए पनि उनलाई पूर्वी क्षेत्रको नेताको हैसियतमा पीबीएम बनाइयो। नेकपाद्वारा गठित जनसरकारको उपाध्यक्ष (नेकपाको अर्थमा त्यो पदलाई उपराष्ट्रपतिसरह मानिन्छ) मा थिए। राईलाई पार्टीले गरेको अति मूल्याङ्कनको कारण वर्गसङ्घर्ष र अन्तरसङ्घर्षलाई मूल्याङ्कनको आधार नबनाइएको र भावना बगेर पार्टी निर्णय भएको भन्ने कतिपय माओवादी निकट सञ्चारले टिप्पणी पनि नगरेका होइनन्। तर कुकुरलाई घ्यू पचेन भनेझैँ उनी सधैँ पैसा र पदको भोको रहे। पार्टी नीति र कार्यक्रमका विरुद्ध बोल्न थाले। थबाङ महाधिवेशनमा कोसी ब्युरो इन्चार्ज रहेका राईले बैठकमै एकजना कार्यकर्तालाई झकुरेपछि ब्युरो इन्चार्जबाट हटाइयो। त्यसपछि जनसरकारको काम दिइयो। त्यो काम पनि गरेनन्। पार्टी भूमिगत गयो भने म पत्रकार सम्मेलन गरेर बाहिरिन्छु भन्न थाले। २०७५ माघ १ गतेदेखि देशभर अभियान चल्यो तर स्पष्टीकरण नलिईकन उनलाई जिम्मेवारी नदिने स्थायी समितिको निर्णय भयो। उनी त्यसका लागि स्पष्टीकरण दिन तयार भएनन्। सरकारले नेकपामाथि प्रतिबन्ध लगाएपछि उनी गृह मन्त्रालयका कर्मचारीद्वारा सञ्चालित सञ्चारमार्फत पार्टी नीतिविरुद्ध अनधिकृत रूपमा बोल्न थाले। त्यसपछि गत चैतमा सम्पन्न स्थायी समिति बैठकले उनलाई पीबीएमबाट अनिश्चित कालका लागि निलम्बन गरेको थियो। प्रचण्ड र वैद्यबाट अलग भएपछि क्रान्ति पूरा गर्ने तर जोखिम नगर्ने, बलिदान नगर्ने र निजी स्वार्थ पूर्ति गर्ने (विद्रोहलाई निजी स्वार्थ पूर्तिको साधनसम्म कैद गर्ने) स्रोत बनाएका राई वर्गसङ्घर्ष पेचिलो बन्दै गएपछि पलायन भए। नेकपामा ध्रुवीकृत हुने र पलायन हुनेको सूची लामै छ। यसप्रकारको स्थिति कम्युनिस्ट आन्दोलन र वर्गसङ्घर्षको इतिहासमा नयाँ भने होइन। यसलाई क्रान्तिको अनिवार्य नियमका रूपमा बुझ्ने गरिन्छ।

## सुरक्षा निकायमाथि ...

उद्देश्यले सोलुखुम्बुमा आफ्नो पार्टीद्वारा प्रहरी चौकी आक्रमण गर्ने प्रचारबाजी गरेको र उक्त षड्यन्त्रपूर्ण प्रचारबाजीप्रति आफ्नो पार्टीको ध्यानाकर्षण भएको बताएका छन्।

प्रवक्ता प्रकाण्डको विज्ञप्तिमा पूर्वी नेपालमा दमन गर्ने उद्देश्यअनुरूप झूट्टा समाचार प्रसारण गराइएको उल्लेख गरिएको छ।

एकाएक सामाजिक सञ्जालमा सोलुखुम्बुमा विप्लव नेतृत्वको नेकपाले प्रहरी चौकी आक्रमण गर्ने हल्ला सार्वजनिक भएपछि नेकपाले आफ्नो आधिकारिक भनाइ सार्वजनिक गर्न विज्ञप्ति जारी गरेको हो।

उता सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी नरेन्द्र रानामगरले पनि प्रहरीचौकी आक्रमणको कुनै सूचना र हल्ला नभएको र त्यहाँ प्रहरी पनि परिचालित नभएको सञ्चारमाध्यमलाई बताएका छन्।

नेकपा सोलुखुम्बुका स्थानीय नेताहरूले पनि अनावश्यक रूपमा वातावरण उत्तेजित बनाउनका लागि चौकी आक्रमणको हल्ला फैलाइएको बताएका छन्।

नेपाल कम्युनिस्ट पार्टीले पहिलेदेखि नै आफ्नो पार्टीको सङ्घर्ष दलाल र भ्रष्टाचारीहरूसँग भएको तर सुरक्षा निकायमा आक्रमण गर्ने कुनै योजना नरहेको बताउँदै आएको छ। यस्ता समाचारलाई आफ्नो पार्टी र सुरक्षा निकायबीचको दूरी बनाउने बनावटी प्रचारबाजी मात्र भएको पनि नेकपाले बताउँदै आएको छ।

## नेकपा उपत्यका ...

प्रहरी बलका पूर्वआईजी सिंहबहादुर श्रेष्ठको घरमा बम राख्ने तयारी गरेको तर आफैँ विस्फोट भएको भनी कपोलकल्पित, तथ्यहीन, बिनाआधार भ्रामक र उत्तेजना फैलाउने गलत नियतमा आधारित समाचार सम्प्रेषण गरेको पाइयो। यस आधारहीन समाचारप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ। पीतपत्रकारिताको शैलीमा पार्टी र क्रान्तिका विरुद्ध यस्ता खालका गलत र भ्रामक समाचार अबउप्रान्त नलेख्न र भ्रम नफैलाउन सम्बन्धित पक्षलाई हाम्रो पार्टी यसै विज्ञप्तिमार्फत आग्रह गर्दछ।'

## विप्लवसँग ...

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले नेकपाका महासचिव विप्लवदेखि पूर्वराजासम्मलाई सहभागी गराएर गोलमेच सम्मेलन गर्न र मुलुकमा बढ्दो राजनीतिक सङ्कट समाधान गर्न सरकारसँग माग गरेका छन्।

बुटवलमा मङ्गलबार राप्रपा प्रदेश नं ५ कार्यालय उद्घाटन गर्दै थापाले गणतन्त्र, सङ्घीयता र धर्मनिरपेक्षताको सफल कार्यान्वयन हुन नसकेको बरु थप जटिलता उत्पन्न भएकाले समीक्षा गर्ने बेला आएको पनि बताए। पूर्वराजादेखि विप्लवसम्म अटाउने मौलिक प्रजातन्त्रको विकास गरी देशमा दिगो शान्ति कायम गर्न गोलमेच सम्मेलन गर्नुपर्ने उनको भनाइ थियो।

थापाले भने, 'लोकतन्त्रको विकल्प छैन तर राष्ट्रिय सहमतिका आधारमा संवैधानिक राजादेखि विप्लवसम्म अटाउने राजनीतिक प्रणाली आवश्यक भइसक्यो। गणतन्त्र, सङ्घीयता र धर्मनिरपेक्षतामाथि प्रश्न उठेको छ। समाधानका लागि नयाँ सहमतिमा जानुपर्छ।'

थापाले राजतन्त्रको अन्त्यपछि पनि बेरोजगारी, भ्रष्टाचार, मौलिक धर्मसंस्कृतिमाथि आक्रमण, राष्ट्र विखण्डनको चुनौती, लोकतन्त्रको आवरणमा सर्वसत्तावाद र विप्लव माओवादीको नयाँ द्वन्द्वको जन्मजस्ता समस्या र विषय कायमै रहेकाले गोलमेच सम्मेलन गर्नुपर्ने तर्क राखे। उनले भने, 'माओवादी हिंसा सदाका लागि अन्त्य गर्न राजतन्त्रको अन्त्य गरिएको, सङ्घीयता र धर्मनिरपेक्षता ल्याएको भनियो तर माओवादीको हिंसा नयाँ रूपमा सुरु भइसकेको छ। राजधानीमै बम आतङ्क भएको छ। सोलुखुम्बुको एक गाउँमा प्रहरीहरू चौकी छाडेर भागाभाग गरेका छन्। बन्द-हडताल रोकिएको छैन।'

लोकतन्त्रको आवरणमा वली सरकारले लुटतन्त्र मच्चाएको र सर्वसत्तावाद उन्मुख भएको थापाले बताए। 'अहिल्यै सर्वसत्तावाद आइसक्यो भन्न नमिले पनि मिडिया काउन्सिल विधेयक, सेना प्रमुखलाई उपेक्षा गरेर सेना परिचालन गर्न सक्ने, न्यायपालिका र संवैधानिक अङ्गहरूमा पार्टीकरणको प्रयासले सरकार क्रमशः र विस्तारै सर्वसत्तावादमा जाने निश्चित देखिन्छ', थापाले भने, 'एकपछि अर्को ठूलाठूला भ्रष्टाचारका काण्डलाई रोक्न र सर्वसत्तावादलाई रोक्न सरकार इतरका दल र शक्तिहरूबीच सहकार्य अपरिहार्य छ।'

समाचार

# भ्रष्ट त्रिवि सेवा आयोगविरुद्ध अखिल (क्रान्तिकारी)

काठमाडौँ । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) ले त्रिभुवन विश्वविद्यालयअन्तर्गतको सेवा आयोग खारेजीको माग गर्दै सुरु गरेको अनसन १६ औँ दिनमा प्रवेश गरेको छ। अखिल क्रान्तिकारीले जेठ ६ गतेबाट सेवाआयोग खारेजीको माग राख्दै कार्यालयको मूलगेटमा अनिश्चितकालीन रिले अनशन जारी राखेको हो।

योग्यता र क्षमताका आधारमा भन्दा पनि राजनीतिक पहुँच र भागबन्डाका आधारमा त्रिवि सेवा आयोगले कर्मचारी भर्ती गरेको भन्दै भ्रष्ट त्रिवि सेवाआयोग खारेजीको मागसहित आफूहरूले रिले अनशन सुरु गरेको सङ्गठनका महासचिव पेशल दाहालले बताए।

उनल भने, 'भ्रष्ट त्रिवि सेवा आयोगको खारेजी, भ्रष्ट कर्मचारीको निलम्बन, अवैधानिक र राजनीतिक रूपमा भागबन्डा गरी प्रकाशित परीक्षाको नतिजा खारेज नगरेसम्म अनशन जारी रहने पनि बताए।

अनशनमा ऐक्यवद्धता जनाउन क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य, शिक्षाविद् डा. विद्यानाथ कोइराला, प्रा. डा. सुरेन्द्र केसी, प्रा.डा.मुकेश चालिसेलगायत कीर्तिपुर पुगेका थिए।

# नेकपाका नेता–कार्यकर्ता रिहा

विभिन्न समयमा पक्राउ परेका नेकपाका नेता-कार्यकर्ता रिहा भएका छन्। नेपाल कम्युनिस्ट पार्टी निकट विद्यार्थी सङ्गठन अखिल क्रान्तिकारीका ५ नेता अदालतको आदेशमा रिहा भएका हुन्। जेठ १० गते एनसेल र बालुवाटार जग्गा प्रकरणका विरुद्ध प्रदर्शनको क्रममा शान्तिबाटिकाबाट गिरफ्तार भएका नेकपाका नेता-कार्यकर्ता रिहा भएका हुन्।

रिहा हुनेहरूमा नेकपा निकट अखिल क्रान्तिकारीका केन्द्रीय सचिवालय सदस्य वीरेन्द्र लुहार, ललितपुर जिल्ला उपाध्यक्ष रमेश सुनार, काठमाडौँ क्याम्पस जिल्ला सचिव तारा सञ्जाल र सदस्य बुद्धहाङ राई सर्वोच्च अदालतबाट रिहा भएको अखिल क्रान्तिकारीका सचिवालय सदस्य तथा लुम्बिनी ब्युरो इन्चार्ज वीरेन्द्र विकले जनाएका छन्।

यस्तै नुवाकोट घर भएका नेकपाका ब्युरो सदस्य विशाल तामाङ र दाङका नुमबहादुर विक 'आशीष' पनि जनही १० हजार धरौटीमा आइतबार रिहा भएका छन्। उनीहरू चैत पहिलो साता काभ्रेबाट पक्राउ परेका थिए।

# महासङ्घका केन्द्रीय नेता पक्राउ

**काठमाडौँ** : यही मिति २०७६ जेठ १२ गते अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका केन्द्रीय सदस्य एवम् गलैंचा मजदुर सङ्घको केन्द्रीय अध्यक्ष बुमुरा कोमोर्चालाई काठमाडौँको कोटेश्वरबाट सरकारले पक्राउ गरिएको छ।

आफ्नो नियमित काममा हिँडिरहेको बेला उनलाई पक्राउ गरिएको हो। नेकपाको १३ गतेको बन्दको अघिल्लो दिन बन्दकर्ताको आरोप लगाउँदै प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेको खबर छ। उक्त गिरफ्तारीको विरोध गर्दै महासङ्घले कडा निन्दा गरेको छ। विभिन्न समयमा बिनाकारण मजदुर नेताहरू गिरफ्तार गर्ने, यातना दिने, मुद्दा चलाउनेजस्ता अमानवीय कार्य सरकारले तत्काल रोक्नुपर्ने भन्दै यस्ता गतिविधि राज्यले जारी राखे श्रमिक मजदुर वर्गले यस्ता कार्यको सशक्त प्रतिरोध गर्ने जनाउँदै महासङ्घका अध्यक्ष अमर झाँक्रीले कडा आपत्ति जनाएका छन्।

# जग्गा अतिक्रमणविरुद्ध स्थानीय

**चितवन** : गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण गर्ने नाममा रामपुरमा अवस्थित कृषि तथा वनविज्ञान विश्वविद्यालयको जग्गा अतिक्रमण गर्ने कामका विरुद्ध स्थानीय जनता र नेकपा चितवनले विरोध जनाएका छन्।

शुक्रबार नेकपाका जिल्ला सेक्रेटरी ध्रुवले प्रेसविज्ञप्ति जारी गर्दै रङ्गशाला रामपुरबाट अन्यन्त्र सार्न माग गरेका छन्। भरतपुर महानगरपालिकास्थित कृषि तथा वन विश्वविद्यालयको २० बिघा ६ कट्ठा जमिनमा गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण गर्न लागेको प्रति विरोध रहेको जनाउँदै विज्ञप्तिमा भनिएको छ, 'चितवनका अन्य स्थानमा निर्माण गर्ने विकल्प हुँदाहुँदै सत्ताशक्ति दुरुपयोग गरेर कृषि र वन विश्वविद्यालयको जग्गा अतिक्रमण गरी क्रिकेट रङ्गशाला बनाउने कुरा विश्वविद्यालय र विद्यार्थीको हितमा समेत छैन।'

रङ्गशाला निर्माणका विरुद्ध जेठ १५ गते सडकमा उत्रिएका स्थानीयलाई गिरफ्तार गरिएको घटनाको विरोध गर्दै नेकपाले गिरफ्तार गरिएका सबैलाई बिनासर्त रिहा गर्न माग गरेको छ। विश्वविद्यालयको हाताभित्र कृषि र वनसँग सम्बन्धित बाहेक अरू कुनै पनि संरचना नबनाउन र जमिन अतिक्रमण रोक्न पनि नेकपाले अनुरोध गरेको छ। विज्ञप्तिमा भनिएको छ, 'यसलाई अटेर गरिरहेमा हाम्रो पार्टी विश्वविद्यालयको जमिन रक्षार्थ जस्तोसुकै कदम चाल्न बाध्य हुनेछ र त्यसबाट उत्पन्न हुने सम्पूर्ण परिस्थितिको जबाफदेही भरतपुर महानगरपालिका र सम्बन्धित लगानीकर्ता, गैरसरकारी संस्था हुनुपर्नेछ।'

नेपालमा कृषि वनसँग सम्बन्धित अनुसन्धानमूलक विश्वविद्यालय एउटा मात्र रहेको छ। खाद्य सुरक्षाका लागि नयाँ बिउ, नयाँनयाँ रोगका विषादी उत्पादन गर्न हजारौँ प्रकारका अनुसन्धान र विभाग आवश्यक पर्दछ। पशुसम्बन्धी सयौँ अनुसन्धान अनिवार्य छ। हरेक विभागीय अनुसन्धानका लागि जमिन पूर्वसर्त हो। यही विश्वविद्यायले त्यतिकै विशाल र महत्वपूर्ण वन विज्ञानको भार वहन गर्नुपरेको छ। नेपाल कृषिप्रधान देश मानिन्छ। कृषिको आधुनिकीकरण र विकास नगरी औद्योगिकीकरण सम्भव छैन। त्यसकारण विश्वविद्यालयले राम्रोसँग काम गर्ने हो भने भएकै जमिन अपुग हुन सक्छ। त्यस्तो अवस्थामा कलेजलाई जग्गा थप्नुको सट्टा अतिक्रमण गर्नु दीर्घकालीन, अविवेकीय, गैरजिम्मेवार र प्रचारमुखी हर्कत मात्र हुन जान्छ। रङ्गशाला निर्माणका लागि भण्डारा, खैरहनी, टिकौली, गुन्जनगरलगायत स्थानमा जग्गा नभएको पनि होइन। त्यसकारण कृषि र वन विश्वविद्यालयको दीर्घकालीन हितविरोधी रङ्गशाला बनाउने कार्य उक्त स्थानबाट स्थानान्तरण गर्नु मुलुककै हितमा हुन जान्छ।

# छायादेवी र सम्पदा बचाउन बृहत् हस्ताक्षर अभियान

■ **रातो खबर संवाददाता**/काठमाडौँ

काठमाडौँ र ठमेलस्थित छाया सेन्टर र असनको कोथुननि बचाउन असन चोकमा बृहत् हस्ताक्षर अभियान सुरु भएको छ। शनिबारदेखि सुरु भएको अभियानमा उल्लेख्य मात्रामा सम्पदाप्रेमीहरूले हस्ताक्षर गरेको अभियान टोलीले जनाएको छ।

उपत्यकाका तीनै जिल्ला काठमाडौँ, भक्तपुर र ललितपुरको सम्पदा क्षेत्रमा हस्ताक्षर अभियान सञ्चालन गर्ने र हस्ताक्षर अभियानमा सम्पदाप्रेमी, स्थानीय बासिन्दा, सरोकारवाहरूसँगै सर्वसाधारण सबैले सहयोग गर्ने विश्वास व्यक्त गर्दै १० हजारभन्दा बढी हस्ताक्षर सङ्कलन गर्ने योजना रहेको अभियानका संयोजक नमस्ते सायमीले बताए।

राज्यले स्थानीय सम्पदा, गुठी घर, सम्पदा क्षेत्रमा विकासका नाममा हस्तक्षेप गरिरहेको सम्पदा अभियन्ताहरूको आरोप छ।

असन घडी घर (कोथुननि) पनि ऐतिहासिक महत्व बोकेको सम्पदा भएको सायमीको धारणा छ। उनले भने, ' कोथुननिमा पुस्तौँपुस्तादेखि बस्दै आएका १४ परिवारले कोथुननिको महत्वलाई जोगाइराखेका छन् तर आज अचानक गुठी संस्थान त्यहाँ व्यापारिक कम्प्लेक्स बनाउन लालायित देखिएको आरोप लगाएका छन्।

यसअघि समितिले असन चोकमा सम्पदाप्रेमी, जनप्रतिनिधि, सरोकारवालाहरूको उपस्थितिमा बृहत् सभा गरेको थियो। सायमीले असन कोथुननिसँगै ठमेलको कमलपोखरी मासेर बनाएको छायादेवी कम्प्लेक्सविरुद्ध पनि यो हस्ताक्षर अभियान भएको बताए।

ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्व बोकेको कमलपोखरी मासेर राज्यशक्तिको दुरूपयोग गरी व्यापारिक कम्लेक्स छाया सेन्टर निर्माण भएदेखि नै स्थानीय सम्पदा अभियन्ताहरूले यसविरुद्ध चरणबद्ध आन्दोलन गरिरहेका छन्।

# गिरफ्तारीप्रति माओवादी केन्द्रको घोर भर्त्सना

**काठमाडौँ** : गणतन्त्र दिवस मनाइरहेका नेकपा (माओवादी केन्द्र) का महासचिव कर्णजित बुढाथोकीसहित पाँच नेतालाई प्रहरीले गिरफ्तार गरेपछि सचिव मैनालीले बुधबार विज्ञप्तिमार्फत कडा चेतावनी दिएका छन्।

विज्ञप्तिमार्फत मैनालीले गिरफ्तारीप्रति घोर आपत्ति प्रकट गर्दै तत्काल रिहा गर्न जोडदार माग गरेका छन् र तत्काल रिहा नगरे सशक्त ढङ्गले आन्दोलन गर्ने चेतावनीसमेत दिएका छन्।

ललितपुर महानगरपालिकाका कार्यालयको

सम्पत्ति कर (घर जग्गा कर) तथा घर/जग्गा बहाल कर सम्बन्धी

जरुरी सूचना

ललितपुर महानगरपालिकाको आर्थिक ऐन २०७५ बमोजिम चालु आ.व. ०७५/०७६ को सम्पत्ति कर तथा घर/जग्गा बहाल कर २०७६ आषाढ मसान्तभित्र चुक्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गरिन्छ। अन्यथा आगामी आ.व. ०७६/०७७ को श्रावणदेखि बक्यौता सम्पत्ति करको बक्यौतामा १०% र बहाल कर बक्यौतामा १५% थप जरिवाना लाग्ने हुँदा समयमा कर चुक्ता गर्नु भै जरिवानबाट मुक्त हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

राजश्व प्रशासन महाशाखा

थप जानकारीका लागि सम्पर्क नं. ५५२६५९८, www.lalitpurmun.gov.np

Discuss your Study Options with us...

KIEC



Study in Australia

With Scholarship

1259 Dillibazar Road, Kathmandu, Nepal

Ph: 01 4443526

Email: info@kiec.edu.np

Enroll For IELTS/PTE

www.kiec.edu.np

छिटो, छरितो, भरपर्दो, सरल

सस्तो दरमा डकुमेण्ट, पार्सल तथा कार्गो नेपालको हरेक ठाउँमा पठाउनु परेमा यती एअरलाइन्समा सम्पर्क गर्नुहोला।



सम्पर्कः ०१ ४४८६१५७, ०१ ४४६५८८८ Ext. १०४, ११८,

Yeti Airlines

You come first

www.yetiairlines.com

Yeti Airlines operates 7 Jetstream-41 advanced turbo prop aircrafts catering to widest network sectors every day.

Yeti Airlines Domestic Pvt. Ltd. Corporate Office: Tilganga, Kathmandu, Tel: 4465888 Fax: 4465115 Reservations: 4464878 (Hunting Line), Kathmandu Airport: 4493901 Email: reservations@yetiairlines.com •Bhadrapur: 023-455232•Biratnagar: 021-536612•Tumlingtar: 029-575120•Janakpur: 041-520047•Bharatpur: 056-523136•Pokhara: 061-464888•Bhairahawa: 071-527527•Nepalgunj: 081-526556•Dhangadi: 091-520004

For any service suggestions, call 977-1-4465888 (Ext. 621) or email us at feedback@yetiairlines.com

निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ